# विषय सूचि


परिच्छेदः १ ........ ५

१ परिचय ........ ५

१.१ पृष्ठभूमि ........ ५

१.२ ऐतिहासिक पृष्ठभूमि ........ ६

१.३ भौगोलिक अवस्थिति ........ ७

१.४ पारिवारिक विवरण तथा जनसङ्ख्याको अवस्था ........ ७

१.४.१ मुख्य बस्तीहरूको विवरण ........ ७

१.५ वडागत रुपमा जनसङ्ख्या विवरण ........ 8

१.६ लिङ्ग अनुसारको जनसङ्ख्या विवरण ........ 9

१.७ उमेर र लिङ्ग अनुसार जनसङ्ख्या विवरण ........ 9

१.८ जातिगत जनसङ्ख्याको विवरण ........ 11

१.९ वडागत घरमुलीको विवरण ........ 12

१.१० अपाङ्गताकोअवस्था ........ 12

१.११ शैक्षिक अवस्था ........ 13

१.११.१ लिङ्गका आधारमा शैक्षिक अवस्था ........ 14

१.११.२ तहगत रुपमा विद्यालय तथा विद्यार्थी विवरण ........ 15

१.११.३ तहगत शिक्षक तथा कर्मचारी विवरण ........ 16

१.११.४ विद्यालय स्तरमा रहेका वालक्लवको विवरण ........ 16

१.१२ भू-उपयोग र स्वामित्व ........ 18

१.१२.१ गाउँपालिकाको वर्तमान भू-उपयोग सम्बन्धी विवरण ........ 18

१.१३ रोजगारीको अवस्था ........ 18

१.१४ उद्योग, व्यापारतथा व्यवसाय सम्बन्धी विवरण ........ 19

१.१५ कृषि तथा पशु विकास ........ 20

१.१५.१ खाद्यान्न आपूर्तिको अवस्था ........ 20

१.१६ व्यवसाय र पशुपालनको अवस्था ........ 20

१.१७ सिंचित क्षेत्रफलको विवरण ........ 21

परिच्छेद २नयाँ शिक्षा क्षेत्र योजना ........ 23

२.१ सन्दर्भ र औचित्य ........ 23

२.२ दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनिति तथा प्रमुख उपलव्धि सूचकहरू ........ 24

२.२.१ दूरदृष्टि ........ 24

२.२.२ लक्ष्य ........ 24

२.२.३ उद्देश्यहरू ........ 24

२.२.४ रणनीतिहरू ........ 26

२.२.५ मुख्य कार्यसम्पादन सूचकहरू ........ 27

परिच्छेद-३विद्यालय शिक्षाका मुख्य क्षेत्रहरू ........ 30

३.१ प्रारम्भिक बालविकास तथा शिक्षा ........ 30

३.१.१ परिचय ........ 30

३.१.२ वर्तमान अवस्था ........ 31

३.१.३ अवसरहरू ........ 31

३.१.४ समस्या र चुनौतीहरू ........ 31

३.१.५ लक्ष्य ........ 32
३.१.६ उद्देश्यहरू ........ 32
३.१.७ रणनीतिहरू ........ 32
३.१.८ अपेक्षित उपलब्धि, नतिजार क्रियाकलाप तथा लक्ष्य ........ 33
३.२ आधारभूत शिक्षा ........ 34
३.२.१ परिचय ........ 34
३.२.२ वर्तमान अवस्था ........ 35
३.२.३ अवसरहरू ........ 36
३.२.४ समस्या तथा चुनौतीहरू ........ 36
३.२.५ लक्ष्य ........ 37
३.२.६ उद्देश्यहरू ........ 37
३.२.७ रणनीतिहरू ........ 37
३.२.८ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप ........ 38
३.३माध्यमिकशिक्षा ........ 42
३.३.१परिचय ........ 42
३.३.२वर्तमानअवस्था ........ 43
३.३.३अवसरहरू ........ 44
३.३.४ समस्या र चुनौतीहरू ........ 44
३.३.५लक्ष्य ........ 45
३.३.६उद्देश्यहरू ........ 45
३.३.७रणनीतिहरू ........ 45
३.३.६उपलब्धि, नतिजा र मुख्य क्रियाकलाप तथा लक्ष्य ........ 46
३.४ उच्च शिक्षा ........ 49
३.४.१ परिचय ........ 49
३.४.२ वर्तमान अवस्था ........ 50
३.४.३ अवसरहरू ........ 50
३.४.४ समस्या र चुनौतीहरू ........ 51
३.४.५ लक्ष्य ........ 51
३.४.६ उद्देश्यहरू ........ 51
३.४.७ रणनीतिहरू ........ 51
३.४.८ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 51
३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा ........ 53
३.५.१ परिचय ........ 53
३.५.२ वर्तमान अवस्था ........ 54
३.५.३ अवसरहरू ........ 54
३.५.४ समस्या र चुनौतीहरू ........ 54
३.५.५ लक्ष्य ........ 54
३.५.६ उद्देश्यहरू ........ 55
३.५.७ रणनीतिहरू ........ 55
३.५.८ अपेक्षित उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 57
३.६विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ 59
३.६.१ परिचय ........ 59
३.६.२वर्तमान अवस्था ........ 60

३.६.३ अवसरहरू ........ 60
३.६.४ समस्या र चुनौतीहरू ........ 61
३.६.५लक्ष्य ........ 61
३.६.६ उद्देश्यहरू ........ 61
३.६.७ रणनीतिहरू ........ 61
३.६.८ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य ........ 62
३.७ शिक्षक व्यवस्थापन र विकास ........ 64
३.७.१ परिचय ........ 64
३.५.२ वर्तमान अवस्था ........ 64
३.५.३ अवसरहरू ........ 65
३.५.४ समस्या र चुनौतीहरू ........ 65
३.५.५लक्ष्य ........ 66
३.५.६ उद्देश्यहरू ........ 66
३.५.७ रणनीतिहरू ........ 66
३.५.८उपलब्धि, नतिजा, क्रियाकलापतथा लक्ष्य ........ 67
३.८ आपत्कालीन तथा संकटकालीन अवस्थामा शिक्षा ........ 68
३.८.१ परिचय ........ 68
३.८.३ अवसरहरू ........ 70
३.८.४ समस्या तथा चुनौतीहरू ........ 71
३.८.५ लक्ष्य ........ 71
३.८.६ उद्देश्यहरू ........ 71
३.८.७ रणनीतिहरू ........ 71
३.८.८उपलब्धि, नतिजा, क्रियाकलापतथा लक्ष्य ........ 72
३.९ पाठ्यक्रमरमूल्याङ्कन ........ 74
३.९.१परिचय ........ 74
३.९.२ वर्तमान अवस्था ........ 75
३.९.३ अवसरहरू ........ 76
३.९.४ समस्या र चुनौतीहरू ........ 76
३.९.५ लक्ष्य ........ 76
३.९.६ उद्देश्यहरू ........ 76
३.९.७ रणनीतिहरू ........ 77
३.९.८ उपलब्धी, नतिजारप्रमुखक्रियाकलाप तथा लक्ष्य ........ 78
३.१० अनौपचारिक शिक्षारजीवन पर्यन्त सिकाइ ........ 80
३.१०.१परिचय ........ 80
३.१०.२ वर्तमान अवस्था ........ 81
३.१०.४ समस्या र चुनौतीहरू ........ 82
३.१०.५ लक्ष्य ........ 83
३.१०.६ उद्देश्यहरू ........ 83
३.१०.७ रणनीतिहरू ........ 83
३.१०.८ उपलब्धि, नतिजारप्रमुखक्रियाकलाप तथा लक्ष्य ........ 84
३.११ आर्थिक तथा सामाजिकरूपमा पछाडि परेका वर्गको पहुँच र समावेशी शिक्षा ........ 86
३.११.१ परिचय ........ 86
३.११.२ वर्तमान अवस्था ........ 86

३.११.३ अवसरहरू....87
३.११.४ समस्या र चुनौतीहरू....87
३.११.५लक्ष्य....87
३.११.६उद्देश्यहरू....87
३.११.७ रणनीतिहरू....88
३.११.८ अपेक्षित उपलब्धि, नतिजा, प्रमुखक्रियाकलाप र लक्ष्य....88
परिच्छेद-४....91
४.१ विद्यालय सुशासन तथा व्यवस्थापन....91
४.१.१ परिचय....91
४.१.२ संस्थागत संरचना र क्षमता  विकास....92
४.१.३वर्तमान अवस्था....96
४.१.४ समस्या तथा चुनौतीहरू....96
४.१.५ लक्ष्य....97
४.१.६ उद्देश्यहरू....97
४.१.७रणनीतिहरू....97
४.१.८ उपलव्धि, नतीजा, प्रमुख क्रियाकलापतथा लक्ष्य....98
४.२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध....99
४.२.१. परिचय....99
४.२.२ वर्तमान अवस्था....99
४.२.५ योजना कार्यान्वयन प्रवन्ध....100
४.३ अनुगमन तथा मूल्याङ्कन....101
४.३.१ परिचय....101
४.३.२ वर्तमान अवस्था....101
४.३.३ अवसरहरू....102
४.३.४ समस्या र चुनौतीहरू....102
४.३.५ लक्ष्य....103
४.३.६ उद्देश्यहरू....103
४.३.७ रणनीतिहरू....103
४.३.८  उपलव्धि, नतिजा र प्रमुख क्रियाकलाप....104
परिच्छेद-५लगानी तथा स्रोत व्वयस्थापन....105
५.१परिचय....105
५.२वर्तमान अवस्था....107
५.३ अवसरहरू....107
५.४ समस्था तथा चुनौतीहरू....107
५.५ लक्ष्य....107
५.६उद्देश्यहरू....108
५.७रणनीतिहरू....108
५.८अपेक्षित उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप तथा लक्ष्य....108
५.८.३ विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट....112

# परिच्छेदः १

## १ परिचय

### १.१ पृष्ठभूमि

शिक्षा सामाजिक तथा आर्थिक रुपान्तरणको मूल आधार हो । शिक्षाको माध्यमबाट नै व्यक्तिले आफु, आफ्नो समुदाय रराष्ट्रको विकास तथा समृद्धिका लागि सशक्त भूमिका खेल्नसक्दछ। त्यसैले शिक्षा समाजरुपान्तरण तथा परिवर्तन, सामाजिकीकरण, सामाजिकन्याय, शान्ति स्थापनाको आधार,आर्थिक वृद्धि तथा वातावरणीय संरक्षणको एक प्रभावशाली शक्ति, उत्प्रेरकएवम् माध्यमका रुपमा रहँदै आएको छ । शिक्षाले राष्ट्र निर्माण तथा विकासको लागि चाहिने मानव संसाधनकोविकासमाअहम् भूमिका खेलेको हुन्छ । स्थानीय तहको शिक्षाको विकास नै समग्र गाउँपालिकाकोविकासको एक प्रमुख आधार हो। त्यसैले शिक्षालाई समग्र विकासका पूर्वाधारहरूको पनि पूर्वाधारको रुपमा लिइन्छ ।

नेपालको वर्तमान संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र निःशुल्क गरेको छ।माध्यमिक तह सम्मकोशिक्षालाई निःशुल्क हुने हकको सुनिश्चतता गरेको छ । त्यसैगरीअपाङ्गता भएका तथा आर्थिक रुपले पिछिडिएकाबालबालिकाहरूको शिक्षामा कानुन बमोजिम निःशुल्क गर्ने कुराको समेत सुनिश्चतागरेको छ । सङ्घीय स्वरुपको राज्यव्यवस्था भए अनुरुप तीनै तहका सरकारहरू स्थापना भइ क्रियाशील अवस्थामा छन् । सबै सरकारहरूले आफुलाई प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्वोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ । तीनैतहका सरकारहरूले समन्वयात्मक ढङ्गबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म रगन्तव्यहरूलाई उक्तयोजनामा प्रतिबिम्वित गर्दैराष्ट्रले लिएका शिक्षाकालक्ष्यहरू पुरा गर्नु आजको आवश्यकता हो।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ (२४) मा योजना तयारको सन्दर्भमा नीतिगत व्यवस्था भएको छ ।जसमा गाउँपालिका तथानगरपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, वार्षिक, क्षेत्रगत योजनाहरू बनाउन सक्ने व्यस्था रहेको छ । यसरी योजना बनाउँदा सङ्घ र प्रदेश सरकारको नीति, लक्ष्य तथाउद्देश्यसँग तादम्यता कायम गर्नुपर्ने, वातावरण संरक्षण तथाजलवायु परिवर्तन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासनजस्ता विषयहरू समेटीनु पर्ने देखिन्छ ।

स्थानीय सरकारले शिक्षा क्षेत्रको विकासका लागि नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच “समृद्ध नेपाल, सुखी नैपाली”, १५ वर्षे दिगोविकासको लक्ष्य, १५ औं आवधिक योजना, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, सङ्घ र प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम अनुरुप आवधिक योजना निर्माणगर्नसक्छ। अबको समय शिक्षामा आशातित सुधार हुन सकेन भनेर एक अर्कालाई दोषारोपण गर्ने समय छैन । आ-आफ्नो स्तरबाट शिक्षालाई आधुनिकतासँग जोड्ने, प्रविधिमैत्री वातावरण सृजना गर्ने, अनिवार्य तथा नि:शुल्क शिक्षा सुनिश्चित गर्ने, व्यावहारिक शिक्षा, जीवनोपयोगी सिप,

वैज्ञानिक ज्ञान, अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा, स्थानीय विषयवस्तु समेटेर अध्ययन अध्यापन,स्थानीय कला, सिप तथा सँस्कृतिको प्रवर्द्धन र श्रमलाई सम्मान गर्ने जनशक्ति उत्पादन गर्ने जिम्मेवारी संविधानत स्थानीय तहको क्षेत्राधिकार भित्र आएको छ ।

त्यसैगरी सन् २०३० सम्म प्राप्त गर्ने भनेर तय भएको १७ वटा दिगो विकासका लक्ष्यहरू मध्ये लक्ष्य नं. ४ मा समावेशी र समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथाआजीवन सिकाइका अवसरहरू प्रोत्साहित गर्ने लक्ष्य निर्धारणगरेको छ । जसको लागि ७ वटा उद्देश्य तथा ३ वटा माध्यमहरू तय गरेको छ । त्यसको साथै लेकम गाउँपालिकाले पनि शिक्षा क्षेत्रको समग्र विकास र परिवर्तनका लागि केहिसोच, लक्ष्य, उद्देश्य सहित शिक्षा क्षेत्रको नीति तय गरेको छ । नेपालको संविधानलेप्रदत्त अधिकार एवम् सङ्घीयताको मर्म बमोजिम सम्बन्धित स्थानीय तह भित्रको शिक्षा योजना निर्माण एवम् कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारकै रहेको छ । हालै कोभिड१९ ले शिक्षा क्षेत्रमा पारेको प्रभावलाई मध्यनजर गर्दै शिक्षा क्षेत्रको सुधारका लागि एवम् गाउँपालिकामा भएका सिमितस्रोत साधन तथा शिक्षा क्षेत्रको सुधारका असिमित आवश्यकता तथा समस्याहरूको सम्बोधनका लागि पनि व्यावहारिकरुपमा कार्यान्वयन योग्य योजनाको विकल्प नभएको हालको अवस्था रहेको छ ।उल्लेखित सन्दर्भमा राज्यको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, उद्देश्य तथागाउँपालिकाकाशिक्षाका आवश्यकताहरू पुरा गर्न आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको १० वर्षे योजना तयार गर्नु आजकोआवश्यकता रहेको निष्कर्ष रहेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकासकेन्द्रद्वारा नेपाल राष्ट्रभरिका सम्पूर्ण स्थानीय तहहरूले अनिवार्य रुपमा दश वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्ने नीति जारी गरिसकेपछि मिति २०७८चैत्र ०१ देखि २०७८ चैत्र ०५ गतेसम्म शिक्षा तथा मानव स्रोत विकास केन्द्रको आयोजनामा सुदूरपश्चिम प्रदेश राजधानी धनगढीमा ५ दिने स्थानीय तहका शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको हो।तत्पश्चातगाउँपालिकाको आयोजनामा स्थानीय समाजसेवी, बुद्धिजीवी, राजनीतिज्ञ, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति पदाधिकारी, शिक्षक अभिभावक संघका पदाधिकारी, पत्रकार एवम् सरोकारवाला अन्य पक्षबाट राय सुझाव संकलन गरी योजना निर्माणका विज्ञ व्यक्तित्वको सहजीकरणमा कार्यशाला मार्फत प्रत्यक्ष एवम् परोक्ष रुपमा संलग्न पक्षको सक्रिय सहभागितामा योजना निर्माण गरिएको हो ।

### १.२ ऐतिहासिक पृष्ठभूमि

लेकम गाउँपालिकाको गठन हुनु भन्दा पहिला दार्चुला जिल्लालाई चारवटा क्षेत्र लेकम, दुहूँ, व्याँस र मार्मा गर्खामा विभाजन गरिएको थियो । लेकम गर्खाको सिमाना उत्तरमा हालको महाकाली नगरपालिकाको नमस्कार भन्ने ठाउँसम्म, पूर्वमा शैल्यशिखरको बिट्ुले र देथला भन्दा तल तथा दक्षिणमा चौलानी नदीसम्म र पश्चिममा महाकाली नदी र गणतन्त्र भारतको भूभाग रहेको थियो भन्ने इतिहास छ । तत्कालिन लेकम गर्खा भित्र हाल मालिकार्जुन गाउँपालिका, शैल्यशिखर नगरपालिका तथा लेकम गाउँपालिका रहेका छन् । लेकम

गाउँपालिका तत्कालिन लेकम गर्खाको मुख्य क्षेत्र भएकोले यस गाउँपालिकाको नाम लेकम गाउँपालिका राखिएको छ ।

### १.३ भौगोलिक अवस्थिति

लेकम गाउँपालिको उत्तर तर्फ मालिकार्जुन गाउँपालिका तथा शैल्यशिखर नगरपालिका, पुर्वमा शैल्यशिखर नगरपालिका तथा चौलानी नदी, दक्षिणमा चौलानी नदी र बैतडी जिल्लाको सीमाना र पश्चिममा महाकाली नदी र गणतन्त्र भारतको भूभाग पर्दछ ।

### १.४ पारिवारिक विवरण तथा जनसङ्ख्याको अवस्था

#### १.४.१ मुख्यबस्तीहरूको विवरण

लेकम गाउँपालिकामा साविकका ४ वटा गा.वि.स.हरू (सर्मोली, लाली, खरकडा र रिठाचौपाता) मिलेर हाल ६ वटा वडाहरूमा विभाजित भएको छ। प्रारम्भिक तथ्याङ्क अनुसार वडा नं. १ देखि ६ सम्म क्रमशः २८,१९, २६, ४७, ३१ र १९ गरी जम्मा १७० ओटा बस्तीहरू अवस्थित रहेका छन् । गाउँपालिकको केन्द्रसम्म कच्ची सडक पुगेको अवस्थामा यी बस्तीहरूमा सडक बाटो पुग्न अझै केहि वर्ष लाग्ने देखिन्छ । यी बस्तीहरूसामाजिक विकास (शिक्षा, स्वास्थ्य, सूचना) र भौतिक पूर्वाधार (सडक, खानेपानी, विद्युत, सिंचाई, आर्थिक, शैक्षिक, स्वास्थ्य)विकासका हिसाबले पिछडिएको बस्तीहरूमा पर्दछन्। यस क्षेत्रको विकासकालागिसिंगो गाउँपालिकाले मात्र नभई राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ, सस्था तथा निजी क्षेत्रहरूसँगको सहकार्य अपरिहार्य देखिन्छ । यस क्षेत्रका जनताहरूको आधारभूत आवश्यकताको सम्बोधन नै पहिलो प्राथमिकतामा हुनुपर्दछ भन्ने कुरा प्राप्त तथ्याङ्कले देखाउँदछ । यस गाउँपालिकाको मुख्य बस्तीहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १: गाउँपालिकाको मुख्य बस्तीको विवरण**

| वडा नं. | घरधुरी | टोल, गाउँ |
|---|---|---|
| १ | ४४४ | पट्ट्युडी, जोगिकोइराली, गखडे, खिरी, ग्वालीखेत, जोगिभण्डार, सेलुना, गाँजरी, बुढाकोट, ढकनाघर, तोली, चडी, कोठार, मल्लागाउँ, भण्डोली, हिउँनागैर, दुरकाँडा, बित्थड, सेजा, विन्खाली, सेलाजी, नालीवित्थड, चौड, सर्मोली, कोगर, बडीपुर |
| २ | ४१० | लेकम,गराडी, पिपलकोट, ढकारा, विटोरा, गाड, गाणागाउँ, कुणी, डाँडामा, खोली, सुँगरखाली,देउमा, कट्या, घारबर्ष, भटाईजर, कुमलकाँडा, कैनोडा, सल्ला |
| ३ | ३५९ | राडम, वंतड, वकाराबाटा, सक्यापानी, झाडवे, किमतड, गजिराड, न्वालपारी, उकुमा, गुमाखोली, तरला, लाली, ऐरपाली, मानविसा, मकला, गोईलाडी, मैची, कमन्ना, रतौडा, मक्का, कुसकाँडा, कल्ली, कौलेती, खम्तड |
| ४ | ५०४ | बाचपाली, जोगिकोइराली, जोगीभण्डार, मानविसा, ठुलढुँगो, बुढाकोट, बल्लेती, रातामाटा, लेक, भाडी, खोला, थापली, खरकुच्चा, ग्यामी, रिठेपातल, खरकडा, ल्यावाटा, रामलापजी, फलाती, कनाडा, तोली, |

| | | |
|---|---|---|
| | | रामीखेत, टकना, बुराँउसे, झनडा, दउ, पैंतोली, कफलाइमी, पती, पैंसखोला, ल्वाकोट, गैईर, आँठा, गोदाली, कोटेरा, ओडिगाउँ, मरेला, पुलुई, थाला, दगिमाइन, दमसैना, लेकाइजर, भालहान्ना |
| ५ | ४६७ | मैखोली, रिङा, रिठा, पिड, गोगना, बाग्खोला, नचेना, बाग्जेवाला, कफल्याबगड, कनाडी, फल्दा, सिमखेत, बमनेत, पिरतोली, असिन्न्याडी, ओन्याडी, धनकुन्न्याँ, डुबगाउँ, पुनाकोट, अमकुर, लामाईजर, घागेढुँगा, पोलेखानी, तिमलाखानी, राताकाठा, सिराडे, कालाकोट, अमकुरदोलेपाटा, दोलेपाटा |
| ६ | ३३० | गणेत, तिउनेगाउँ, तेलीगाउँ, घोडेशिला, उचाकोट, सैना, सल्याडी, मल्लेउसैना, पतमडा, मेल्लाउँ, पतमडासैना, थापली, मैखोलाइजर, सल्लामेल्लाउँ, गणेपातल, जुग्यापानी, स्याडी, सिरोडा, गजिखत्री |
| **जम्मा** | **२५१४** | |

स्रोत: लेकम गाउँपालिका पार्श्वचित्र, २०७५ ।

### १.५ वडागत रुपमा जनसङ्ख्या विवरण

यस लेकम गाउँपालिकामा जम्मा ६ ओटा वडा रहेका छन् । जसमध्ये सबैभन्दा धैरै घरपरिवार वडा नं. ४ मा रहेको छ । गाउँपालिकाको कुल८४१६ पुरुष, ८२१६ महिला र दुई जना तेस्रो लिंगी गरी जम्मा१६६७९ जनसङ्ख्या छ ।जनसङ्ख्याको हिसाबले सबैभन्दा ठूलो वडा नम्बर ५ रहेको छ जसमा ४६७घरपरिवार सङ्ख्या रहेको छ, भनेपुरुष १६१६ र महिला १५८८ गरी कुल जनसङ्ख्या ३२०४ रहेको छ । त्यसैगरी सबैभन्दा कम ३३० घरपरिवार भएको वडा ६ रहेको छ भने जनसङ्ख्याको हिसाबले गाउँपालिकाको सबैभन्दा सानो वडा नं. ३ रहेको छ । जसमा १२४९ पुरुष र ११३६महिला गरी जम्मा २३८५जनसङ्ख्या रहेको छ । वडाको घर परिवार सङ्ख्या, महिला र पुरुषको सङ्ख्या सहित वडा पिच्छेको जनसङ्ख्याको विवरण तल तालिका र ग्राफमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २: वडागत जनसङ्ख्या विवरण**

| वडा नं. | घरधुरी | महिला | पुरुष | तेश्रो लिंगी | जम्मा जनसङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ४४४ | १३२६ | १४०८ | १ | २७३५ |
| २ | ४१० | १२६४ | १३०६ | ० | २५७० |
| ३ | ३५९ | ११३६ | १२४९ | ० | २३८५ |
| ४ | ५०४ | १५२३ | १५६६ | १ | ३०९० |
| ५ | ४६७ | १५८८ | १६१६ | ० | ३२०४ |
| ६ | ३३० | १३७९ | १३१६ | ० | २६९५ |
| जम्मा | २५१४ | ८२१६ | ८४६१ | २ | १६६७९ |

स्रोत: लेकम गाउँपालिका पार्श्वचित्र, २०७५ ।

चित्र नं. १: वडागत जनसङ्ख्या विवरण




स्रोतः लेकम गाउँपालिका पाश्र्वचित्र, २०७५ ।

### १.६ लिङ्ग अनुसारको जनसङ्ख्या विवरण

गाउँपालिकाको कुल जनसङ्ख्या १६६७९ रहेको छ । जसमा महिला ८२१६ (४९.५५ प्रतिशत) र पुरुष ८४१६  (५०.४५ प्रतिशत) रहेका छन् भने२ जना (०.०१ प्रतिशत) तेस्रो लिंगी रहेका छन् । यो तथ्याङ्क हेर्दा पुरुषको भन्दा महिलाको सङ्ख्या २०० ले कम देखिन्छ । गाउँपालिकाको जनसङ्ख्याको हिसाबले सबैभन्दा ठूलो वडा ५ नं. वडा देखिन्छ, जसमा १८.९४ प्रतिशत जनसङ्ख्या रहेको छ भने सबैभन्दा सानो वडा ३ नं. वडा देखिन्छ जहाँ १४.१० प्रतिशत जनसङ्ख्या रहेको छ ।

**तालिका नं. ३: लिंग अनुसारको जनसङ्ख्या विवरण**

| वडा नं. | महिला | पुरुष | तेस्रो लिंगी | जम्मा |
|---|---|---|---|---|
| १ | १४०६ | १४०८ | १ | २८१५ |
| २ | १३०२ | १३०६ | ० | २६०८ |
| ३ | १२४० | १२४९ | ० | २४८९ |
| ४ | १५५५ | १५६६ | १ | ३१२२ |
| ५ | १६०८ | १६१६ | ० | ३२२४ |
| ६ | १३०५ | १३१६ | ० | २६२१ |
| जम्मा | ८४६१ | ८२१६ | २ | १६६७९ |
| प्रतिशत | | | | |

स्रोत: लेकम गाउँपालिका पार्श्वचित्र, २०७५ ।

### १.७ उमेर र लिङ्ग अनुसार जनसङ्ख्या विवरण

लेकम गाउँपालिकाको कुल जनसख्या १६६७९ मध्ये सबै भन्दा कम ७० वर्षभन्दा माथिका पुरुषको र महिलाको सङ्ख्या क्रमशः २९० र ४३७ रहेको छ, त्यसैगरी ५ वर्ष मुनिका

बालबालिकाको सङ्ख्या जम्मा १६१५ छ भने सबैभन्दा वढी २६ देखि ४० उमेर समूहका मानिसको जनसङ्ख्या ४२३४ रहेको छ । त्यसपछि १५ देखि २५ वर्ष उमेर समुहका पुरुष र महिला जनसङ्ख्या ३५५४ रहेको देखिन्छ ।

लेकम गाउँपालिकाको कुल जनसख्या १६६७९ मध्ये सबै भन्दा कम ७० वर्षभन्दा माथिका पुरुषको र महिलाको सङ्ख्या क्रमशः २९० र ४३७ रहेको छ ।त्यसैगरी ५ वर्ष मुनिका बालबालिकाको सङ्ख्या जम्मा १६१५ छ भने सबैभन्दा वढी २६ देखि ४० उमेर समूहका मानिसको जनसङ्ख्या ४२३४ रहेको छ । त्यसपछि १५ देखि २५ वर्ष उमेर समुहका पुरुष र महिला जनसङ्ख्या ३५५४ रहेको देखिन्छ ।

यस तथ्याङ्कले गाउँपालिकामा उत्पादकमूलक जनशक्ति राम्रो भएको देखिन्छ । जुन गाउँपालिकाको सामाजिक तथा आर्थिक विकास गर्नका लागि अवसर पनि हो । यस जनशक्तिलाई गाउँपालिका भित्र नै आयआर्जनमुलक पेसामा संलग्न गराउन सकेमा गाउँपालिकाबाट नै गरिवी उन्मुलन गर्न सकिन्छ । जसका लागि गाउँपालिकासँग अल्पकालीन तथा दीर्घकालिन रणनीतिहरू हुनु आवश्यक छ । वडा अनुसारको जनसांख्यिकीय विवरण तलको चार्ट र तालिकाबाट लिन सकिन्छ।

**तालिका नं. ४: उमेर र लिङ्ग अनुसारको जनसङ्ख्या विवरण**

| उमेर अनुसार जनसङ्ख्या विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वडा नं.** | **१** | **२** | **३** | **४** | **५** | **६** | **कुल जम्मा** |
| ५ वर्ष मुनिका महिला | ९७ | ११३ | ९३ | १३२ | १६६ | १५२ | ७५३ |
| ५ वर्ष मुनिका पुरुष | १४१ | १२१ | १३७ | १६२ | १५६ | १४५ | ८३२ |
| ६-१४ वर्ष महिला | २५० | २६६ | २०३ | ३०५ | ३१५ | ३०० | १६३९ |
| ६-१४ वर्ष पुरुष | ३१७ | ३४० | २३२ | ३१७ | ३५५ | २९५ | १८५६ |
| १५-२५ वर्ष महिला | २८१ | २४१ | २२८ | ३३० | ३१९ | २७८ | १६७७ |
| १५-२५ वर्ष पुरुष | ३१० | २७१ | २७६ | ३७४ | ३६७ | २७९ | १८७७ |
| २६-४० वर्ष महिला | ३६९ | ३२२ | ३०५ | ३७६ | ३६७ | ३३५ | २०७४ |
| २६-४० वर्ष पुरुष | ३७९ | ३३१ | ३४१ | ३९१ | ३९४ | ३२४ | २१६० |
| ४१-६९ वर्ष महिला | २४९ | २४२ | २३६ | ३०७ | ३५२ | २५१ | १६३७ |
| ४१-६९ वर्ष पुरुष | २१४ | २०६ | २२३ | २६० | २९१ | २२३ | १४१७ |
| ७० वर्ष माथि महिला | ८० | ८३ | ७१ | ७१ | ६९ | ६३ | ४३७ |
| ७० वर्ष माथि पुरुष | ४८ | ३६ | ४० | ६३ | ५३ | ५० | २९० |
| तेस्रो लिंगी | १ | ० | ० | १ | ० | ० | २ |
| जम्मा महिला | १३२६ | १२६७ | ११३६ | १५२१ | १५८८ | १३७९ | ८२१७ |
| जम्मा पुरुष | १४०९ | १३०५ | १२४९ | १५६७ | १६१६ | १३१६ | ८४६२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कुल जम्मा | २७३५ | २५७२ | २३८५ | ३०८८ | ३२०४ | २६९५ | १६६७९ |

स्रोत: लेकम गाउँपालिका पार्श्वचित्र, २०७५ ।

## १.८ जातिगत जनसङ्ख्याको विवरण

लेकम गाउँपालिकाको वस्तुगत तथ्याङ्क, २०७५ अनुसार गाउँपालिकामा रहेका कुल १६६७९ जनसङ्ख्या र २५१४ घरपरिवारमा व्राह्मण, क्षेत्री, दलित, ठकुरी र दशनामी जातजातिहरूको बसोबास हुदै आएको पहिचान भएको छ । क्षेत्रीहरूको वाहुल्यता रहेको यस गाउँपालिकामा १०७५ घरपरिवार क्षेत्रीहरू रहेको पाइन्छ । त्यसपछि व्राह्मणको बस्ती ८३५ घरपरिवार रहेका छन् भने सबैभन्दा कम अन्य (ठकुरी रदशनामी) २६० घरपरिवारमात्र रहेको पाइन्छ । वडागत रुपमा हेर्दा सबैभन्दा वढी क्षेत्रीहरूको वसोवास वडा नं.१ मा रहेको पाइन्छ । जसमा कुल घरधुरी ४४४ मध्ये ३५३ घरपरिवार क्षेत्री जातिको रहेको छ । त्यसैगरी सबैभन्दा वढी ब्राह्मण समुदायको बस्ती वडा नं. २ मा रहेको छ जसमा जम्मा ४१० घरधुरीमध्ये २४१ घरधुरी ब्राह्मण जातिको रहेको छ । जनसङ्ख्याको वडागत तथा जातिगत विवरण तलको तालिका र चार्टमा प्रस्ट पारिएको छ ।

**तालिका नं.५: जातिगत घरधुरी विवरण**

| वडा नं. | जम्मा घरधुरी | जातिगत घरधुरी विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ब्राह्मण | क्षेत्री | जनजाति | दलित | अन्य (ठकुरी र दशनामी) | मुख्य जातजाति |
| १ | ४४४ | ६४ | ३५३ | ० | २७ | ० | ओझा, कार्की, पन्त, कामी, खत्री, जोशी, ठगुन्ना, दमाई, धामी, ध्वर्मी, नगारी, विष्ट, बोहरा, भट्ट, रावल, लावड, वादी, साउँद, सार्की |
| २ | ४१० | २२१ | १०४ | ० | ८५ | ० | कार्की, टमटा,खत्री, जोशी, ठगुन्ना, दमाई, धामी, विष्ट, बोहरा, भट्ट, लावड, सार्की |
| ३ | ३५९ | १५१ | १११ | ० | ८८ | ९ | अवस्थी, पन्त, भट्ट, जोशी, चन्द, ऐरी, खत्री, विष्ट, भण्डारी, महर, मार्कण्ड, ठगुन्न, थापा, धामी, कामी, टमटा, पहरी, पार्की, पुजारा, विश्वकर्मा, लुहार, सार्की |
| ४ | ५०४ | ११७ | १०८ | ० | ९९ | १८० | अवस्थी, ओझा, कठायत, कामी, कुँवर, खत्री, पाल, गिरी, चुनारा, जोशी, ठगुन्ना, टमटा, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | धामी, पन्त, सार्की, दमाई, पाठक, पार्की, विष्ट, भट्ट, भाट, लुहार, लावड, वादी, वगाल, बस्नेत |
| ५ | ४६७ | १९९ | २४१ | ० | २३ | ४ | खत्री, मिश्र, लुहार, साउद,गिरी, जोशी, धामी, सार्की, दमाई, विष्ट, भट्ट, भाट, लुहार |
| ६ | ३३० | ८३ | १५८ | ० | २२ | ६७ | कार्की, कामी, मिश्र, नाथ, महर, लावड, लुहार, पन्त, खत्री, दमाई, धामी, भाट, बोहरा, भट्ट, सार्की,, |
| जम्मा | २५१४ | ८३५ | १०७५ | ० | ३४४ | २६० | |

स्रोत: लेकम गाउँपालिका पार्श्वचित्र, २०७५।

### १.९ वडागत घरमुलीको विवरण

जम्मा २५१४ घरधुरीमध्ये २३५६ अर्थात ९४ प्रतिशत घरपरिवारमा घरमूलीका रुपमा पुरुष रहेको देखिएको छभने १५८ अर्थात ७ प्रतिशत घरमा मात्र महिला घरमुलीको रुपमा रहेका छन् । वडागत रुपमा हेर्दा वडा नम्बर ६ मा अन्य वडाको तुलनामा महिला घरमुलीको सङ्ख्या केही वढी रहेको छ । सबैभन्दा कम घरमुली महिला भएको सङ्ख्या वडा नं. ५ हो जसमा कुल ४६७ घरधुरी मध्ये जम्मा १२ घरपरिवारमा महिला घरमुली रहेका छन् ।

**तालिका नं. ६: लिङ्ग अनुसार वडाको घरमुली विवरण**

| वडा अनुसार घरमुली विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **वडा नं.** | **१** | **२** | **३** | **४** | **५** | **६** | **जम्मा** | **प्रतिशत** |
| जम्मा घरधुरी | ४४४ | ४१० | ३५९ | ५०४ | ४६७ | ३३० | २५१४ | १०० |
| पुरुष घरमुली | ४२४ | ३९३ | ३२३ | ४६९ | ४५५ | २९२ | २३५६ | ९४ |
| महिला घरमुली | २० | १७ | ३६ | ३५ | १२ | ३८ | १५८ | ६ |

स्रोत: लेकम गाउँपालिका पार्श्वचित्र, २०७५ ।

### १.१० अपाङ्गताकोअवस्था

लेकम गाउँपालिकाको महिला वालवालिका तथा जेष्ठ नागरिक शाखाको अपाङ्गता सम्बन्धी तथ्याङ्क २०७९ अनुसार यस गाउँपालिकामा जम्मा 'क' वर्गको ४७, 'ख' वर्गको ९५,'ग' वर्गको ९१ र 'घ' वर्गको ८१ जना अपाङ्गता भएका व्यक्ति रहेका छन् । वडागत विवरण हेर्दा वडा नं.१ मा 'क' वर्गको ३, 'ख' वर्गको १२, 'ग' वर्गको १३ र 'घ' वर्गको ३ जना अपाङ्ग रहेका छन् । वडा नं. २ मा 'क' वर्गको १४, 'ख' वर्गको १३, 'ग' वर्गको १३ र 'घ' वर्गको २६ जना अपाङ्ग रहेका छन् । वडा नं. ३ मा 'क' वर्गको ६, 'ख' वर्गको १२, 'ग' वर्गको १५ र 'घ' वर्गको

१० जना अपाङ्ग रहेका छन् । वडा नं. ४ मा ‘क’ वर्गको १२, ‘ख’ वर्गको २७, ‘ग’ वर्गको २५ र ‘घ’ वर्गको १८ जना अपाङ्गगग रहेका छन् । वडा नं. ५ मा ‘क’ वर्गको ५, ‘ख’ वर्गको १९, ‘ग’ वर्गको १६ र ‘घ’ वर्गको १५ जना अपाङ्ग रहेका छन् । त्यसैगरी वडा नं. ६ मा ‘क’ वर्गको ७, ‘ख’ वर्गको १२, ‘ग’ वर्गको ९ र ‘घ’ वर्गको ९ जना जना अपाङ्ग रहेका छन् ।

**तालिका नं. ७: वडागत अपाङ्गता विवरण**

| अपाङ्गता परिचयपत्र प्राप्त गर्ने व्यक्तिहरूको विवरण | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्ग | वडा | | | | | | | | | | | | | | | | | | जम्मा महिला | जम्मा पुरुष | कुल जम्मा |
| | १ | | | २ | | | ३ | | | ४ | | | ५ | | | ६ | | | | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | | |
| क | १ | २ | ३ | ८ | ६ | १४ | १ | ५ | ६ | ५ | ७ | १२ | २ | ३ | ५ | ४ | ३ | ७ | २१ | २६ | ४७ |
| ख | ४ | ८ | १२ | ८ | ५ | १३ | ५ | ७ | १२ | १४ | १३ | २७ | ६ | १३ | १९ | ३ | ९ | १२ | ४० | ५५ | ९५ |
| ग | ६ | ७ | १३ | ६ | ७ | १३ | ८ | ७ | १५ | ९ | १६ | २५ | ९ | ७ | १६ | ५ | ४ | ९ | ४३ | ४८ | ९१ |
| घ | ० | ३ | ३ | १२ | १४ | २६ | ४ | ६ | १० | ८ | १० | १८ | ७ | ८ | १५ | ६ | ३ | ९ | ३७ | ४४ | ८१ |

स्रोत : महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा, लेकम गाउँपालिका।

### १.११ शैक्षिक अवस्था

लेकम गाउँपालिकामा ४७ ओटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । सञ्चालित सबै विद्यालयहरू सामुदायिक विद्यालयहरू हुन् । यस गाउँपालिकामा संस्थागत विद्यालयहरू सञ्चालनमा छैनन् । विद्यालय र समुदायमा समेत गरी ३१ ओटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । उच्च शिक्षा अन्तर्गत एउटा मात्र श्री कृष्ण स्नातक क्याम्पस सञ्चालनमा रहेको छ । अनौपचारिक तथा निरन्तर शिक्षा तर्फ ३ ओटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् । यस गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइए अनुसार रहेको छ ।

**तालिका नं.: शैक्षिक संस्थाहरूको विवरण**

| | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| बालविकास केन्द्र | ३१ | ० | ३१ |
| आधारभूत तह कक्षा १-५ सञ्चालितविद्यालय | २९ | ० | ३० |
| आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालय | ८ | ० | ९ |
| माध्यिमक तह कक्षा १-१० सञ्चालित विद्यालय | ६ | ० | ५ |
| माध्यमिक तह कक्षा १-१२ सञ्चालित विद्यालय | ४ | ० | ४ |

| | | | |
|---|---|---|---|
| उच्च शिक्षा क्याम्पस | १ | ० | १ |
| सामुदायिक सिकाइ केन्द्र | ३ | ० | ३ |

स्रोत : लेकम गाउँपालिका पर्श्वचित्र, २०७५ ।

### १.११.१ लिङ्गका आधारमा शैक्षिक अवस्था

यस गाउँपालिकाको कुल जनसङ्ख्या १६६७९ मध्ये ७७ प्रतिशत मानिसहरू साक्षर भएको पाइयो । जसमाकुल साक्षर जनसङ्ख्यामा सामान्य लेखपढ गर्न सक्ने ८४ प्रतिशत जनसङ्ख्या रहेको र ११ प्रतिशत जनसङ्ख्याले एस.एल.सी वा एस.ई.ई पास गरेको छ भने जम्मा ४ प्रतिशत जनसङ्ख्याले प्रमाण-पत्र वा सोभन्दा माथिको शिक्षा हासिल गरेका छन् ।

**तालिका नं. ८ :वडागत साक्षरता विवरण**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| निरक्षर महिला | २५० | २९७ | १४९ | ३८४ | ४३३ | ४४४ | १९५७ |
| निरक्षर महिला प्रतिशत (%) | १.४९ | १.७८ | ०.८९ | २.३० | २.६० | २.६६ | ११.७३ |
| निरक्षर पुरुष | ११३ | २१४ | २७ | १९५ | १७६ | २२७ | ९५२ |
| निरक्षर पुरुष (%) | ०.६८ | १.२८ | ०.१६ | १.१७ | १.०६ | १.३६ | ५.७१ |
| साक्षर महिला | ९८६ | ४६७ | ८०५ | १०६२ | ८६३ | ८०१ | ४९८४ |
| साक्षर पुरुष | ११०४ | ५२० | १०१८ | १३१९ | १००८ | ९५१ | ५९२० |
| SEE शिक्षित महिला | ९० | १२२ | १३८ | १६६ | १२२ | ११९ | ७५७ |
| SEE शिक्षित पुरुष | १५६ | १३३ | १३६ | १९९ | १२ | ३ | ६३९ |
| उच्च शिक्षा महिला | ० | ० | ३० | ७७ | ० | ० | १०७ |
| उच्च शिक्षा पुरुष | ३५ | ५२ | ९ | ० | २७० | १०८ | ४७४ |
| जम्मा शिक्षित महिला | १०७६ | ५८९ | ९७३ | १३०५ | ९८५ | ९२० | ५८४८ |
| महिला साक्षरता दर (%) | ६ | ४ | ६ | ८ | ६ | ६ | ३५.०६ |
| जम्मा शिक्षित पुरुष | १२९५ | ७०५ | ११६३ | १५१८ | १२९० | १०६२ | ७०३३ |
| पुरुष साक्षरता दर (%) | ८ | ४ | ७ | ९ | ८ | ६ | ४२.१७ |
| कुल साक्षरको संख्या | २३७७ | १२९८ | २१४२ | २८३१ | २२८१ | १९८८ | १२९१६ |
| साक्षर प्रतिशत (%) | १४ | ८ | १३ | १७ | १४ | १२ | ७७ |

स्रोत : लेकम गाउँपालिका पार्श्वचित्र, २०७५।

### १.११.२ तहगत रुपमा विद्यालय तथा विद्यार्थी विवरण

लेकम गाउँपालिकामा रहेका कुल ४७ विद्यालयहरूमा पूर्व प्राथमिक तह देखि माध्यमिक तह सम्म कुल ४२८१ विद्यार्थीहरू पठनपाठनगरिरहेका छन् । जसमा छात्र ५०.९६ प्रतिशत र छात्रा ४९.०३ प्रतिशत रहेका छन् । त्यसैगरी पुर्व प्राथमिक तहमा छात्र ५३.६२ र छात्राहरू ४६.३७ प्रतिशत र प्राथमिक तहमा छात्र र छात्राहरू वरावर सङ्ख्या अर्थात ५०.८१र४९.१९ प्रतिशत रहेका छन्, निम्नमाध्यमिक तहमा ५२.८१ प्रतिशत छात्र र ४७.१९ प्रतिशत छात्राहरूरहेका छन् भने माध्यमिक तहमा पनि छात्र, छात्राको सङ्ख्या४७.०४र ५२.९६प्रतिशत र माध्यमिक तह कक्षा (११-१२) मा छात्र ५१.४६ प्रतिशत र छात्रा ४८.५४ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा निम्न माध्यमिक तहमा विद्यालय छोड्ने वा अन्य केही कारणले गर्दा छात्र र छात्राबीचको सङ्ख्यामा केही फरक देखिएको छ । समग्रमा हेर्दा कम्तीमा पनि विद्यालय तहसम्मको शिक्षाआर्जनकालागि छोराछोरी दुबैलाई विद्यालय पठाउने गरेको देखिन्छ ।

**तालिका नं. १० : तहगत रुपमा विद्यार्थी विवरण**

| तह | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा | छात्र | छात्रा | जम्मा | कक्षा | छात्र | छात्रा | जम्मा | |
| आधाभूत तह ०-५ | ECD | १७० | १४७ | ३१७ | ECD | ० | ० | ० | ३१७ |
| | १ | २५९ | २५४ | ५१३ | १ | ० | ० | ० | ५१३ |
| | २ | १६७ | १४१ | ३०८ | २ | ० | ० | ० | ३०८ |
| | ३ | १६८ | १४९ | ३१७ | ३ | ० | ० | ० | ३१७ |
| | ४ | १५८ | १५१ | ३०९ | ४ | ० | ० | ० | ३०९ |
| | ५ | १७२ | १६२ | ३३४ | ५ | ० | ० | ० | ३३४ |
| | जम्मा | १०९४ | १००४ | २०९८ | जम्मा | ० | ० | ० | २०९८ |
| | प्रतिशत | ५२.१४ | ४७.८५ | १०० | प्रतिशत | ० | ० | ० | १०० |
| आधारभूत तह ६-८ | ६ | १७३ | ११४ | २८७ | ६ | ० | ० | ० | २८७ |
| | ७ | १५९ | १५२ | ३११ | ७ | ० | ० | ० | ३११ |
| | ८ | १६६ | १७९ | ३४५ | ८ | ० | ० | ० | ३४५ |
| | जम्मा | ४९८ | ४४५ | ९४३ | जम्मा | ० | ० | ० | ९४३ |
| | प्रतिशत | ५२.८१ | ४७.१८ | १०० | प्रतिशत | ० | ० | ० | १०० |
| माध्यमिक तह ९-१२ | ९ | १५७ | १८३ | ३४० | ९ | ० | ० | ० | ३४० |
| | १० | १५३ | १६६ | ३१९ | १० | ० | ० | ० | ३१९ |
| | ११ | १५९ | १२५ | २८४ | ११ | ० | ० | ० | २८४ |
| | १२ | १४० | १५७ | २९७ | १२ | ० | ० | ० | २९७ |
| | जम्मा | ६०९ | ६३१ | १२४० | जम्मा | ० | ० | ० | १२४० |
| | प्रतिशत | ४९.११ | ५०.८८ | १०० | प्रतिशत | ० | ० | ० | १०० |

स्रोत: लेकम गाउँपालिका पार्श्वचित्र, २०७५ ।

### १.११.३ तहगत शिक्षक तथा कर्मचारी विवरण

यस गाउँपालिकाको शिक्षक तथा कर्मचारी विवरण अन्तर्गत ECD शिक्षक २८, आधारभूत तह १-५ शिक्षक दरवन्दी १००, आधारभूत तह १-५ राहत दरवन्दी २५, आधारभूत तह ६-८ शिक्षक दरवन्दी २०, आधारभूत तह ६-८ राहत दरवन्दी ११, माध्यमिक तह ९-१० शिक्षक दरवन्दी १६, माध्यमिक तह ९-१० राहत दरवन्दी ०७, माध्यमिक तह ११-१२ शिक्षक दरवन्दी ४, माध्यमिक तह ११-१२ राहत दरवन्दी ४, गा.पा. सहजकर्ता शिक्षक ४९, विद्यालय सहायक कर्मचारी १० र विद्यालय सहयोगी ५२ रहेका छन् ।

**तालिका नं. ११ : तहगत शिक्षक तथा कर्मचारी विवरण**

| | शिक्षक/कर्मचारी दरवन्दी | राहतदरवन्दी | नीजि |
|---|---|---|---|
| ECD शिक्षक | २८ | ० | ० |
| आधारभूत तह१-५ | १०० | २५ | ० |
| आधारभूत तह६-८ | २० | ११ | ० |
| माध्यमिक तह९-१० | १६ | ७ | ० |
| माध्यमिक तह ११-१२ | ४ | ४ | ० |
| गा.पा.सहजकर्ता शिक्षक | ० | ० | ४९ |
| विद्यालय सहायक कर्मचारी | १० | ० | ० |
| विद्यालय सहयोगी | ५२ | ० | ० |

स्रोत : IEMIS २०७८ ।

### १.११.४ विद्यालय स्तरमा रहेका वालक्लवको विवरण

यस गाउँपालिकामा कुल २७ वटा विद्यालयस्तरको वालक्लवहरू रहेका छन् । जसमा कुल ३६९ वालवालिकाहरू सहभागी छन् । त्यस मध्ये १६९ जना वालिका छन् । वालक्लको सबैभन्दा वढी सङ्ख्या वडा नं. ४ मा रहेको छ । वालक्लवले खासगरी वालवालिकाको नेतृत्व विकास गर्नका लागि सहयोग पुऱ्याउनुका साथै वालवालिकाकालागि बन्ने योजनाहरूमा पनि वालवालिकाको सहभागितामा भएमा वालवालिकाका वास्तविक समस्या सम्बोधनका निमित्त सहयोग पुऱ्याउँछ । त्यसैले नगरपालिकाले विद्यालयका साथसाथै समुदाय स्तरका वालक्लव गठन गर्नका लागि पनि योजना बनाउनु पर्ने देखिन्छ ।

**तालिका नं. १२ वडागत बालक्लवको विवरण**

| बालक्लवको विवरण | | | | |
|---|---|---|---|---|
| वडा नं. | बालक्लवको कुल संख्या | बालिका सदस्य | बालक सदस्य | जम्मा |
| १ | ६ | ३९ | ४६ | ८५ |
| २ | ४ | २० | ३० | ५० |
| ३ | ३ | १६ | ३३ | ४९ |
| ४ | ६ | ३२ | ३८ | ७० |
| ५ | ३ | २४ | १८ | ४२ |

| | | | | |
|---|---|---|---|---|
| ६ | ५ | ३८ | ३५ | ७३ |
| **जम्मा** | **२७** | **१६९** | **२००** | **३६९** |

स्रोत : लेकम गाउँपालिका पार्श्वचित्र, २०७५ ।

नेपालको संविधान, शिक्षा नीति, शैक्षिक संरचना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार यस गाउँपालिकाले सबैका लागि शिक्षा सुनश्चित गर्न प्रयास गरिरहेको छ । यस गाउँपालिकाले शिक्षा क्षेत्रमा तलका अधिकारहरूको प्रभावकारी कार्यान्वयनमा नीति निर्माण, योजनातर्जुमा, स्रोत परिचालन, जनशक्ति परिचालन जस्ता कार्यहरू गर्दै आएको छ ।

१. प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथावैकल्पक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा,कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन ।
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन ।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन / मूल्याङ्कन रनियमन ।
४. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमती, अनुगमन र नियमन ।
५. गाभिएका वा बन्द गरीएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन
६. गाउँ तथा नगर शिक्षा समिति गठन र व्यवस्थापन
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
८. विद्यालयको नामाकरण
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण,
११. सामुदायिक विद्यालयको शिक्षक एवं कर्मचारीको दरबन्दी मिलान,
१२. विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
१५. विद्यार्थी सिकाइको उपलब्धिको परीक्षण र व्यवस्थापन,
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
१७. ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
१८. स्थानीय स्तरका शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

२१. सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्यायको लेखा अनुशासनकायम, अनुगमन र नियमन,

२२.शिक्षण सिकाइ र शिक्षक र कर्मचारीको तथा क्षमता विकास,

२३.अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

## १.१२ भू-उपयोग र स्वामित्व

### १.१२.१ गाउँपालिकाको वर्तमान भू-उपयोग सम्बन्धी विवरण

लेकम गाउँपालिको कुल क्षेत्रफल ८३.९८ (अहिलेको वस्तुगत विवरण अनुसार ९० वर्ग कि.मि.) वर्गकिलोमिटर मध्ये ३० प्रतिशत भू भाग कृषि क्षेत्रले ओगटेको छ, २७.७७ प्रतिशत आवास क्षेत्रले ओगटेको छ भने सवै भन्दा कम क्षेत्र औद्योगिक क्षेत्रले २.२२ प्रतिशत मात्र ओगटेको छ । त्यसकारण उपलब्ध तथ्याङ्कबाट नै प्रष्ट हुन्छ यस गाउँपालिकाका जनताहरू कृषि क्षेत्रमा वढी निर्भर रहेका छन् ।

गाउँपालिकाको माटोको बनावट, खेतीयोग्य जमिन, नदीनाला, सिमसार क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिका बासीहरूको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन स्थानीय स्तरमा नै रोजगारी सृजना गर्ने नीति अवलम्वन गर्नुपर्ने देखिन्छ ।

**तालिका नं. १३ : भू-उपयोग सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | लेकम गाउँपालिका | |
|---|---|---|---|
| | | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
| १ | कृषि क्षेत्र | २७ | ३० |
| २ | वन तथा चरन क्षेत्र | १२ | १३.३३ |
| ३ | आवास क्षेत्र | २५ | २७.७७ |
| ४ | नदिनालाले ओगटेको क्षेत्र | १२ | १३.३३ |
| ५ | ताल तलैया | ० | ० |
| ६ | सिमसार क्षेत्र | ६ | ६.६६ |
| ७ | औद्योगिक क्षेत्र | २ | २.२२ |
| ८ | सडकले ओगटेको क्षेत्र | २ | २.२२ |
| ९ | अन्य | ४ | ४.४७ |
| | **जम्मा** | **९०** | **१००** |

स्रोत : लेकम गाउँपालिका पार्श्वचित्र, २०७५।

## १.१३ रोजगारीको अवस्था

गाउँपालिकाको रोजगारीको अवस्था हेर्दा यस वडाका ८० प्रतिशत भन्दा वढी घरपरिवारहरू कृषि पेसामा आवद्ध भएको देखिन्छ त्यसमा पनि व्यवसायिक भन्दा गुजारान्मुखको सङ्ख्या अधिक छ । आर्थिक रुपले सक्रिय जनसङ्ख्यामा पनि जम्मा १०८४० जनसङ्ख्यामा २५३२ जना मात्र व्यवसायिक रुपमा विभिन्न पेसामा आवद्ध भई जिविकोपार्जन

गरिरहेको तथ्याङ्कले देखाउँछ । जसमा आफ्नै व्यवसाय गरिरहेकाको सङ्ख्या २३.३० प्रतिशत, सरकारी जागिर (शिक्षक, प्रहरी, सेना, डाक्टर) गरीरहेका २३.०६, गैरसरकारी पेसामा संलग्न ६.७५ प्रतिशत र बैदेशिक रोजगारीमा ४६.८८ प्रतिशत युवाहरू संलग्न रहेका छन् ।वडागत रुपमा हेर्दा सबैभन्दा वढी सरकारी जागिरमा आवद्ध वडा नं. ५ (१५१ जना) रहेका छन्, गैरसरकारी जागिरमा र बैदेशिक रोजगारीमा सबैभन्दा वढी जाने वडामा ४ नम्बर पर्दछ ।

**तालिका नं. १३ : वडागत रोजगारीको विवरण**

| रोजगारी विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं. | स्वरोजगार | रोजगारी सरकारी | रोजगारी गैरसरकारी | रोजगारी बैदेशिक | कुल जम्मा | रोजगारी वार्षिक आम्दानी |
| १ | २६ | ६६ | २२ | २५९ | ३७३ | ४६६८२५०० |
| २ | १४१ | ३१ | ४ | २६ | २०२ | १७२४०००० |
| ३ | १४ | १५० | २९ | १८८ | ३८१ | ४१६५८००० |
| ४ | ११८ | १४४ | ५९ | २८३ | ६०४ | ७६९५१४०० |
| ५ | २४१ | १५१ | ५५ | २०५ | ६५२ | ६९३३४००० |
| ६ | ५० | ४२ | २ | २२६ | ३२० | ३०४३२३०० |
| **जम्मा** | **५९०** | **५८४** | **१७१** | **११८७** | **२५३२** | **२८२२९८२००** |
| **प्रतिशत** | **२३.३०** | **२३.०६** | **६.७५** | **४६.८८** | **१००.००** | |

स्रोत : लेकम गाउँपालिका पार्श्वचित्र, २०७५ ।

**१.१४ उद्योग, व्यापारतथा व्यवसाय सम्बन्धी विवरण**

गाउँपालिकामा १३६ वटा व्यापार, व्यवसायहरू देखिए सबैभन्दा वढी दैनिक उपभोगका लागि आउने किराना पसल र होटलहरू को सङ्ख्या देखियो । त्यसैगरी गाउँपालिका भरि २ वटामात्र क्लिनिक तथा औषधीपसल रहेको देखियो । अन्य विवरण तलको तालिकामा स्पष्ट पारिएको छ ।

**तालिका नं. १४ : उद्योग, व्यापार, व्यवसाय सम्बन्धी विवरण**

| सि.नं. | व्यापार, व्यवसाय विवरण | जम्मा संख्या |
|---|---|---|
| १ | टेलर्स | २४ |
| २ | भाडा व्यवसायी | १ |
| ३ | क्लिनिक तथा औषधि व्यवसायी | २ |
| ४ | इलेक्ट्रोनिक व्यवसायी | ४ |
| ५ | किराना पसल व्यवसायी | ४० |
| ६ | खाजाघर तथा चिया पसल | ४० |
| ७ | निर्माण व्यवसायी तथा सप्लायर्स | ४ |
| ८ | पुस्तक व्यवसायी तथा फोटोकपि | ६ |
| ९ | मनी ट्रान्सफर | १ |

| | जम्मा | १३६ |
|---|---|---|

स्रोत: लेकम गाँउपालिका पार्श्वचित्र, २०७५ ।

## १.१५ कृषि तथा पशु विकास

### १.१५.१ खाद्यान्न आपूर्तिको अवस्था

यस गाउँपालिकाको वस्तुगत विवरण संकलनका क्रममा खाद्यान्नको विवरण संकलन गर्दा ४ वटा श्रेणीमासूचना संकलन गरिएको थियो । जुन तालिकाबाट पनि प्रष्ट पार्न सकिन्छ । यस गाउँपालिकाको कुलघरधुरीसङ्ख्या २५१४ मध्ये ६ महिनासम्म खानपुग्ने घरपरिवारको सङ्ख्या ३६.९५ प्रतिशत रहेको छ ।२९.२०प्रतिशत घरपरिवारलाई जम्मा ३ महिना सम्म मात्र खाद्यान्न पुग्छ । खाद्यान्नको संकट सबैभन्दा वढी वडानं. १ र २ मा देखिन्छ । जसमा १२ महिना सम्म खाद्यान्न पुग्ने घरधुरी सङ्ख्या क्रमशः ३.३८ र ५.८५प्रतिशत रहेको छ, भने वडा नं.३मा खाद्यान्नको सबैभन्दा राम्रो अवस्था रहेको देखिन्छ । यस वडामा १२ महिनाखान पुग्ने घरधुरीको संख्या  ८८.८६ प्रतिशत रहेको छ ।

**तालिका नं. १५ : खाद्यान्न निर्भरता विवरण**

| वडा नं. | महिना | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ३ महिना भन्दा पनि कम | प्रतिशत (%) | ३ महिनासम्म | प्रतिशत (%) | ६ महिना | प्रतिशत (%) | १२ महिना | प्रतिशत (%) |
| १ | १८ | ४.०५ | ७३ | १६.४४ | ३३८ | ७६.१३ | १५ | ३.३८ |
| २ | १४७ | ३५.८५ | १८४ | ४४.८८ | ५५ | १३.४१ | २४ | ५.८५ |
| ३ | ४० | ११.१४ | ० | ०.०० | ० | ०.०० | ३१९ | ८८.८६ |
| ४ | २५ | ४.९६ | १८९ | ३७.५० | २०६ | ४०.८७ | ८४ | १६.६७ |
| ५ | ५ | १.०७ | १९२ | ४१.११ | २१० | ४४.९७ | ६० | १२.८ |
| ६ | ३६ | १०.९ | ९६ | २९.१ | १२० | ३६.४ | ७८ | २३.६ |
| **जम्मा** | **२७१** | | **७३४** | | **९२९** | | **५८०** | |
| **प्रतिशत** | **१०.७८** | **०.००** | **२९.२०** | **०.००** | **३६.९५** | **०.००** | **२३.०७** | |

स्रोत : लेकम गाउँपाद्लिका पार्श्वचित्र, २०७५ ।

## १.१६ व्यवसाय र पशुपालनको अवस्था

लेकम गाउँपालिकाका ६ ओटै वडाको विवरण हेर्दा व्यावसायिक रुपमा तरकारी खेती, नगदेवाली, फलफुल खेती र पशुपालन गर्ने प्रणाली देखिदैन । आफ्नो घरपरिवारको परिपूर्तिका लागि सामान्यरुपमा गुजारान्मुख मात्र खेतीपाती तथा पशुपालन गर्ने गरेको देखिन्छ । सामान्यतः प्रत्येक परिवारले एक, दुईवटा गाईवाख्रा, बाख्रा, कुखुरा, वंगुर पालन गरि भैइपरिआएको बेलामा प्रयोग गर्ने गरेको देखिन्छ । अन्य व्यवसायमा१३४ वटा घरधुरीले पसलहरू गरेको देखिन्छ । त्यसमा पनि वडा नं.३ लेकम बजार गाउँपालिकाको मुख्यवजार

भएका कारण उक्त वडामा पसल, होटल गर्नेको सङ्ख्या अन्य वडाकोतुलनामा वढी देखिन्छ भनेसबैभन्दा कम वडा नं.२ मा देखिन्छ । सक्रिय जनसङ्ख्याको वाहुल्यता रहेको यस गाउँपालिकाले युवाहरूकोलागि स्थानीय स्तरमा नै स्वरोगजारमुलक व्यवसायहरूसञ्चालनका लागि सहयोग गर्न सकेमा परम्परागतरुपमा गर्दै आईरहेको पशुपालन, खेतीपातीलाई पनि गुजाराउन्मुख भन्दा व्यावसायिक वनाउन मद्दत पुग्ने देखिन्छ ।

**तालिका नं. १६ व्यवसाय तथा पशुपालन**

| व्यवसाय र पशुपालन विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं. | अन्य व्यवसाय सेवामुलक पसल | पशुपालन गाई संख्या | पशुपालन भैंसी संख्या | पशुपालन बंगुर संख्या | पशुपालन बाख्रा संख्या | पशुपालन कुखुरा संख्या |
| १ | १७ | ९४६ | ५२८ | ५००५ | ९३४ | ११० |
| २ | ३ | १ | २ | ० | २ | ० |
| ३ | ४५ | ७८१ | ३७३ | २५ | १२१८ | ७७ |
| ४ | २० | १३१८ | ५१० | १३६ | १२४८ | १०५ |
| ५ | २२ | १८ | २५० | १ | १६ | ६ |
| ६ | २७ | २७३ | २७१ | ८ | २९६ | १० |
| **जम्मा** | **१३४** | **२७३** | **२७१** | ८ | **२९६** | **१०** |

स्रोत : लेकम गाउँपालिका पार्श्वचित्र, २०७५ ।

**१.१७ सिंचित क्षेत्रफलको विवरण**

कृषिक्षेत्रले ओगटेको कुल २७.७७ वर्ग कि.मि. मध्ये सालैभर सिंचाई हुने क्षेत्रफल जम्मा ७६५ हेक्टर जमिन रहेको छ ।मौसमी सिंचित क्षेत्र ३३५२ हेक्टर छ । जसले गर्दा कुल खेतीयोग्य जमिन ८६४७ हेक्टर मध्ये उचित सिंचाईको अभावका कारण जम्मा ७८५६ हेक्टर जमिनमा मात्र यहाँका वासिन्दाले खेतीकार्य गर्दै आईरहेकाछन् । जिविकोपार्जनको मुख्य पेसाका रुपमा रहेको कृषि क्षेत्रमा पनि गुणस्तरीय रुपमा खेतीपाती गर्न नसकिरहेको अवस्थामा गाउँपालिकाका वासिन्दा रहेका छन् । त्यसैले गाउँपालिकाले कृषि विकासका लागि कृषि वृहत योजना वनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**तालिका नं. १७ : सिंचित क्षेत्रफलको विवरण**

| क्र.सं. | विवरण | क्षेत्रफल (हेक्टरमा) | कैफियत |
|---|---|---|---|
| १ | सालैभर सिंचित | ७६५ | |
| २ | मौसमी सिंचित | ३३७२ | |
| ३ | कुल सिंचित क्षेत्रफल | ४११७ | |
| ४ | सिंचाई नपुगेको जमिन | ६६९६ | |
| ५ | खेतियोग्य जमिन | ८५४७ | |
| ६ | खेति गरिएको जमिन | ७८५६ | |

स्रोत : लेकम गाउँपालिका पार्श्वचित्र, २०७५ ।

# परिच्छेद २

## २ नयाँ शिक्षा क्षेत्र योजना

### २.१ सन्दर्भ र औचित्य

नेपालमा प्रजातन्त्रको स्थापना पश्चात शिक्षा आर्जनका लागि विद्यालय तथा विश्वविद्यालयहरू स्थापना हुँदै आएकोइतिहाँस छ । सर्वसाधारणका लागि शिक्षा आर्जन गर्न सहज वातावरण भएसँगै सरकारले शिक्षासँग सम्बन्धित विभिन्न नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको देखिन्छ । वि.सं. २०१० को नेपालमा शिक्षा नामक योजनासँगै नेपालमा योजनाबद्धरूपमा शिक्षाको विकास भएको देखिन्छ । शिक्षामा आम नागरिकको पहुँच बृद्धि गरी शिक्षालाई व्यावसायिकतथा प्रतिस्पर्धी बनाउन विभिन्न कालखण्डमा शिक्षासँग सम्बन्धित योजना तथा परियोजनाहरू कार्यान्वयन गरिएका छन् । प्राथमिक शिक्षा योजना, आधारभूत तथा प्राथमिक शिक्षा योजना(पहिलो र दोस्रो), सबैका लागि शिक्षा योजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना यस्तै योजनाका उदाहरणहरू हुन । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षा क्षेत्रका सङ्घीय योजना तथा कार्यक्रमहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालका तर्फबाट प्रतिबद्धता जाहेर भएका क्षेत्रहरूले मार्गनिर्देश गरे बमोजिम शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने र लक्ष्यित उपलब्धि हासिल गर्ने जिम्मेवारी स्थानीय तहको भएकाले पनि योजनाबद्ध शैक्षिक विकास आजको आवश्यकता हुन गएको छ ।

नेपालको संविधानले शिक्षालाई मौलिक हककोरूपमा सुनिश्चित गरेको छ । प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य तथा नि:शुल्क र माध्यमिक तहको शिक्षालाई नि:शुल्क गरेको छ । त्यसैगरी गरीब तथा जोखिममा परेका बालबालिकाहरूलाई कानुन बमोजिम नि:शुल्क शिक्षाको हक प्रदान गरेको छ । संविधानको अनुसूचि ८ ले आधारभूत र माध्यमिक तहको शिक्षा स्थानीय तहको क्षेत्राधिकार भित्र राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार शिक्षा क्षेत्र व्यवस्थापनका लागि २३ ओटा अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसका अतिरिक्त, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयका लागि आवधिक, वार्षिक, रणनीतिगतरूपमा मध्यकालीन र दीर्घकालीन विकास योजना निर्माण गरी कार्यान्वयन गर्नसक्ने अधिकारको व्यवस्था गरेको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ले पनि स्थानीय तहले स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक र पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण तयार वा अद्यावधिक गर्ने र सोको आधारमा योजना निर्माण गर्ने कुरा उल्लेख गरेको छ । शिक्षा नीति, २०७६ ले पनि स्थानीय आवश्यकता अनुसार कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्ने कुरामा जोड दिएको छ । उल्लेखित नीतिगत व्यवस्थाको अधिनमा रही स्थानीय तहले तोकिएका अधिकारक्षेत्रका विषयहरूमा आम नागरिकहरूले लाभान्वीत भएको महसुस हुने गरी शिक्षा नीति, रणनीति, योजना तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

नेपालको संविधान बमोजिम तीन तहको शासकीय स्वरूप कार्यान्वयनमा रहेको छ । संविधानले तीन तहका सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा कार्य गर्न मार्गदर्शन गरेको सन्दर्भमा स्थानीय तहले शिक्षा सम्बन्धी एकल तथा साझा अधिकार लगायतका व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न तथा शिक्षालाई जीवनोपयोगी, प्रतिस्पर्धी एवम् संस्थागत बनाउँदै गुणस्तरीय शिक्षामा सबैको समतामुलक पहुँच सुनिश्चित गर्नका लागि हरेक स्थानीय तहले आफ्नो रणनीतिक योजना निर्माण गर्नु नितान्त आवश्यक छ । शिक्षा क्षेत्रमा तीनै तहका सरकारले बजेट विनियोजन गर्ने तर सोको कार्यान्वयनका लागि तीनै तहमा आवश्यक नीतिगत व्यवस्था नहुने, स्थानीय तहमा रहेका समस्या तथा मुद्धाहरूको पहिचान गरी कार्यक्रमहरू तर्जुमा नहुने, शिक्षा क्षेत्रमा गरेको लगानीको वास्तविक रूपमा मापन नहुने स्थितिमा सुधार ल्याउन स्पष्ट लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप सहितको योजना बनाउनु आवश्यक छ । योजनाबद्ध ढंगले प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तथा माध्यमिक शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षातथा जीवन पर्यन्त शिक्षा, खुला शिक्षा तथा वैकल्पिक सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा, समावेशी शिक्षा लगायतका क्षेत्रमा स्थानीय तहमा उपलब्ध स्रोतको सही सदुपयोग गरी अपेक्षित उपलब्धी हासिल गर्न सकिने हुन्छ ।

मुलुकको बदलिदो सामाजिक, साँस्कृतिक तथा राजनैतिक परिवेशमा संविधानले प्रत्याभुत गरेका नागरिकका मौलिक हकहरुको कार्यान्वयन, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा शैक्षिक विकासका लागि गरिएका प्रतिवद्धताहरु र समयानुकुल बैज्ञानिक तथा जिवनोपयोगी शिक्षा प्राप्तिकासाथै राष्ट्रको परिकल्पनालाई मध्यनजर गर्दै लेकम गाउँपालिकाले १० बर्षे शिक्षा योजना निमार्ण गरेको छ ।

### २.२ दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनिति तथा प्रमुख उपलव्धि सूचकहरू

लेकम गाउँपालिकाको शैक्षिक अवस्थाको समीक्षा सहित पहिचान गरिएका मुख्य चुनौति तथा समस्याहरूलाई सम्बोधन गर्न तल उल्लेखित दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनिति तथा प्रमुख उपलव्धि सूचकहरू तय गरी १० वर्षे रणनीतिक योजना निर्माण गरिएको छ ।

#### २.२.१ दूरदृष्टि

“समतामूलक, प्राविधिक एवम् गुणस्तरीय शिक्षा, प्रतिस्पर्धी तथा स्वावलम्वी जनशक्ति लेकमको अपेक्षा”

#### २.२.२ लक्ष्य

गुणस्तरीय, जीवनपयोगी र प्राविधिक तथा व्यावसायिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने ।

#### २.२.३ उद्देश्यहरू

१. विद्यालय उमेर समूहका सवै वालवालिकाहरूको शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
२. विद्यालय शिक्षाको सिकाइ उपलब्धिमा सुधार गर्नु ।
३. शिक्षकको पेसागत क्षमता विकास गर्नु ।
४. प्राविधिक, व्यावसायिक तथा प्रविधिमैत्री शिक्षामा पहुँच विस्तार गर्नु ।

५. अनौपचारिक तथा जिवनपर्यन्त सिकाइका अवसर विस्तार गर्नु ।

६. विद्यालय व्यवस्थापनमा सुशासन अभिवृद्धि गर्नु ।

### २.२.४ रणनीतिहरू

१. एक विद्यालय एक वालविकास केन्द्रको अवधारणा लागु गरी यसलाई निरन्तरता दिने ।(१)
२. विद्यालय बाहिर रहेका तथा गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूलाई विद्यालय शिक्षामा सहज पहुँचका निम्ति उचित प्रोत्साहन प्रदान गर्ने । (१)
३. विद्यालयमा सिकाइ वातावरण सुदृढ गर्ने । (२)
४. विद्यालयमा बालमैत्री, सिकाईमैत्री एवम् अपांगमैत्री भौतिक पुर्वाधारको विकास गर्ने । (२)
५. पुस्तकालय, विषयगत प्रयोगशाला र ICT Lab को स्थापना गर्ने । (२)
६. योजनाबद्ध शिक्षण प्रणालीको प्रबर्द्धन गर्ने । (२)
७. निरन्तर मूल्याङ्कनपद्धतिलाई शिक्षण सिकाइको अभिन्न अङ्गकोररूपमा अङ्गीकार गर्ने । (२)
८. कक्षा ३, ५ र ८ मा पालिकास्तरीय परिक्षा संचालन गर्ने । (२)
९. अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई नतिजामुखि बनाउने । (२)
१०. स्थानीय परिवेश र आवश्यकता अनुकुलको पाठ्यक्रमको विकास र कार्यान्वयन गर्ने ।
११. पाठ्यक्रम, कक्षा र विद्यार्थीको स्तर अनुकुल सन्दर्भ सामग्री र शिक्षण सिकाइ सामग्रीको विकास र कार्यान्वयन गर्ने । (२)
१२. मागमा आधारित छोटो अवधिकोशिक्षक पेसागत विकास तालिम सञ्चालन गर्ने । (३)
१३. शिक्षणमा आधुनिक प्रविधिसम्बन्धीशिक्षकहरूका लागि क्षमता विकास तालिम सञ्चालन गर्ने । (३)
१४. प्रधानाध्यापकको नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्ने । (३)
१५. अनुसन्धान तथा कार्यमूलक अनुसन्धानलाई शिक्षक पेसागत विकास तथा शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गकोरूपमा प्रबर्द्धन गर्ने। (३)
१६. विद्यालय तहमा प्राविधक धार सञ्चालनका लागि आवश्यकता पहिचान गर्ने । (४)
१७. आवश्यकताका आधारमा प्राथमिकतामा परेका प्राविधिक धारका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने । (४)
१८. प्राविधिक धार सञ्चालन भएका शैक्षिक संस्थाहररूको भौतिक पूर्वाधार विकास गर्ने । (४)
१९. प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूमा आवश्यक पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण सिकाइ सामग्रीहरूको आवश्यक प्रबन्ध मिलाउने । (४)
२०. प्राविधिक धार सञ्चालन भएका शैक्षिक संस्थाहरूमा कार्यरत शिक्षकहरूको क्षमता विकास गर्ने । (४)
२१. प्राविधिक तथा व्यवसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि प्रोत्साहन स्वरुप छात्रवृति प्रदान गर्ने । (४)

२२. एक वडा एक सिकाइ केन्द्रको अवधारणा अनुसार निरन्तर सिकाइ तथा जीवनपयोगी आयमूलक सिपका कार्यक्रमहरू सञ्चालन गर्ने । (५)

२३. सामुदायिक सिकाइ केन्द्रको थप सुदृढीकरण गरी निरन्तर सिकाइ तथा जीवन उपयोगी सीपका कार्यक्रम सञ्चालन गर्ने । (५)

२४. माध्यमिक विद्यालयमा अध्यनरत विद्यार्थीहरूलाई तोकिएको कुनै एक विषयको प्रयोगात्मक कार्यका लागि निरन्तर सिकाइका कार्यक्रमहरूमा परिचालन गर्ने । (५)

२५. दूर तथा खुला सिकाइ पद्धतिलाई अवलम्बन गरी निरन्तर सिकाइ कार्यक्रमहरू सञ्चालन गर्ने । (५)

२६. निरन्तर तथा जीवन पर्यन्त सिकाइ कार्यक्रमसँग आबद्ध जनशक्तिको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने । (५)

२७. सामूदायिक सिकाइ केन्द्रहरूलाई सामाजिक सचेतना केन्द्रको रूपमा विकास र सञ्चालन गर्ने । (५)

२८. विद्यालयबाट प्रदान गरिने सेवाहरूमा पारदर्शितार जवाफदेहिता सहित सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्ने । (६)

२९. विद्यालयमा शिक्षक विद्यार्थी आचार संहिता निर्माण गरी कार्यान्वयन गर्ने । (६)

३०. कार्य सम्पादन करार सम्झौता गरि पुरस्कार र दण्ड पद्धति संचालन गर्ने । (६)

३१. कार्यसम्पादनमा आधारित प्रोत्साहन पद्धतिको अबलम्बन गर्ने । (६)

३२. सामाजिक परीक्षणलाई थप प्रभावकारी वनाउने । (६)

### २.२.५ मुख्य कार्यसम्पादन सूचकहरू

| क्र.सं. | तह | सुचाङ्क | आधार वर्ष२०७९ | २०८३ | २०८८ |
|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बालविकास | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्नादर (%) | ३५.७ | | |
| १.२ | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्नादर (%) | ४५.६ | ६५ | ८५ |
| १.३ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका (%) | ९४.० | ९७ | १०० |
| २.१ | आधारभूत तह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९२.६ | ९६ | १०० |
| | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | १०६.९ | | |
| | | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (%) | ९८.३ | ९९ | १०० |
| | | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना | ११७.९ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | दर (%) | | | |
| | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (%) | ९९.८ | १०० | १०० |
| | | आधारभूत तह (कक्षा ६-८) मा कुल भर्ना दर (%) | १११.९ | | |
| | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ९९.० | १०० | १०० |
| | | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | ११५.४ | | |
| | | आधारभूत तह उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको (%) | ० | ० | ० |
| ३.१ | माध्यमिक तह | माध्यमिक तह (कक्षा ९-१०)मा खुद भर्ना दर(%) | ८३.४ | ९३ | १०० |
| | | माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्ना दर (%) | १५७.५ | | |
| | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर (%) | ४४.३ | ६४ | ८४ |
| | | माध्यमिक तह (कक्षा ११-१२) मा कुल भर्ना दर (%) | ५३.१ | | |
| ४.१ | | आधारभूत तह (कक्षा १-५)कक्षा पुरा गर्ने दर (%) | ८६.७ | ९५ | १०० |
| ४.२ | | आधारभूत तह (कक्षा ६-८) कक्षा पुरा गर्ने दर (%) | ९७.२ | १०० | १०० |
| ४.३ | | माध्यमिक तह (कक्षा ९-१०) कक्षा पुरा गर्ने दर (%) | ९७.७ | १०० | १०० |
| ४.४ | | आधारभूत तह (कक्षा १-५) कक्षा दोहोऱ्याउने दर (%) | ११.४ | ६ | ० |
| ४.५ | | आधारभूत तह (कक्षा ६-८) कक्षा दोहोऱ्याउने दर (%) | ०.९ | ० | ० |
| ४.६ | | माध्यमिक तह (कक्षा ९-१०) कक्षा दोहोऱ्याउने दर (%) | ०.० | ० | ० |
| ४.७ | | आधारभूत तह (कक्षा १-५) कक्षा छोड्ने दर (%) | २.१ | ० | ० |
| ४.८ | | आधारभूत तह (कक्षा ६-८) कक्षा छोड्ने दर (%) | १.९ | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.९ | | माध्यमिक तह (कक्षा ९-१०) कक्षा छोड्ने दर (%) | २.३ | ० | ० |

स्रोत : शिक्षा तथा मानव स्रोत विकास केन्द्रको तथ्याङ्क, २०७७ ।

# परिच्छेद-३

## ३ विद्यालय शिक्षाका मुख्य क्षेत्रहरू

### ३.१ प्रारम्भिक बालविकास तथा शिक्षा

#### ३.१.१ परिचय

चार वर्ष उमेरका बालबालिकाको सर्वाङ्गीण (शारीरिक, मानसिक, वौद्धिक, सामाजिक र संवेगात्मक) विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाका लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला हो । बालबालिकाले अहिले सिकेको कुरा नै भविष्यको सिकाइको जग हुने भएकाले यस तहमा बालबालिकालाई "सिक्नका लागि सिक्ने" (Learning to Learn) अभिप्रायले मनोरञ्जनात्मक तरिकाले सिकाउनुपर्ने व्यवस्था गरेको छ । बालविकास शिक्षाले खेल र वातावरणबाट प्राप्त अनुभवको माध्यमबाट बालबालिकामा अन्तर्निहित क्षमताको अभिवृद्धि गराई उनीहरूलाई भविष्यमा असल जीवनयापन गर्न सक्षम तुल्याउने गर्दछ । बालविकास शिक्षाले बालबालिकालाई आफ्नो परिवेशमा उपलब्ध अनुभवहरूमा सकारात्मक दृष्टि राखी मानसिक विकास गर्न तथा स्वस्थ रहन मद्दत गर्ने, सहयोगी, स्वावलम्बी, स्वतन्त्र, इमान्दार र समाजमा मिलेर रहन प्रेरित गर्ने, नैतिक, सामाजिक र शारीरिक विकासमा टेवा दिने, सामाजिक, प्राकृतिक र धार्मिकवातावरणप्रति सकारात्मक भावनाको विकासमा सहयोग गर्ने, सिर्जनात्मक प्रतिभा प्रस्फुरण गर्न विभिन्न क्रियाकलापहरूमा संलग्न गराउने, भाषिक सचेतना जगाउने र दैनिक क्रियाकलापहरूमा उपयुक्त भाषा प्रयोग गर्नका लागि सुन्ने, बोल्ने, पढ्ने र लेख्ने सिपप्रति अभिरुचि जगाउने तथा प्राथमिक तहको शिक्षाका लागि तयारी गर्ने क्रममा सिकाइमा अभिरुचि बढाउन भाषा, साहित्य, गणित, विज्ञान, कलाप्रति सकारात्मक सोच विकास गरी ती विषयहरूको प्रारम्भिक अवधारणाको जग बसाल्ने कार्य गर्दछ ।

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुने छ भनि उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संसोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाको अंगका रुपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । यस्ता कार्यक्रमहरू विभिन्न समयावधिमा सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुरा भएका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कानुनी प्रावधान रहेको छ । यो कार्यक्रम विद्यालय र समुदाय दुबैमा सञ्चालन गर्ने नीति भए तापनि पछिल्ला वर्षहरूमा विद्यालयमा सञ्चालन गर्ने प्रचलन बढ्दै गएको पाइन्छ । यसका लागि छुट्टै व्यवस्थापन समितिको व्यवस्था गरिए पनि विद्यालयमा आधारित केन्द्रको हकमा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिवाटै व्यवस्थित हुने गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रारम्भिक बालविकास तथा शिक्षामा गुणस्तर कायम गर्नका लागि प्रारम्भिक बालविकास सम्बन्धी मापदण्ड निर्देशिका, २०७६जारी गरी कार्यान्वयनमा ल्याएको छ

।बालविकास सहजकर्ताहरूका लागि एक महिने सघन र पुर्नताजगी तालिम प्रदान गर्ने लक्ष्य अनुरुप तालिम प्याकेज तयार भए पनि अधिकांशले तालिम पाउन सकेका छैनन् ।

### ३.१.२ वर्तमान अवस्था

लेकम गाउँपालिकामा हाल ३१ वटा सरकारी अनुदान प्राप्त बालविकास केन्द्रहरु सामुदायिक विद्यालय अन्तर्गत सञ्चालित छन् । बालविकास केन्द्र बालबालिकाको घरवाट १०-१५ मिनेटको पैदल दुरीमा हुनु पर्नेमा त्यस्तो गर्न सकिएको छैन् । १ कक्षा सञ्चालन भएका ३१ वटा सामुदायिक विद्यालयहरूमा बालविकास केन्द्र स्थापना भएको तथा १६ वटा सामुदायिक विद्यालयमा स्थापना हुन नसकेको अवस्था छ । हाल लेकम गाउँपालिकामा ४ वर्ष उमेर समूहका ८०९ बालबालिका छन् ती मध्ये ३१७ बालबालिकाहरू बालविकास केन्द्रमा अध्ययनरत छन् भने ४९२ बालबालिकाहरू बालविकास केन्द्रको पहुँच बाहिर रहेका छन् ।

**तालिका नं. १८ : प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँचको अवस्था**

| क्र.सं. | क्षेत्र | आ.व.२०७६ | आ.व. २०७७ |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालयको सङ्ख्या | ४७ | ४७ |
| २ | प्रारम्भिक बालविकास केन्द्र भएका सामुदायिक विद्यालयको सङ्ख्या | ३१ | ३१ |
| ३ | प्रारम्भिक बालविकास केन्द्रमा अध्ययनरत विद्यार्थी सङ्ख्या | २८९ | ३१७ |
| ४ | प्रारम्भिक बालविकास शिक्षामा कुल भर्ना दर | | ४५.६० |
| ५ | प्रारम्भिक बालविकास शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | | २८९ |

स्रोत : लेकम गाउँपालिका पार्श्वचित्र, २०७५ ।

### ३.१.३ अवसरहरू

१. बालविकासको क्षेत्रमा प्रत्येक वर्ष प्रति विद्यार्थी रु. ५०० का दरले विद्यालयले अनुदान प्राप्त गर्नु ।
२. प्रदेश सरकारले यस क्षेत्रमा जोड दिनु ।
३. गाउँपालिकाले बालविकासमा जोड दिनु ।
४. दिवा खाजा कार्यक्रम लागु हुनु ।
५. अभिभावकहरूमा क्रमशः ४ वर्ष पछि बालविकासमा भर्ना गर्नु पर्छ भन्ने चेतना वढ्दै जानु ।

### ३.१.४ समस्या र चुनौतीहरू

#### ३.१.४.१ समस्याहरू

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विकास, विस्तार तथा सञ्चालन र व्यवस्थापनमा देहायका समस्याहरू टड्कारो रूपमा विद्यमान छन् ।

१. सबै बालबिलकाहरलाई बालविकासको दायरामा ल्याउन नसक्नु ।

२. लक्ष्य अनुरूप बालबालिकाहरूको चौतर्फी विकासका लागि बालमैत्री वातावरण तयार गर्न नसक्नु ।
३. बालविकास केन्द्रहरूको भौतिक पूर्वाधार कमजोर हुनु ।
४. सिकाइ सामग्रीहरूको अपर्याप्तता ।
५. तालिम प्राप्त सहजकर्ताहरूको कमी ।
६. अभिभावक/समुदायको सहभागितामा कमी ।

**३.१.४.२ चुनौतीहरू**

प्रारम्भिक बालविकास तथा शिक्षाको सुनिश्चित गर्नमा देहायका चुनौतीहरू विद्यमान रहेका

छन् ।

१. भौगोलिक विकटताका कारण ४ वर्ष उमेर समूहका सबै बालबालिकाहरूको बालविकास तथा शिक्षामा सहज पहुँच ।
२. समुदायमा आधारित बालविकास केन्द्रहरूमा भौतिक पुर्वाधारको विकास ।
३. बालविकास केन्द्रहरूमा निर्धारित मापदण्ड बमोजिमका सिकाइ सामग्रीहरूको व्यवस्थापन ।
४. कार्यरत सहजकर्ताहरूको न्यूनतम शैक्षिक योग्यताको सुनिश्चितता र क्षमता विकासका अवसरहरूको विस्तार ।
५. बालविकास केन्द्रहरूको विकास र विस्तारमा अभिभावक तथा समुदायको सहभागिता अभिबृद्धि ।

**३.१.५ लक्ष्य**

बालबालिकाको सर्वाङ्गीण विकास र सिकाइका लागि आधारशिला तयार गर्ने ।

**३.१.६ उद्देश्यहरू**

१. ४ वर्षको उमेर समूहका सबै बालबालिकाहरूमा प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच विस्तार गर्नु।
२. ४ वर्षको उमेर समूहका सबै बालबालिकाहरूको चौतर्फी विकास (शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक, नैतिक र सिर्जनात्मक पक्ष) गराउनु ।
३. आधारभूत शिक्षाका लागि सिकाइको आधारशिला तयार गर्नु ।

**३.१.७ रणनीतिहरू**

यस पालिकाले सबै बालविकास केन्द्र तथा शिक्षालाई सबैको पहुँच सुनिश्चित गरी गुणस्तर

अभिबृद्धि गर्न निम्नलिखित रणनीति अपनाइने छ ।

१. कम्तिमा १ विद्यालय १ बालविकास केन्द्र स्थापना गर्ने । (१)
२. आवश्यकता अनुसार समुदायमा पनि बालविकास केन्द्र स्थापना गर्ने । (१)
३. वैकल्पिक सिकाइको प्रबन्धबाट ४ वर्ष उमेर समुहका बालबालिकाहरूको प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच सहज बनाउने । (१)

४. प्रारम्भिक बालविकास केन्द्रका बालवालिकाहरूको नियमित स्वास्थ्य परीक्षण र आधारभूत स्वास्थ्य उपचारको व्यवस्था गर्ने ।(१)
५. बालविकास केन्द्रको व्यवस्थापन तथा सञ्चालनका लागि लगानी सुनिश्चित गर्ने । (१ र २)
६. १ वडा १ बाल उद्यानको निर्माण गर्ने । (१ र २)
७. राष्ट्रियस्तरको न्यूनतम मापदण्ड निर्देशिकाको आधारमा बालविकास केन्द्रहरूलाई व्यवस्थित गर्ने ।(२ र ३)
८. बालविकास केन्द्रमा विषयक्षेत्रगत सिकाइ कुनाको स्थापना र सञ्चालन गर्ने । (२ र ३)
९. बालविकास केन्द्रमा सिकाइ र सामग्रीकोसङ्कलन, निर्माण तथा प्रयोग गर्ने ।(२ र ३)
१०. बालविकास सहजकर्ताहरूको पेसागत क्षमता विकास गर्ने ।(२ र ३)
११. बालविकास सहजकर्तालाई कार्यक्षमताको आधारमा प्रोत्साहन गर्ने । (२ र ३)
१२. अभिभावक शिक्षा तथा पैरवी कार्यक्रम व्यवस्थापन र सञ्चालन गर्ने । (१, २ र ३)
१३. प्रारम्भिक बालविकास शिक्षाका निर्धारित मापदण्ड अनुरुप सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई प्रवर्द्धन गर्ने । (२ र ३)

**३.१.८ अपेक्षित उपलब्धि,नतिजा र क्रियाकलाप तथा लक्ष्य**

**३.१.८.१ अपेक्षित उपलब्धि**

४ वर्ष उमेर समूहका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चितभएको हुने ।

**३.१.८.२ नतिजा**

१. प्रारम्भिक बालविकास शिक्षा उमेरका सबै बालबालिकाहरूलाई १ वर्षको प्रारम्भिक वाल विकास शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।
२. प्रारम्भिक बालविकास शिक्षा उमेरका सबै बालबालिकाहरूलाईबालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ।
३. प्रारम्भिक बालविकास शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेको हुने ।
४. प्रारम्भिक बालविकास शिक्षा उमेरका सबै बालबालिकाहरूको सिकाइ आवश्यकता सम्बोधन हुने ।
५. प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमको नमुना विकास हुने ।
६. प्रारम्भिक बालविकास शिक्षा कार्यक्रम कार्यान्वयनमा गाँउपालिका,परिवार,समुदाय, गै.स.स र विद्यालयहरू जिम्मेवार हुने ।

**३.१.८.३मुख्य क्रियाकलापहरू**

| क्र.सं. | कार्यक्रम र क्रियाकलाप | इकाई | भौतिक लक्ष्य पहिलो ५ वर्ष | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ |
| १ | गाउँपालिकाभरि बालविकास | पटक | १ | | | | | १ | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | केन्द्रको पहुँच बाहिर रहेका बालबालिकाको सर्वेक्षण | | | | | | | | | | | |
| २ | विद्यालयमा बालविकास केन्द्रको स्थापना | केन्द्र | १६ | | | | | | | | | |
| ३ | समुदायमा बालविकास केन्द्रको स्थापना | केन्द्र | | | १ | १ | १ | १ | १ | | | |
| ४ | भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ५ | अभिभावक सचेतना शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ६ | बालबालिकाको लागि सिकाइ तथा खेल सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १ | १ | | | |
| ७ | न्यूनतम मापदण्डका आधारमा बालविकासको सुनिश्चितताका लागि सहयोग कार्यक्रम | केन्द्र | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ८ | बालविकास तथा शिक्षामा थप शिक्षकको व्यवस्था | जना | १६ | | १ | १ | १ | १ | १ | | | |
| ९ | बालविकास शिक्षकको क्षमता विकास तालिम सञ्चालन | जना | ३१ | १६ | | | | ४७ | | ५ | | |
| १० | बालविकास शिक्षकलाई कार्यसम्पादनका आधारमा प्रोत्साहन | जना | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| ११ | नमुना बालविकास केन्द्र विकास कार्यक्रम | केन्द्र | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| १२ | वडास्तरीय बाल उद्यान निर्माण स्थापना तथा सञ्चालन | वडा | | | | | १ | १ | १ | १ | १ | १ |
| १३ | बालबालिकाको स्वास्थ्य परीक्षण कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | २ | २ | २ | २ |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

सामान्यतया आधारभूत शिक्षा भन्नाले ५ वर्ष देखि १२ वर्ष उमेर समूहका बालबालिकाहरूलाई कक्षा १ देखि कक्षा ८ सम्म दिइने शिक्षालाई बुझाउँछ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी सामाजिक र आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । आधारभूत शिक्षाले बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्दछ । यसको मूल उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास

गरी राष्ट्रियताको संरक्षण र सम्बर्द्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भइ मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान हुने अपेक्षा गरिएको छ ।

नेपालको संविधानले आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र नि:शुल्क पाउने हकको प्रत्याभूति गरेको छ । यसैगरी अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीनै तहका सरकारको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउने प्रत्येक नागरिकको हुने कुरा उल्लेख गरेको छ । यसरी संविधान लगायत अन्य क्षेत्रगत कानूनी व्यवस्थाअनुसार गाउँपालिका क्षेत्रभित्र रहेका आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरूलाई गुणस्तरीय आधारभूत तहको शिक्षामा पहुँच सुनिश्चित गर्नु आवश्यक देखिन्छ ।

**३.२.२ वर्तमान अवस्था**

लेकम गाउँपालिका भित्र हाल ४७ ओटा सामुदायिक विद्यालयहरू मध्ये कक्षा १ देखि ३ सम्म मात्र सञ्चालित विद्यलय १० ओटा, कक्षा १ देखि ५ सम्म मात्र सञ्चालित विद्यालय १६ ओटा, कक्षा १ देखि ८ सम्म मात्र सञ्चालित ११ ओटा तथा १ देखि १० सम्म सञ्चालित माध्यमिक विद्यालयहरू १० ओटा छन् । आधारभूत तहको शिक्षक दरवन्दी १२२ छ । कक्षा १-५ र १-८ को खुद भर्ना दर ९९ प्रतिशत पुगेको छ । कक्षा ८ को कक्षा दोहोर्‍याउने दर ०.९ र आधारभूत तह पुरा गर्ने दर ९७.२ रहेको छ । शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा १:१५ र कक्षा १-८ मा १:३० रहेको छ ।

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| कक्षा १-५ | ९८२ | १००५ | १९८७ |
| कक्षा६-८ | ५८० | ५२५ | ११०५ |

**आधारभूत तहको शैक्षिक सूचक तथा प्रक्षेपण**

| क्षेत्रहरू | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|
| सामुदायिक विद्यालयको सङ्ख्या | ४९ | ४७ |
| संस्थागत विद्यालयको सङ्ख्या | ० | ० |
| कक्षा १-५ को सामुदायिक विद्यालयको विद्यार्थी सङ्ख्या | १९८७ | १७८१ |
| कक्षा ६-८ को सामुदायिक विद्यालयको विद्यार्थी सङ्ख्या | ११०५ | ९४३ |
| प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा | २९९ | २४९ |

| | | |
|---|---|---|
| भर्ना भएका बालबालिका सङ्ख्या | | |
| कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद भर्ना दर | ९२.६ | ९६.४ |
| आधारभूत तह कक्षा १-५ को खुद भर्ना दर | ९८.२ | ९८.३ |
| आधारभूत तह कक्षा ६-८ को खुद भर्ना दर | ९९.८ | ९९.८ |
| आधारभूत तह कक्षा १-८ को खुद भर्ना दर | ९९ | ९९ |
| आधारभूत तह कक्षा १-५ को औसत सिकाइ उपलब्धि | | ५८.७१ |
| आधारभूत तह कक्षा ६-८ को औसत सिकाइ उपलब्धि | | ६१.७० |

**३.२.३ अवसरहरू**

१. आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क पाउने संवैधानिक व्यवस्था हुनु ।
२. स्थानीय तहमा नै शिक्षा ऐन तथा नियमावली निर्माण भई कार्यान्वयनमा आउनु ।
३. कक्षा १२ सम्मको शिक्षा सम्बन्धी जिम्मेवारी र अधिकार स्थानीय सरकारमा निहित हुनु ।
४. अभिभावकको चेतनास्तरमा सुधार हुनु ।
५. शिक्षा क्षेत्रमा काम गर्ने गैर सरकारी संघ संस्थाहरूसँगको सहकार्यको अवसर उपलब्ध हुनु ।

**३.२.४ समस्या तथा चुनौतीहरू**

**३.२.४.१ समस्याहरू**

१. कक्षागत र विषयगत शिक्षकहरूको अपर्याप्तता हुनु ।
२. पोषण, स्वास्थ्य परीक्षण, प्राथमिक उपचार र दिवाखाजाका लागि स्रोतको अपर्याप्तता हुनु ।
३. अभिभावक सचेतनामा कमी हुनु ।
४. भौतिक पूर्वाधारको कमी हुनु ।
५. बालमैत्री सिकाइ वातावरणको अभाव हुनु ।
६. शिक्षकहरूमा पेसागत दक्षताको कमी हुनु ।
७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रभावकारीरूपमा कार्यान्वयन नहुनु ।
८. स्रोत सामग्रीहरूको अपर्याप्तता हुनु ।
९. विद्यार्थीहरूको औषत सिकाइ सक्षमता राष्ट्रिय औषतभन्दा न्यून हुनु ।
१०. शिक्षक विद्यार्थी नियमितताको कमी हुनु ।
११. प्र.अ, शिक्षक, वि.व्य.स., शिक्षक अभिभावक संघमा व्यवस्थापकीय क्षमताको कमी हुनु ।

**३.२.४.२ चुनौतीहरू**

१. विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालमा ल्याउनु ।

२. फरक क्षमता (विविध प्रकारका अपाङ्गता) भएका बालबालिकाहरूलाई आधारभूत तहको शिक्षाको दायरामा ल्याउनु ।

३. हरेक विद्यालयमा निर्धारित मापदण्ड बमोजिमको भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण सुनिश्चित गर्नु ।

४. आधारभूत शिक्षाका लागि न्यूनतम स्रोतको सुनिश्चितता गर्नु ।

५. कक्षागत र विषयगत शिक्षक व्यवस्थापनको सुनिश्चितता गर्नु ।

६. तीन तहका सरकारबीच समन्वय रसहकार्यमा अन्यौलता विद्यमान रहनु ।

**३.२.५ लक्ष्य**

५-१२ वर्ष उमेर समूहका सवै बालबालिकालाई आधारभूत तहको गुणस्तरीय शिक्षामा सहज पहूँचसुनिश्चित गर्ने।

**३.२.६ उद्देश्यहरू**

आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु यस योजनाको समग्र उद्देश्य रहेको छ । यसका लागि निम्नलिखित उद्देश्यहरू राखिएका छन् ।

१. ५-१२ वर्ष उमेर समूहका सबै बालबालिकालाई अनिवार्य र नि:शुल्क आधारभूत शिक्षामा पहुँच विस्तार गर्नु ।
२. आधारभूत तहको सिकाइ सक्षमतामा अभिवृद्धि गर्नु ।
३. आधारभूत तहमा आन्तरिक सक्षमतामा सुधार गर्नु ।
४. शिक्षक, प्र.अ., वि.व्य.स, शिक्षक अभिभावक संघ क्षमता विकास गर्नु ।
५. आधारभूत तहका विद्यालयहरूमा सुशासन कायम गर्नु ।

**३.२.७ रणनीतिहरू**

माथिका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीति अवलम्बन गरिनेछन् ।

१. ५-१२ वर्ष उमेर समूहका सबै बालबालिको तथ्याङ्क अद्यावधिक गर्ने ।(१)
२. नक्शाङ्कनको आधारमा विद्यालय स्थापना, सञ्चालन, व्यवस्थापन र समायोजन गर्ने । (१)
३. विद्यालय भर्ना अभियान सञ्चालन गर्ने । (१)
४. आधारभूत विद्यालयहरुको भौतिक र शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित गर्ने । (१ र २)
५. आधारभूत तहमा आन्तरिक सक्षमतामा सुधार गर्ने । (२)
६. शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउने । (२)
७. प्रारम्भिक कक्षा पढाइ सिपको प्रबर्द्धन गर्ने । (२)
८. आधारभूत तहको परीक्षा प्रणालीमा सुधार ल्याउने । (२)
९. सिकाइ सक्षमताको परीक्षण गरी सुधारका क्षेत्र पहिचान गर्ने । (२)
१०. विद्यालयहरूमासूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने । (२ र ३)

११. सङ्घीय र प्रदेश सरकारसँगसमन्वय तथा सहकार्य गरी प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउन आवश्यक लगानीको प्रबन्ध मिलाउने । (२र ३)
१२. ्विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गर्ने । (३ र ४)
१३. शिक्षक, प्र.अ., वि.व्य.स रशि.अ संघका पदाधिकारीका लागि तालिम, गोष्ठी, सेमिनार तथा अभिमुखीकरण जस्ता गतिविधिहरूलाई निरन्तरत दिने । (३ र ४)
१४. आधारभूत तहको शैक्षिकव्यवस्थापनमा जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता, सहभागिता र विधिसंगततालाई प्रवर्द्धन गर्ने । (५)

**३.२.८ उपलब्धि,नतिजा र प्रमुख क्रियाकलाप**

**३.२.८.१ अपेक्षित उपलब्धि**

गुणस्तरीय आधारभूत शिक्षामा ५-१२ उमेर समूहका सबै बालबालिकाको पहुँच सुनिश्चित भएको हुने ।

**३.२.८.२ नतिजा**

१. आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित हुने ।
२. सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सिकाइ वातावरणको निर्माण हुने ।
३. शिक्षक, प्र.अ., वि.व्य.स., शि.अ.सं.को तोकिएको भूमिका वहन गर्न सक्षम हुने ।
४. सक्रिय एवं उत्प्रेरित शिक्षकको व्यवस्थापन हुने ।
५. बालमैत्री र समावेशी सिकाइ  वातावरण निर्माण हुने ।
६. गुणस्तरीय सेवा प्रवाह र शैक्षिक सुशासन कायम हुने ।
७. आधारभूत तहका विद्यालयहरूको न्यूनतम मापदण्ड पुरा गरेको हुने ।
८. विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुने ।
९. बालबालिकाको स्वास्थ्य तथापोषणको अवस्थामा सुधार हुने ।
१०. शिक्षकले शिक्षण सिकाइमाबिताउने समयमा सुधार आउने ।

**३.२.८.३ मुख्य क्रियाकलापहरू**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य पहिलो ५ वर्ष | | | | | | भौतिक लक्ष्य बाँकी ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विषयगत तथा व्यवस्थापन तालिम | पटक | | १ | | | १ | २ | २ | |
| २ | बालमैत्री शिक्षण क्रियाकलाप सञ्चालन | निरन्तर | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | आधारभूत तहको परीक्षा नतिजा विश्लेषण तथा प्रबोधिकरण | पटक | | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ४ | आवश्यकता अनुसार भोतिक पूर्वाधार विकास | भवन | ओटा | | | | | | | | सङ्घ, प्रदेश र अन्य निकायसित समन्वय गरेर स्रोत व्यवस्थापन गर्ने |
| | | कक्षाकोठा | | | | | | | | | |
| | | शौचालय | | | | | | | | | |
| | | भान्साघर | | | | | | | | | |
| | | घेरबार | | | | | | | | | |
| ५ | विद्यालयलाई शैक्षिक सामग्री सहयोग कार्यक्रम | विद्यालय | | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | |
| ६ | पठन तथा गणितीय सिप विकासका लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्री सहितको कक्षाकोठा व्यवस्थापन | विद्यालय | | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | |
| ७ | विद्यालय तथा कक्षा समायोजनका लागि सर्वेक्षण | पटक | | १ | | | | | १ | १ | |
| ८ | विद्यालय तथा कक्षा समायोजन कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | विद्यालयहरूको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | शिक्षक पेसागत सहयोग प्रणालीको स्थापना | पटक | १ | | | | | १ | १ | |
| ११ | शिक्षक पेसागत सहयोग सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |
| १२ | विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | |
| १३ | वि.व्य.सर शि.अ. संघका पदाधसकारीहर को क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १४ | अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १५ | निरन्तर विद्यार्थी मूल्याङ्कन सञ्चालन | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | |
| १६ | निशुल्क शिक्षाको लागि पाठ्यपुस्तक, छात्रबृत्ति, सिकाइ सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | उत्कृष्ट शिक्षकसम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १८ | शैक्षिक सुशासन कायम गर्न छलफल तथा अन्तरक्रिया सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १९ | शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २० | शिक्षकका लागि क्षमता विकास तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २१ | विद्यालयस्तरीय पढाइ प्रतियोगिता सञ्चालन | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | |
| २२ | गाउँपालिकास्तरीय पढाइ प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २३ | शैक्षिक प्रदर्शनी सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २४ | विद्यालयलाई स्मार्ट बोर्ड वितरण | ओटा | | | १२ | १२ | १२ | ३६ | | |
| २५ | विद्यालयमा विषयगत प्रयोगशाला स्थापना | ओटा | १ | १ | १ | १ | १ | ५ | ५ | |

### ३.३ माध्यमिक शिक्षा

#### ३.३.१ परिचय

विद्यालय तहमा विगत लामो समयदेखि माध्यमिक शिक्षा कक्षा ९-१० मा ८०० पुर्णाङ्क र कक्षा ११-१२ विभिन्न विधागत उच्चमाध्यमिक तहको रुपमा अभ्यासमा रहेतापनि हाल राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ ले कक्षा ९ देखि १२ लाई माध्यमिक शिक्षाकायम गरेकोछ । जुन वि.स.२०७७ को शैक्षिक सत्रवाट कार्यान्वयनमा रहेकोछ । प्रारुपले गुरुकुल, गोन्पा, विहार, मदरसा र मुन्धुम लगायतका परम्परागत शिक्षापद्धतिलाई पनि माध्यमिक शिक्षामा समेटेकोछ । माध्यमिक शिक्षालाई साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने व्यवस्था गरेकोछ । माध्यमिक शिक्षाको पाठ्यक्रम संरचना एकल पथको हुनेछ । कक्षा ९ र १० को साधारण धारतर्फ प्रत्येक कक्षामा नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि र सामाजिक अध्ययन गरी पाँचवटा अनिवार्य विषयहरू र २ वटा ऐच्छिक विषयहरू रहनेछन्। यसै गरी कक्षा ११ र १२ साधारण शिक्षातर्फ अनिवार्य विषयकारुपमा अङ्ग्रेजी, नेपाली र सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा/ अनिवार्य गणित अनिवार्य विषयका रुपमा रहेका छन भने तीन ओटा ऐच्छिक विषय समावेश गरिएकोछ। यसका अतिरिक्त कक्षा ११ र १२ मा ऐच्छिक विषयको रुपमाएक अतिरिक्त विषय थप गर्न सकिने व्यवस्था गरिएको छ। प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास समेटिने व्यवस्था छ। शिक्षण सिकाइ क्रियाकलापका लागि पाठ्यभारको सट्टा कक्षा ९ र १० का लागि कुल १०२४ घण्टाको वार्षिक पाठ्यघण्टा र कक्षा ११ र १२ का लागि जम्मा ८६४ घण्टाको वार्षिक पाठ्यघण्टाको व्यवस्था गरिएकोछ। साथै उमेरगत रुपमा १३ र १४ वर्ष उमेर समूहका लागि कक्षा ९-१० र १५ र १६ वर्ष उमेर समूहका लागि कक्षा ११ र १२ तोकिएको छ भने तहगत रुपमा तह चार र पाँच हुन व्यवस्था गरिएको छ ।

नेपालको संविधान २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिकहकको रुपमा प्रत्याभूत गरेकोछ । जस अनुसार माध्यमिक तह सम्म नि:शुल्क शिक्षा पाउने हक सुनिश्चित गरेकोछ। नेपाल मा विद्यालय शिक्षामा पहुँच बढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरू हुँदै आएका छन् । सन् १९९० को दशक पश्चात यसले अझ गति लिएको देखिन्छ। यस अवधिमा राष्ट्रिय विकास योजना र शिक्षा सम्बन्धी राष्ट्रिय स्तरका योजनाहरूमा विद्यालय शिक्षा सुधारका लागि नीति, रणनीति, कार्यनीति, कार्यक्रम र कार्ययोजनाहरू अगाडि सारिएका छन्। यसै सन्दर्भमा विद्यालय क्षेत्रको योजना, २०२१-२०३० स्वीकृत भई कार्यन्वयनमा रहेकोछ। यस योजनाले नेपाललाई वि.स.२०८७ सम्ममा अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता तथा जीवनपर्यन्त सिकाइ जस्ता विषयमा जोड दिएकोछ ।

पन्ध्रौ योजना २०७६/७७ - २०८०/८१ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरी आधारभूत तहसम्म अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहको शिक्षा नि:शुल्क पाउने व्यवस्थामा जोड दिएकोछ। शिक्षालाई रोजगारमुलक बनाउँदै लैजान सिपमुलक तथा व्यावसायिक शिक्षाको विस्तारमा जोड दिई लगानी वृद्धि गर्ने, जनशक्तिलाई अन्तर्राष्ट्रिय स्तरमा समकक्षी र प्रतिस्पर्धी बनाउने, प्राविधिक शिक्षालाई हरेक स्थानीय तह सम्म सर्वसुलभ गराउने कुरा योजनामा उल्लेख गरिएको छ। यसयोजनाले गुणस्तरीय शैक्षिक वातावरण सिर्जना, खोज तथा अनुसन्धान, सामाजिक

तथा आर्थिक रुपान्तरणका लागि मानव संसाधन विकास, उत्पादनशील र नव प्रवर्तनशील मानवस्रोतको विकास, सबैलाई जीवनपर्यन्त शिक्षाको अवसर एवम्शैक्षिक निकाय र शिक्षण संस्थामा सुशासनकायम गर्ने जस्तापक्षलाई प्राथमिकतामा राखेकोछ ।

माध्यमिक शिक्षालाई आत्मविश्वासी, नैतिकवान, चरित्रवान, आदर्शवान, इमान्दार, लोकतान्त्रिक आचरणभएका, राष्ट्रिय एकताको भाव, बहुसाँस्कृतिक मूल्य मान्यता, विविधता, विपत व्यवस्थापन प्रति सचेतर जिम्मेवार, सबै प्रकारका पेसाप्रति सम्मान गर्न सक्ने सिपयुक्त, ज्ञान र प्रविधिले युक्त, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नसक्ने, व्यक्तिगत र राष्ट्रियरूपमा आइपर्ने समस्याहरूसँग जुध्नसक्ने, अरूको विचार र भावनाको सम्मान एवम् कदर गर्नसक्नेसकारात्मक सोच भएका सिर्जनशील नागरिक तयार पार्ने माध्यमकारूपमा लिइएको छ । यो तहको शिक्षा रोजगार बजारमा प्रवेश गर्न सक्ने सिप सहितको जनश्क्ति विकास तथा उच्च शिक्षाको लागि तयारीको आधारकारूपमा लिने गरिन्छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले गेणस्तरीय माध्यमिक शिक्षामा सबैको नि:शुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सृजनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । त्यसैगरी विज्ञान तथा नवपर्वतन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत तथा मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सृजनशीलता अभिबृद्धि गर्ने रणनीति लिएको छ । उल्लिखित उद्देश्यहरूलाई आत्मसाथ गरी लेकम गाउँपालिकाले पनि आधारभूत तह पुरा गरेका सबै बालबालिकाहरूलाई माध्यमिक तहमा प्रवेश गराई माध्यमिक तहको शिक्षा पुरा गर्ने वातावरण सृजना गर्न शिक्षाका सबै सरोकारवालाहरूको सहभागिता तथा जवाफदेहितामा माध्यमिक तहको शिक्षाको सञ्चालन तथा व्यवस्थापनमा सुधार ल्याउनु आजको आवश्यकता हो ।

### ३.३.२ वर्तमान अवस्था

सङ्घीय संरचना अनुरुप तीनवटै सङ्घ, प्रदेश र स्थानीय तहबाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भएपनि माध्यमिक तह सम्मको शिक्षा मूलत स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएकोछ । शिक्षाक्षेत्रको विकास तथा व्यवस्थापनका लागि सोहि अनुसार शिक्षाका संरचनाहरू बन्नेक्रममा छन्। प्रत्येक स्थानीय तहमा शिक्षा व्यवस्थापनका लागि शिक्षा, युवा तथा खेलकुद शाखा स्थापना गरी सोही शाखावाट शिक्षासँग सम्वन्धित सेवा प्रवाह भइरहेकोछ । गुणस्तरीय शिक्षाको सुनिश्चितता अभिवृद्धिका लागि विद्यालय शिक्षामा इन्टरनेटको पहुँचमा प्रगति, सूचना तथा सञ्चार प्रविधि सुविधामा विस्तार, कम्प्यूटर तथा विज्ञान प्रयोगशालाको स्थापनामा जोड दिनु पर्ने अवस्था छ। विद्यालयको अनुगमन तथा सुपरिवेक्षण र शैक्षिक सहयोगको जिम्मा स्थानीय तहलाई दिए पनि प्रशासनिक कार्यबोझका कारण शिक्षाको पेशागत सहयोग पर्याप्त देखिदैन।

**तालिका नं.लेकमगाउँपालिकाकोमाध्यमिकतहकोशैक्षिकविवरण**

| क्षेत्रहरू | आ.व.०७६/७७ | आ.व.०७७/७८ |
|---|---|---|
| माध्यमिकविद्यालयकोसंख्यासामुदायिक | | १० |
| माध्यमिकविद्यालयकोसंख्यासंस्थागत | | ० |

| | | |
|---|---|---|
| कक्षा ९–१२ को सामुदायिक विदयालयको विद्यार्थी संख्या | | ५८१ |
| माध्यमिक तह (कक्षा९-१०) मा कुल भर्नादर (%) | | १५७.५ |
| माध्यमिक तह(कक्षा९-१०)मा खुद भर्नादर(%) | | ८३.४ |
| माध्यमिक तह (कक्षा११-१२) मा कुल भर्नादर(%) | | ५३.१ |
| माध्यमिक तह (कक्षा११-१२) मा खुद भर्नादर (%) | | ४४.३ |
| माध्यमिक तह (कक्षा९-१२) मा कुल भर्नादर (%) | | ९९.३ |
| माध्यमिक तह (कक्षा९-१२) मा खुद भर्नादर (%) | | ६३.८ |
| समग्र सिकाइ उपलब्धि स्तर | | ५४.६३ |

स्रोत : लेकम गाउँपालिका पार्श्वचित्र, २०७८ ।

**३.३.३अवसरहरू**

१. माध्यमिक विद्यालय शिक्षामा विद्यार्थी भर्नाको प्रवृति बढ्दोक्रममा रहेको देखिनु ।
२. माध्यमिक तहको शिक्षा विकासका लागि स्थानीय सरकारबाट स्रोत परिचालन गर्न सक्ने वातवरण हुनु ।
३. शिक्षामा क्रियाशील गैर सरकारी संघ संस्थाको उपस्थिति रहनु ।
४. स्थानीय सरकारले शिक्षासँग सम्बन्धि ऐन, नियम, कार्यविधि निर्माण गरी लागु गरिएको अवस्था हुनु ।

**३.३.४ समस्या र चुनौतीहरू**

**३.३.४.१समस्याहरू**

१. कक्षागत र विषयगत शिक्षकहरूको अपर्याप्तता हुनु ।
२. अभिभावक सचेतनामा कमी हुनु ।
३. भौतिक पूर्वाधारको अपर्याप्तता तथा प्रभावकारी सिकाइ वातावरण निर्माण हुन नसक्नु ।
४. विषयगत शिक्षकको अपर्याप्तता हुनु ।
५. शिक्षकहरूमा पेसागत दक्षताको कमी हुनु ।
६. शिक्षककोवृत्तिविकासलाई विद्यार्थी सिकाइ उपलब्धिसँग सहसम्बन्ध (Correlation) कायम गर्न नसकिनु ।
७. विषयगत शिक्षण स्रोत सामग्रीहरूको अपर्याप्तता हुनु ।
८. विद्यार्थीहरूको औषत सिकाइ सक्षमता राष्ट्रिय औषतभन्दा न्यून हुनु ।
९. शिक्षक विद्यार्थी नियमितताको कमी हुनु ।
१०. प्र.अ, शिक्षक, वि.व्य.स., शिक्षक अभिभावक संघमा व्यवस्थापकीय क्षमताको कमी हुनु ।
११. विद्यालयछोड्ने (Drop Out) प्रवृति कायम रहुनु ।

**३.३.४.२ चुनौतीहरू**

१. माध्यमिक तह उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालमा ल्याउनु ।
२. निःशुल्कमाध्यमिकशिक्षाको कार्यान्वयन गर्नु ।

३. फरक क्षमता (विविध प्रकारका अपाङ्गता) भएका बालबालिकाहरूलाई माध्यमिक तहको शिक्षाको दायरामा ल्याउनु ।
४. हरेक विद्यालयमा निर्धारित मापदण्ड बमोजिमको भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण सुनिश्चित गर्नु ।
५. माध्यमिक शिक्षाका लागि न्यूनतम स्रोतको सुनिश्चितता गर्नु ।
६. विषयगत शिक्षक व्यवस्थापनको सुनिश्चितता गर्नु ।
७. तीन तहका सरकारबीच समन्वय रसहकार्यमा अन्यौलता रहनु ।
८. विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु ।
९. प्रत्येक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तारका लागि आवश्यक पूर्वाधारको विकास गर्नु ।

**३.३.५ लक्ष्य**

गुणस्तरीय माध्यमिक शिक्षामा १३-१६ वर्ष उमेर समूहका सबै बालबालिकाहरूको पहुँच सुनिश्चित हुने ।

**३.३.६ उद्देश्यहरू**

१. माध्यमिक तह उमेर समूहका सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्नु ।
२. माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्नु ।
३. माध्यमिक तहमा आन्तरिक सक्षमतामा सुधार गर्नु ।
४. शिक्षक, प्र.अ., वि.व्य.स, शिक्षक अभिभावक संघको क्षमता विकास गर्नु ।
५. माध्यमिक तहका विद्यालयहरूमा सुशासन कायम गर्नु ।

**३.३.७ रणनीतिहरू**

योजनाका निर्धारित उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनितिहरू अवलम्वन गरिनेछन् :

१. निर्धारित मापदण्ड अनुसार विद्यालय नक्साङ्कनका आधारमा विद्यालयहरूको स्थापनार समायोजन गर्ने। (१)
२. माध्यमिक तहका विद्यालयहरूमा न्यूनतम भौतिक पूर्वाधारको विकास गर्ने । (१)
३. माध्यमिक शिक्षा नीतिलाई कार्यान्वयन गर्न दिगो आर्थिक स्रोत पहिचान गर्ने। (१)
४. भर्नादर र टिकाउदर वढाउन वैकल्पिक माध्यमको प्रयोग तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने। (१)
५. माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक धारका विद्यालयहरू स्थापना र सञ्चालन गर्ने । (२)
६. सङ्घ तथा प्रदेशसँगको साझेदारीमा प्राविधिक धारका विद्यालयहरूका आवश्यक भौतिक पूर्वाधारको विकास गर्ने ।(२)
७. आधारभूत तह पूरा गरेका विद्यार्थीहरूलाई माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक धारका कार्यक्रम सम्बन्धी अभिमुखिकरण गर्ने । (२)
८. विषयगतरूपमा दक्ष शिक्षकहरूको व्यवस्था गर्ने । (३)
९. शिक्षक पेसागत विकास कार्यक्रमहरूलाई निरन्तरता दिने । (३)

१०. पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको उपलब्धता र प्रयोगमा जोड दिने । (३)
११. विद्यार्थी मूल्याङ्कन प्रणालीलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगकोरूपमा विकास र कार्यान्वयन गर्ने । (३)
१२. विद्यार्थीहरूलाई स्काउट, रेडक्रस, बालक्लब गठन गरी सामाजिक सेवामा संलग्न गराउने ।(३)
१३. 'समुदायका लागि विद्यालय' कार्यक्रम प्रवर्द्धन गर्ने ।(३)
१४. माध्यमिक शिक्षामा खुदभर्ना दर र टिकाउ दरमा बृद्धि गर्ने । (३)
१५. शिक्षकलाई विद्यार्थीहरूको सिकाइ उपलब्धिप्रति उत्तरदायी बनाउने । (४)
१६. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रुपमा एकीकृत गरी प्रविधिमैत्री, व्यवहारिक र नतिजामुलक बनाइने।(४)
१७. माध्यमिक तहका विद्यालयहरूको नियमितरूपमा अनुगमन, निरीक्षणतथा सुपरिवेक्षण प्राणालीको विकास मार्फत शिक्षक सहायता प्रणालीलाई मजबुत बनाउने । (४)
१८. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरूको निरन्तर अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गर्ने ।(४)
१९. माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्र.अ.को व्यवस्था गर्ने । (५)
२०. पालिका र प्र.अ. तथा प्र.अ. र शिक्षकबीच कार्यसम्पादन करार गर्ने । (५)
२१. शिक्षक, प्र.अ., वि.व्य.स र शि.अ संघका पदाधिकारीका लागि तालिम, गोष्ठी, सेमिनार तथा अभिमुखीकरण जस्ता गतिविधिहरूलाई निरन्तरत दिने । (५)
२२. माध्यमिक तहको शैक्षिक व्यवस्थापनमा जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता, सहभागिता र विधिसंगततालाई प्रवर्द्धन गर्ने । (५)
२३. शिक्षक कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई बस्तुनिष्ठ र नतिजामुखी बनाउने । (५)

### ३.३.६ उपलब्धि, नतिजा र मुख्य क्रियाकलाप तथा लक्ष्य

#### ३.३.६.१ अपेक्षित उपलब्धि

गुणस्तरीय माध्यमिक शिक्षामा १३-१६ वर्ष उमेर समूहका सबै बालबालिकाहरूको पहुँच सुनिश्चित भएको हुने।

#### ३.३.६.२ नतिजा

१. माध्यमिक तहको शिक्षामा १३-१६ वर्ष उमेर समूहका बालबालिकाको भर्ना अनुपात ७५ प्रतिशत पुगेको हुने ।
२. विद्यार्थी सिकाइ उपलब्धिस्तर बृद्धि भएको हुने ।
३. विभिन्न वर्ग (शारीरिक, लैङ्गिक, सामाजिक, भौगोलिक, भाषिक,आर्थिक) का बालबालिकाहरूको सिकाइउपलब्धिमासमानता भएको हुने।
४. माध्यमिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक धारका शिक्षामा पहुँचविस्तार भएको हुने ।
५. सबै माध्यमिक विद्यालयहरूले आधारभूत मापदण्ड पुरा गरेको हुने।
६. विद्यालयहरूमा कार्यरत जनशक्तिको क्षमता विकास भएको हुने ।

### ३.३.६.३ प्रमुख क्रियाकलापहरू

| क्र. सं | प्रमुख क्रियाकलापहरू | | इकाइ | पहिलो ५ वर्षको लक्ष्य | | | | | | बाँकी ५ वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि अनुदान सहयोग | | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| २ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास तालिम | | जना | २० | २० | २० | | | ६० | | |
| ३ | सरोकार सम्बद्ध पक्षहरूका बीचमा समन्वय, छलफल र अन्तरक्रिया | | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | विद्यालयकोपूर्वाधार | भवन | ओटा | | | | | | | | सङ्घीय, प्रदेश र अन्य निकायसित समन्वय गरी स्रोत व्यास्थापन गर्ने |
| | | कक्षाकोठा | | | | | | | | | |
| | | शौचालय | | | | | | | | | |
| | | खानेपानी | | | | | | | | | |
| | | घेरवार | | | | | | | | | |
| | | खेल मैदान | | | | | | | | | |
| | | फर्निचर | | | | | | | | | |
| | | चमेनागृह | | | | | | | | | |
| ५ | विद्यालयमा शैक्षिक सामग्री निर्माण कार्यशाला | | जना | २५ | २५ | | | | | | |
| ६ | विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अनुगमन, सुपरिवेक्षण र पृष्ठपोषण | | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | प्र.अ.तथा शिक्षकलाई पेसागत सहयोग | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ८ | बार्षिक रुपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ९ | विद्यालय स्तरीयत पालिका स्तरीय अतिरिक्त क्रियाकलाप प्रतियोगिता, शैक्षिक मेलासञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १० | उत्कृष्ट विद्यालय, प्र.अ., शिक्षक र कर्मचारी सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ११ | विद्यालयको शि.अ.संघ, वि.व्य.स.को क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १२ | शिक्षकले कक्षाकोठामा बिताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | |
| १३ | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १४ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १५ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | नियमित | १ | १ | १ | १ | १ | ५ | | |
| १६ | माध्यमिक तहका विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र रोजगार समबन्धी अभिमुखिकरण | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| १७ | रेडक्रस, बाल क्लब र स्काउटको स्थापना | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | शैक्षिक रेडियो कार्यक्रम | पटक | २० | २० | २० | २० | २० | १०० | | |
| १९ | सफल व्यक्तित्वसँग अन्तरक्रिया कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | | |
| २० | स्मार्ट बोर्ड वितरण | ओटा | ४ | ६ | १० | १० | १० | ४० | ८० | |
| २१ | विषयगत प्रयोगशाला | ओटा | १० | १० | १० | १० | १० | ५० | ५० | |
| २२ | प्राविधिक धारको पठनपाठन | विद्यालय | | | | | | | | |
| २३ | माध्यमिक विद्यालयहरूलाई आवासीयविद्यालयकोरूपमा विकास गर्ने | विद्यालय | | १ | १ | १ | १ | ४ | ६ | |
| २४ | प्रत्येक माध्यमिक विद्यालयमा एउटा अनुसन्धान कक्ष निर्माण गर्ने | ओटा | | १ | १ | १ | १ | ४ | ५ | |

## ३.४ उच्च शिक्षा

### ३.४.१ परिचय

देशको सामाजिक तथा आर्थिक विकासका लागि विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संसाधन विकास गर्नु उच्च शिक्षाको प्रमुख उद्देश्य रहेको छ । नेपालको संविधान २०७२ ले उच्च शिक्षा प्राप्त गरिसकेपछि न्यून, मध्यम, दक्ष र उच्च स्तरको जनशक्ति उत्पादन गर्ने लक्ष राखेको छ । स्नातक तहको जनशक्तिलाई मध्यम खालको जनशक्तिको रुपमा लिइन्छ भने स्नातकोत्तर र सो भन्दा माथि उत्तीर्ण गरेकालाई दक्ष जनशक्तिको रुपमा लिइन्छ । यस गाउँपालिका अन्तर्गत एकमात्र स्नातक तह सञ्चालन भएको श्री कृष्ण स्नातक क्याम्पस रहेको छ । उक्त क्याम्पसबाट मध्यम खालको जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । २०६५ साल मंसिर २५ गते त्रि.वि.वि.बाट सम्बन्धन प्राप्त गरेको उक्त क्याम्पसले लेकम गाउँपालिका लगायत छिमेकी गाउँपालिकाको सेवा क्षेत्रभित्र महत्वपूर्ण भूमिका खेलेको छ । आर्थिक रुपमा सम्पन्न क्याम्पस हुन नसकेपनि शैक्षिक रुपमा यस क्याम्पसको योगदान कम छैन । यस क्याम्पसले शिक्षा शास्त्र संकाय सञ्चालन गरी शैक्षिक जनशक्ति उत्पादन गरेपनि अन्य विधाका जनशक्ति उत्पादन गर्न बहुमुखी क्याम्पसका रुपमा सञ्चालन गर्न आवश्यक देखिन्छ ।

यस गाउँपालिकामा उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनलाई नियमित, व्यवस्थित र मर्यादित बनाउनु र उच्च शिक्षामा पहुँच अभिबृद्धि गर्नु आवश्यक देखिएको छ । उच्च शिक्षामा आर्थिकरूपले विपन्न र भौगोलिक रूपले पिछडिएको

यस गाउँपालिकामा नागरिकहरूको सहभागिता बढ्न सकेको छैन भने सञ्चालित  उच्च शिक्षा प्रदायक संस्थामा पनि उपयुक्त प्राज्ञिक वातावरण कायम गर्न सकिएको छैन । गाउँपालिकाको विशेषता, सन्दर्भ र विकासका सम्भावनाहरूलाई ध्यानमा राखी उच्च शिक्षाका राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र सँस्कृति, खेलकुद विज्ञान, जलवायु परिवर्तन लगायतका विविध क्षेत्रहरूमा उच्च शिक्षाको अवसर प्रदान गरेन उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न सामुदायिक, सार्वजनिक तथा नीजि क्षेत्रको सहकार्यलाई प्रोत्साहित गर्नु नितान्त आवश्यक देखिएको छ ।

### ३.४.२ वर्तमान अवस्था

यस क्षेत्रमा बसोबास गर्ने क्याम्पस पढ्ने उमेरका धेरैजसो विद्यार्थीहरू उच्च शिक्षा अध्ययनका लागि बाहिर जाने गरेको पाइन्छ । गुणस्तरीय शिक्षा, सुविधा आदि कारण देखाईशहरी क्षेत्रमा जाने विद्यार्थीहरूको ठूलो समूह रहेको देखिन्छ  तथापि गाउँठाउँमा पढ्ने इच्छा राख्ने र घरकै आटोपिठो खाएर सस्तोमा अध्ययन गर्न चाहने विद्याथीहरूका लागि यो संस्थाले ठूलो भुमिका निर्वाह गरेको पाइन्छ । स्थापनाकालदेखि हालसम्म यस क्याम्पसबाट ४१६ जना विद्यार्थीहरूले उच्च शिक्षा पूरा गरेको पाइन्छ । हाल यस क्याम्पसमा २०३ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् ।

### ३.४.३ अवसरहरू

१. गाउँपालिकामा उच्च शिक्षा अध्ययनका लागि क्याम्पस सञ्चालनमा रहेको ।
२. उच्च शिक्षा प्रति स्थानीय जनताको चासो बढेको अवस्था ।
३. स्थानीय सरकारले उच्च शिक्षाका लागि आवश्यक स्रोत साधनको प्रबन्ध गर्न सक्ने ।
४. उच्च शिक्षाका लागि आवश्यक विद्यार्थी सङ्ख्या पालिका भित्र सञ्चालित विद्यालयहरूबाट आपूर्ति हुनसक्ने ।
५. छिमेकी पालिका र अन्यत्रबाट पनि उच्च शिक्षा अध्ययनका लागि विद्यार्थी आपूर्ति हुने अवस्था रहेको ।

### ३.४.४ समस्या र चुनौतीहरू

#### ३.४.४.१ समस्याहरू

१. विभिन्न विधामा उच्च शिक्षा अध्ययनको अवसर प्राप्त नहुनु ।
२. उच्च शिक्षाका लागि दक्ष शिक्षकको कमी हुनु ।
३. भौतिक पूर्वाधारको कमी हुनु ।
४. उच्च शिक्षा विकास र वस्तारका लागि आवश्यक स्रोत साधनको अपर्याप्त हुनु ।

#### ३.४.४.२ चुनौतीहरू

१. विषयगत विवधता सहितको उच्च शिक्षा अध्ययनका लागि अवसर सृजना गर्नु ।
२. उच्च शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाहरूलाई आवश्यक भौतिक पूर्वाधार सम्पन्न बनाउनु ।
३. उच्च शिक्षाका लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन ।

### ३.४.५ लक्ष्य

स्थानीय आवश्यकताका आधारमा विवध विधामा उच्च शिक्षाको अवसर विस्तार गर्ने ।

### ३.४.६ उद्देश्यहरू

१. उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरूका लागि उच्च शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
२. उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको भौतिक पूर्वाधार निर्माण गर्नु ।
३. उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थालाई बहुविधामा कार्यक्रम सञ्चालन गर्न सक्षम बनाउनु ।
४. उच्च शिक्षामा आवश्यक पर्ने दक्ष जनशक्तिको व्यवस्थापन गर्नु ।

### ३.४.७ रणनीतिहरू

१. विविध संकायका कार्यक्रम सञ्चालन गर्ने शैक्षिक संस्थाको स्थापना तथा सञ्चालन गर्ने । (१)
२. उच्च शिक्षा हासिल गर्न चाहने कक्षा १२ पूरा गरेका विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने । (१)
३. सङ्घीय सरकार, प्रदेश सरकार र विश्वविद्यालय अनुदान आयोगसँगआवश्यक समन्वय गर्ने । (२)
४. क्याम्पसका भौतिक पूर्वाधार विकासका लागि सङ्घ र प्रदेशसँगको सहकार्यमा स्रोत व्यवस्थापन गर्ने । (२)
५. दिगो वित्तीय स्रोत व्यवस्थापनका लागि वैकलपिक स्रोतहरूको पहिचान र परिचालन गर्ने । (२र ३)

### ३.४.८ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ३.४.८.१ उपलब्धि

उच्च शिक्षा हासिल गर्न चाहने व्यक्तिहरूलाई गुणस्तरीय उच्च शिक्षाको अवसर सुनिश्चित हुने ।

### ३.४.८.२ नतिजा

१. उच्च शिक्षाको सहज अवसर प्राप्त हुने ।
२. आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन भएको हुने ।
३. उच्च शैक्षिक संस्थाहरूमा आवश्यक भौतिक पूर्वाधार (भवन, कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, शौचालय, सभाहल, खेलमैदान) को विकास भएको हुने ।
४. शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुने ।
५. आवश्यक वित्तीय स्रोत व्यवस्थापन भएको हुने ।

### ३.४.८.३ प्रमुख क्रियाकलापहरू

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक अक्ष्य पहिलो ५ वर्ष | | | | | | भौतिक लक्ष्य बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | गरीब तथा जेहेन्दार विद्यार्थीलाई छात्रबृत्ति | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| २ | सूचना तथा सञ्चार प्रविधि प्रयोगका लागि अनुदान | ओटा | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | भौतिक पूर्वाधार विकास | भवन | १ | १ | | | | २ | २ |
| ४ | छात्रावास निर्माण र व्यवस्थापन | भवन | १ | १ | १ | १ | | ४ | |
| ५ | स्मार्ट बोर्ड वितरण | ओटा | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | उच्च शिक्षा तर्फ प्राविधिक शिक्षाको लागि सम्भाव्यता अध्ययन | ओटा | १ | १ | | | | २ | |
| ७ | उच्च शिक्षा तर्फ प्राविधिक शिक्षाको लागि पूर्वाधार विकास | ओटा | १ | १ | | | | २ | |
| ८ | स्नातक तहको शिक्षालय स्थापनाका लागि सम्भाव्यता अध्ययन | ओटा | १ | १ | | | | २ | |
| ९ | स्नातक तहको शिक्षालय स्थापनाका लागि पूर्वाधार विकास | ओटा | १ | १ | | | | २ | |

### ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा

#### ३.५.१ परिचय

शिक्षालाई कामसँग जोडेर दक्ष जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्ने प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार र व्यवस्थापन आवश्यकछ। शिक्षाले विकासलाई निकास दिन सक्नुपर्छ । त्यस्तो परिकल्पना प्राविधिक शिक्षाबाट मात्र सम्भव छ ।प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम बिनाको सिकाइलेशिक्षित बेरोजगार मात्र उत्पादनगर्दछ। हाम्रो गाउँपालिकालाई समृद्धबनाउन गाउँपालिकामा उपलब्ध स्रोत साधनलाई अधिकत उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्नु आवश्यकछ । शिक्षालाई सिप, सिपलाई रोजगार र रोजगारलाई उत्पादन तथाउत्पादनलाई बजारसँग जोड्न सक्नेशिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिएनभने राज्यलाई शैक्षिक बेरोजगारको भीड थेग्न थप चुनौतीहुने देखिन्छ । हाम्रो जस्तो विकासशील मुलुकमा शिक्षा आर्जन गरेर सानोतिनो जागिरको खोजिमा भौतारिनेभन्दा आधारभूत तथा मध्यमस्तरको जीवनोपयोगी सिप सिकेर आयमूलक गतिविधि, साना र मझौला व्यवसायहरूको माध्यमबाट स्वरोजगारी र रोजगारी सृजना गर्दै आर्थिक उपार्जनको आधार तयार गर्ने शिक्षाको आवश्यकता छ । स्थानीय पेसा तथा व्यावसायिक सम्भावनाहरूको उपयोग गर्न तथा श्रम बजारको मागलाई सम्बोधन गर्न पनि प्राविधिक तथा व्यावसायिक शिक्षा आवश्यक छ । यसैगरी परम्परागत र स्थानीय प्रविधिको संरक्षण, सम्बर्द्धन तथा परिमार्जन गरी स्थानीयस्तरमा आयआर्जनका क्रियाकलापहरू सञ्चालन गरी स्थानीय प्रविधिप्रति नयाँ पिढिलाई समेत आकर्षित गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा अपिरहार्य छ ।

नेपालमा सिप र व्यवसायको विकास, हस्तकला, मूर्तिकला र वास्तुकलाको वस्तुहरूकोउत्पादन लिच्छवीकालदेखि नै भएको पाइन्छ । औपचारिक रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षाकोसुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङकलेज) बाट भएको हो। सघन रुपमा तथा व्यावसायिक शिक्षाको विस्तार गर्न वि.स.२०६८/०६९ देखि भएको हो । हाल नेपालसरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमपरिषद् (CTEVT) ले प्राविधिक तथा व्यावसायिक धारका विद्यालयहरू सञ्चालन गरिहेका छन्। प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवर्द्धनका लागि नेपालसरकारले एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत कार्यान्वयनमा ल्याएको छ।

सिपयुक्त र दक्ष जनशक्ति नै विकासको प्रमुख स्रोत हो। प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमले गरीबी र बेरोजगारी कम गराई आर्थिक विकासको राष्ट्रिय लक्ष्य हासिल गर्न टेवा पुऱ्याउँदछ । प्राविधिक तथा व्यावसायिक शिक्षाले व्यक्तिलाई “बोली खाने भन्दा गरी खाने” बनाउँदछ । गाउँपालिकाको आर्थिक उन्नतिका लागि योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनशील जनशक्ति तयार गर्न र सबैका लागि रोजगारीका अवसर सिर्जना गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरूको व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्नु आवश्यक छ । यसका

अतिरिक्त परम्परागत सिप, क्षमता र योग्यताको पहिचान, संरक्षण, संवर्द्धन र विकास गर्नुका साथै औपचारिक तथा अनौपचारिक रूपमा सिकेका सिपलाई समेत समेटी राष्ट्रिय तथा अन्तरराष्ट्रिय रोजगार बजारको मागअनुरूप उपयुक्त, सान्दर्भिक एवम् गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक निकाय तथा संस्थाहरूको स्थापना, नियमन र व्यवस्थापन गर्न गाउँपालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

**३.५.२ वर्तमान अवस्था**

लेकम गाउँपालिका अन्तर्गत श्री लटिनाथ नमुना माध्यमिक विद्यालयले वि.सं. २०६८ देखि प्राविधिक शिक्षाको थालनी गरेकोमा हाल सो विद्यालयमा कृषि डिप्लोमा (वाली विज्ञान), कृषि डिप्लोमा (पशु विज्ञान), ३ बर्षे बन विज्ञान, प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ, प्रि-डिप्लोमा इन प्लान्ट साइन्स र प्रि-डिप्लोमा इन भेटेरिनरी साइन्स कार्यक्रमहरू सञ्चालित छन । साथै श्री हुनैनाथ मा.वि.कुणीमा वि.सं. २०७६ देखि प्रि-डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ कार्यक्रम सञ्चालित छ ।

**३.५.३ अवसरहरू**

**१.** लेकम गाउँपालिका अन्तर्गत दुई ओटा शैक्षिक संस्थाहरूमा प्राविधिक तथा व्यवसायिक शिक्षा अन्तर्गतका डिप्लोमा र प्रि-डिप्लोमाका विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेको छ ।

**२.** प्राविधक तथा व्यावसायिक शिक्षामा बढ्दो जनचासो रहेको छ ।

**३.** तीनै तहका सरकारको नीति तथा कार्यक्रममा प्राविधिक तथा व्यावसायिक शिक्षा उच्च प्राथमिकतामा रहेको छ ।

४. बजारमा दक्ष जनशक्तिको उच्च माग रहेको छ ।

**३.५.४ समस्या र चुनौतीहरू**

**३.५.४.१ समस्याहरू**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालित संस्थाहरूमा अध्यापनका लागि दक्ष जनशक्तिको अपर्याप्तता ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार (प्रयोगशाला, उपकरण, पुस्तकालय, ICT Lab, जग्गा, आदि) को अपर्याप्तता ।

**३.५.४.२चुनौतीहरू**

१. प्राविधिक तथा व्यावसायिक शिक्षाका सहज अवसरहरूको विस्तार ।

२. बजारको माग र जनशक्ति उत्पादन बीचको तालमेलमिलाउनु (शिक्षालाई सिपसँग र सिपलाई रोजगारसँग जोड्ने) ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षाका आवश्यक वित्तीय स्रोतको व्यवस्थापन ।

**३.५.५ लक्ष्य**

प्राविधिक तथा व्यावसायिक शिक्षामा समतामूलक पहुँच विस्तार गर्ने ।

### ३.५.६ उद्देश्यहरू

१. सामुदायिक विद्यालयहरूमा बजारको माग बमोजिमको प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रमको विस्तार गर्नु ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षालाई सान्दर्भिक तथा प्रतिस्पर्धी बनाउनु ।
३. प्राविधिक तथा व्यावसायिक सिप हाँसिल गरेका जनशक्तिलाई स्थानीय परिवेशमा स्वरोजगार तथा उद्यमशील हुन प्रोत्साहन गर्नु ।

### ३.५.७ रणनीतिहरू

१. प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि बजारको माग र आवश्यकताको अध्ययन तथा विश्लेषण गर्ने । (१)
२. प्राविधिक धारका विद्यालयहरूको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने । (१)
३. अध्ययनका लागि प्रोत्साहन (छात्रवृत्ति, अनुदान, सहुलियत, आदि)कार्यक्रमहरू सञ्चालन गर्ने । (१)
४. शिक्षामा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गर्ने । (१)
५. प्राविधिक तथा व्यावसायिक शिक्षा प्रादायक शैक्षिक संस्थाहरूको सुदृढीकरण गर्ने । (१)
६. प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि सरोकारवालाहरूको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा वृद्धि गर्ने । (१)
७. घर अपायक पर्ने क्षेत्रका विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न आवासिय सुविधा दिने कार्यका लागि छात्रावास व्यवस्थापन गर्ने । (१)
८. प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक शैक्षिक संस्थाहरूमा दक्ष शिक्षक/प्रशिक्षकको व्यवस्था गर्ने । (२)
९. प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक शैक्षिक संस्थाहरूमा कार्यरत शिक्षक/प्रशिक्षकहरूको निरन्तर क्षमता अभिवृद्धि गर्ने । (२)
१०. प्राविधिक तथा व्यावसायिक शक्षा प्रदायक शैक्षिक संस्थाहरूमा आवश्यक न्यूनतम भौतिक तथा शैक्षिक पूर्वाधारको व्यवस्थापन गर्ने । (१ र २)
११. प्राविधिक विद्यालय, स्थानीय सरकार र समुदायबीच व्यावसायिक सम्भाव्यता सम्बन्धी अध्ययन अनुसन्धान कार्यलाई प्रवर्द्धन गर्ने । (२)
१२. प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरूका लागिकार्यस्थलमा आधारित तालिम (On the Job Training) को व्यवस्था गर्ने । (२)
१३. प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीहरूको श्रम बजार खोजीका लागि सो विषयसँग सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्था, उद्योग, व्यापार व्यवसायमा संलग्न संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने । (२ र ३)
१४. प्राविधिक तथा व्यावसायिक शिक्षाबाट उत्पादित जनशक्तिलाई उपयुक्त पेसा छनोटका लागि वृत्ति परामर्श तथा अभिमुखीकरण सञ्चालन गर्ने ।(३)

१५. प्राविधिक तथा व्यावसायिक शिक्षाबाट उत्पादित जनशक्तिलाई स्वरोजगार तथा उद्यमशीलताका लागि वित्तीय संस्थाहरूसँगको पहुँच विस्तारका लागि सहजीकरण गर्ने । (३)

### ३.५.८ अपेक्षित उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ३.५.८.१ उपलब्धि

प्राकृतिक स्रोत र साधनको प्रयोग तथा परिचालन गर्दै आर्थिक उपार्जन र समृद्धिमा योगदान गर्न सक्ने निम्न र मध्यमस्तरको प्राविधिक, व्यावसायिक र उद्यमी जनशक्ति उत्पादन भएको हुने ।

#### ३.५.८.२ नतिजा

१. सामुदायिक विद्यालयहरूमा बजारको माग बमोजिमको प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रमको विस्तार भएको हुने ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षा सान्दर्भिक तथा प्रतिस्पर्धी भएको शुने ।
३. प्राविधिक तथा व्यावसायिक सिप हाँसिल गरेका जनशक्तिलाई स्थानीय परिवेशमा स्वरोजगार तथा उद्यमी हुन प्रोत्साहित भएको हुने ।
४. स्थापित कृषि विज्ञान, इन्जिनियरिङ र कम्प्युटर पढाइ हुने विद्यालयहरू उत्कृष्ट विद्यालय भएको हुने ।
५. प्राविधिक तथा व्यावसायिक शिक्षाबाट उत्पादित जनशक्ति स्वरोजगार, स्वउत्प्रेरित, व्यावसायी, उद्यमी र रोजगार भएको हुने ।

#### ३.५.८.३ प्रमुख क्रियाकलापहरू

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य पहिलो ५ वर्ष | | | | | | भौतिक लक्ष्य बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | सिप विकास र आय आर्जन कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | १० |
| २ | गरीब तथा जेहेन्दार दलित विद्यार्थीहरूलाई छात्रबृत्ति वितरण | जना | १० | १० | १० | १० | १० | ५० | ५० |
| ३ | छात्रावास निर्माण र व्यवस्थापन | ओटा | २ | २ | | | | ४ | ४ |
| ४ | कृषि प्रयोशाला स्थापना र सञ्चालन | ओटा | १ | १ | | | | २ | २ |
| ५ | अनुसन्धान कार्य सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | १० |
| ६ | फिल्ड व्यवस्थापन | रोपनी | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| ७ | स्मार्ट बोर्ड वितरण | ओटा | २ | २ | २ | २ | २ | १० | १५ |
| ८ | शैक्षिक भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | ICT व्यवस्थापन र कम्प्युटर वितरण | ओटा | ६ | ६ | ६ | ६ | ६ | ३० | ३० |
| १० | छोटो अवधिको तालिम | ओटा | १० | १२ | १५ | १८ | २५ | ७० | ८० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन | | | | | | | | |
| ११ | पेसा छनोट सम्बन्धी परामर्श सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

## ३.६विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ३.६.१ परिचय

आजको युग सूचना तथा सञ्चार प्रविधिको युग हो। सूचनाको संकलन, सम्प्रेषण, एवम् सञ्चार गर्ने पत्रपत्रिका,कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट लगायतका प्रविधिको समष्टिगत रूपलाई नै सूचना तथासञ्चार प्रविधि भन्ने गरिन्छ । वैज्ञानिक आविष्कार तथा आधुनिक प्रविधिले मानव जीवनमा धेरै ठूलापरिवर्तनहरू ल्याउन सफल भएका छन्। मानिसलाई बाँच्न, हिंडडुल गर्न, काम गर्न लगायतका विविधक्षेत्रमा विशेषतः सूचना तथा सञ्चार प्रविधिको प्रयोगले अकल्पनीय बदलाव ल्याएको छ । सूचना तथा सञ्चार प्रविधिमा आएको महत्वपूर्ण परिवर्तनले पारम्परिक मूल्यमान्यतालाई त्याग्ने, परिष्करण गर्नेर नवीनमूल्यमान्यतालाई स्थापित गर्नेकाम गरेको छ ।यस प्रविधिको व्यापक प्रयोगबाट कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन, स्रोतको कुशल व्यवस्थापन, सार्वजनिक सेवा प्रवाहमा कुशलता जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटोछरितो तथा कम खर्चिलो ढंगबाट प्रदान गर्न सकिन्छ । यस अर्थमा सूचना तथा सञ्चार प्रविधि नेपालको भौगोलिक विसमताबाट सृजित विकासका चुनौतीहरूको सामना गर्न एउटा सशक्त पूर्वाधारकोरूपमा समेत स्थापित हुनसक्ने देखिन्छ ।सूचना तथा सञ्चार प्रविधिको तिब्र विकासले नेपाल जस्ता अल्प विकसित मुलुकहरूलाई शिक्षा स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापार लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्न अवसरहरू प्रदान गरेको छ ।

सूचना तथा सञ्चार प्रविधिले शिक्षाको क्षेत्रमा विद्यमान परम्परागत पद्धतिलाई चुनौति दिंदै शिक्षणसिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रूपमा अघि बढाएको छ । शिक्षामा पाठ्यक्रमनिर्माणदेखि त्यसको कार्यान्वयन र मूल्याङ्कनका सम्पूर्ण प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्णभूमिका हुन्छ । नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ र विज्ञान तथा प्रविधि नीति, २०७६ ले समेत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग समबन्धी नीतिहरू उल्लेख गरेको छ । यसबाट शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई व्यापक बनाउन सहज भएको छ । शैक्षिक संस्थाहरूमा जुनसुकै काम र क्रियाकलापलाई अघि बढाउन सूचना तथा सञ्चार प्रविधिको उपयोग अपरिहार्य छ ।सूचना,शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच गहिरो सम्बन्ध छ । शिक्षामा प्रविधिको प्रयोग आजको शिक्षाप्रणालीभित्रको महत्वपूर्ण अवयवको रूपमा रहन गएको छ । कक्षा कोठामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका कारण परम्परागत पठनपाठनका विधि र पद्धतिहरू विस्थापित भइ नयाँ अवधारणाको शुरुवात भएको पाइन्छ ।युगानुकूल सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगमा अगाडि बढेका मुलुकको शैक्षिक, आर्थिक,सामाजिक, सांस्कृतिक, पर्यटकीय एवम् अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ । सूचना तथा सञ्चारप्रविधिमा पहुँच हुने र नहुने मुलुकहरूकोबीचमा विकास, सुशासन र सेवा प्रवाहमा ठूलो असमानता रहेको पाइन्छ । यही असमानतालाईमध्यनजर गर्दै नेपालले पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँचको अभावले सृजना गरेकोखाडललाई कम गर्दै लैजाने प्रयासको

थालनी गरेको छ। शैक्षिक संस्था तथा शिक्षकहरूले सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत आफ्ना शिक्षण सिकाइ क्रियाकलापहरूलाई परिष्कृत गर्दै लगेको देखिन्छ । शिक्षण सामग्रीका रूपमा रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर,डिजिटल क्यामेरा तथा इमेल इन्टरनेट जस्ता सूचना तथा सञ्चार प्रविधिका उपकरणहरू प्रयोग गर्दा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त, कुशल रप्रभावकारी रूपमा प्रयोग गर्नसकिन्छ ।

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई समायोजन गर्दै यसलाई तालिम तथा शैक्षिक गुणस्तर अभिबृद्धिको औजारकारूपमा प्रयोग गर्ने, विद्युतीय विद्यालय (e-School), विद्युतीय सिकाइ (e-Learning), विद्युतीय शिक्षा (e-Education) जस्ता कार्यक्रमहरू सञ्चालन गरी जीवन पर्यन्त सिकाइलाई प्रवर्द्धन गर्ने रणनीति लिएको छ । लेकम गाउँपालिकाले पनि सूचना तथा सञ्चार प्रविधिलाई शैक्षिक उन्नयनको प्रभावकारी रणनीतिकारूपमा लिंदै सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार र उपयोगमा जोड दिनु आजको आवश्यकता हो ।

### ३.६.२वर्तमान अवस्था

यस गाउँपालिकाका केही गाउँ बाहेक सबै ठाउँमा इन्टरनेटको पहुँच पुगेको छ । गाउँपालिकाका अधिकांश माध्यमिक विद्यालयहरूमा सूचना तथा प्रविधि प्रयोशालाको स्थापना भएको छ । सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरूमा इन्टरनेट सुविधाको विस्तार भएको छ । सबै माध्यमिक तथा आधरभूत (कक्षा ६-८सञ्चालित)विद्यालयहरूमा कम्प्युटर र प्रिन्टरको व्यवस्था गरिएको छ । नमूना विद्यालयले स्मार्ट बोर्डको प्रयोगमा समेत व्यपकता ल्याएको छ । विद्यालयहरूमा कम्प्युटर कक्षा सञ्चालन गरिएको छ । यस गाउँपालिकाले माध्यमिक तह सञ्चालन भएका प्रत्येक विद्यालयमा एक जना कम्प्युटर शिक्षकको व्यवस्था गरेको छ । विद्यालयका प्रशासनिक कार्य, नतिजा नर्माण कार्य, Power Point Presentation तयारी,Projector को माध्यमबाट अध्यापन गर्ने कार्यको थालनी भएको छ । कोभिड १९ का कारण दुई पटकसम्म लामो समय विद्यालय बन्द रहेको अवस्थामा अधिकांश विद्यालयहरूले भर्चुअल माध्यमबाट पठनपाठन सञ्चालन गरेको अनुभव छ । यस गाउँपालिका भित्रका सबै विद्यालयहरूको सूचना प्रवाहका लागि गाउँपालिकाले आफ्नै वेबसाइट बनाइ सञ्चालनमा ल्याएको छ । माध्यमिक तहका विद्यालयहरूले समेत आफ्नो वेबसाइट बनाई सञ्चालनमा ल्याएका छन् । गाउँपालिका भित्रका सम्पूर्ण माध्यमिक तथा आधारभूत तहका विद्याहरूलाई इन्टरनेट व्यवस्थापनका लागि वार्षिक बजेट उपलब्ध गराइएको छ । समय समयमा शिक्षक तथा कर्मचारीहरूका लागि सूचना तथा सञ्चार प्रविधि सम्बन्धी अभिमुखीकरण तथा तालिम समेत सञ्चालन हुने गरेको छ ।

### ३.६.३ अवसरहरू

१. राष्ट्रिय शिक्षा नीति, विज्ञान तथा प्रविधि नीति र सूचना तथा सञ्चार प्रविधि नीति जस्ता नीतिगत व्यवस्था विद्यमान रहेको ।
२. सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारहरूको क्रमिकरूपमा विस्तार भइरहेको ।
३. सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण सृजना भइरहेको ।

४. सूचना तथा सञ्चार प्रविधिमा काम गर्ने विभिन्न संघ संस्थाहरूको स्थापना भएको ।
५. सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा जनशक्तिको विकास भइरहेको ।
६. स्थानीय स्रोतको परिचालन गर्न सक्ने वातावरणको सृजना भएको ।

**३.६.४ समस्या र चुनौतीहरू**

**३.६.४.१ समस्याहरू**

१. सूचना तथा सञ्चार प्रविधिको आवश्यक पूर्वाधार विकास हुन नसक्नु ।
२. पर्याप्त दक्ष जनशक्तिको विकास हुन नसक्नु ।
३. उपलब्ध सूचना तथा सञ्चार प्रविधिको उपयोग हुन नसक्नु ।
४. शिक्षण सिकाइ क्रियाकलापहरूलाई प्रविधिमैत्री बनाउन नसक्नु ।
५. सबै किसिमका प्रयोग कर्तालाई सहज उपयोग गर्ने गरी एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली र लेखा प्रणालीको विकास हुन नसक्नु ।

**३.६.४.१ चुनौतीहरू**

१. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत संरचना जस्तै: विद्युत, ईन्टरनेट कनेक्टिभिटी आदिको विस्तार ।
२. डाटा सेन्टर, डिजिटल ल्याब, डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको स्थापना ।
३. अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास ।
४. विभिन्न तहका ईन्टरनेट प्रदायक संस्थाहरूसँको समन्वय तथा सहकार्य ।
५. विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूका लागि सामग्री विकास र प्रयोग ।

**३.६.५लक्ष्य**

शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिकोप्रयोगलाई विस्तार गर्ने।

**३.६.६ उद्देश्यहरू**

१. सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्नु ।
२. सूचना तथा सञ्चार प्रविधिमैत्री जनशक्ति तयार गर्नु ।
३. शिक्षण सिकाइ क्रियाकलापलाई प्रविधिमैत्री बनाउनु ।
४. शैक्षिक व्यवस्थापन प्रभावकारी, उपलब्धिमूलक र कुशल तथा पारदर्शी बनाउनु ।

**३.६.७ रणनीतिहरू**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत पूर्वाधार (बिजुली बत्ती, उपकरण, इन्टरनेट, ICT प्रयोगशाला)को व्यवस्थापन गर्ने।(१ र ३)
२. सूचना तथा सञ्चार प्रविधि प्रयोगका लागि आवश्यक स्रोतको पहिचान र परिचालन गर्ने । (१)
३. सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने दक्ष शिक्षकको व्यवस्था गर्ने । (२)
४. शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न क्षमता विकास कार्यक्रमहरूलाई निरन्तरता दिने । (२)
५. एक शिक्षक एक ल्याप्टपकार्यक्रम सञ्चालन गर्ने । (१ र २)

६. सिकाइ सामग्रीलाई Digitize गर्ने तथा Digital सिकाइ सामग्रीहरूको निर्माण र प्रयोगलाई दिगो र व्यापक बनाउने । (१ र ३)
७. इन्टरनेट प्रदायक संस्थाहरूसँग समन्वय गरी सूचना तथा सञ्चार प्रविधिको पहुँच सहज बनाइने छ ।(१)
८. शैक्षिक व्यवस्थापनका हरेक पक्षहरू (IEMIS, शैक्षिक योजना र कार्यक्रम, दैनिक शैक्षिक प्रशासन, विद्यार्थी मूल्याङ्कन र अभिलेखीकरण, आदि ) मा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्राथमिकता दिने । (४)

**३.६.८ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य**

**३.६.८.१ उपलब्धि**

सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार भइ शिक्षणसिकाइ क्रियाकलाप तथा शैक्षिक व्यवस्थापनमा प्रयोग भएको हुने ।

**३.६.८.२ नतिजा**

१. हरेक शैक्षिक संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको लागि पूर्वाधार विकास भएको हुने ।
२. शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको उपयोग भएको हुने ।
३. आधारभूत सूचना तथा सञ्चार प्रविधिमा सबै विद्यार्थीहरूको पहुँच सहज भएको हुने ।
४. शैक्षिक व्यवस्थापन तथा सुशासनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुने ।
५. शैक्षिक तथ्याङ्क तथा सिकाइ सक्षमतासँग सम्बन्धित विवरणहरू अभिलेखीकरण एवम् अद्यावधिक भएको हुने ।

**३.६.८.३ प्रमुख क्रियाकलापहरू**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य पहिलो ५ वर्ष | | | | | | भौतिक लक्ष्य बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयहरूमा ICT संरचना विस्तार | विद्यालय | १० | १० | १० | १० | ७ | ४७ | ४७ |
| २ | विद्यालयहरूमा इन्टरनेट जडान | विद्यालय | २५ | २२ | | | | ४७ | ४७ |
| ३ | शिक्षक तथा कर्मचारीलाईICT तालिम | जना | २५ | २२ | | | | ४७ | ४७ |
| ४ | डिजिटल शैक्षिक सामग्री निर्माण | ओटा | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० |
| ५ | डिजिटल पाठ्यक्रम, | विद्यालय | ४७ | | | | | ४७ | ४७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू वितरण | | | | | | | | |
| ६ | IEMIS व्यवस्थापन | विद्यालय | ४७ | | | | | ४७ | ४७ |
| ७ | शिक्षक कर्मचारीलाई ल्यापटप वितरण | जना | २५ | २५ | २५ | २५ | २५ | २५० | |
| ८ | इ-लाईब्रेरी विस्तार | विद्यालय | १० | १० | १० | १० | ७ | ४७ | |
| ९ | प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन | कक्षाकोठा | २५ | २५ | २५ | २५ | २५ | २५० | |
| १० | विद्यालय सुशासन र व्यवस्थापनमा ICT को प्रयोग | विद्यालय | १० | १० | १० | १० | ७ | ४७ | |

### ३.७शिक्षक व्यवस्थापन र विकास

### ३.७.१ परिचय

शिक्षक व्यवस्थापन र विकास शैक्षिक प्रशासनका महत्वपूर्ण पक्षहरू हुन् । शिक्षा क्षेत्रलाई आवश्यक पर्ने जनशक्ति विकास, अध्यापन अनुमति,शिक्षण पेसामा सक्षम व्यक्तिहरूको छनोट, नियुक्तितथा पदस्थापन, सेवा, सर्त र सुविधा, तालिम, वृतिविकास, सरूवा, नियमितता तथा आचरण, पेसागत सहयोग, कार्यसम्पादन मूल्याङ्कनर अभिलेख व्यवस्थापन जस्ता विषयहरू शिक्षक व्यवस्थापन भित्र पर्दछन् । अझै स्पष्ट रूपमा भन्नुपर्दा यससँग सम्बन्धित कानुनी व्यवस्था, संरचनागत व्यवस्था, स्रोतसाधन र आर्थिकव्यवस्थाको समग्रता नै शिक्षक व्यवस्थापन हो। यो आफैमा बहुआयामिक विषय हो । अन्तरनिहित यात्रा हो । आफैंमा एउटा प्रणाली हो । शिक्षण संस्थाका उद्देश्यहरु पूरा गर्नका लागि सजीव रुपमा कार्य गर्ने शक्ति शिक्षक नै हुन् । शिक्षकको स्तर माथि नउठे सम्म कुनै पनि देशको शिक्षाको स्तर माथी उठ्न सक्दैन । शिक्षा क्षेत्रका जीवित मस्तिष्क भनेका शिक्षकहरू नै हुन् । शिक्षा सेवा प्रवाहमा प्रभावकारीता, दक्षता तथा समता सुनिश्चित गर्नका लागि उपयुक्त शिक्षक व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याउनु जरुरी छ। शिक्षाको उद्देश्य प्राप्ति शिक्षकहरूको शैक्षिक क्रियाकलापमा भरपर्ने हुँदा शिक्षक छनोट, पदस्थापन, तालिम, सरुवा, वढुवा, पुरस्कार आदिको चुस्त व्यवस्थापन आवश्यक छ ।

शिक्षाको गुणस्तर शिक्षकको गुणस्तरसँग सम्बन्धित हुने भएकाले शिक्षक पेसागत विकासका कार्यक्रमहरू निरन्तररूपमा सञ्चालनमा आउनु आवश्यक छ । शिक्षकको पेसागत विकासले समग्र शिक्षा प्रणालीमा सकारात्मक प्रभाव पार्दछ । यसले शिक्षकको विषयगत ज्ञान, सिप तथा अभिवृत्तिमा सामयिक विकास गर्नुका साथै विद्यालयको समग्र कार्यसम्पादनमा सुधार ल्याउन मदत गर्दछ । शिक्षक विकास भनेको शिक्षकमा विषयगत तथा शैक्षणिक विधिमा आधारित ज्ञान तथा सिप विकास गर्नु हो । शिक्षकहरूबिच सम्बन्ध र सहकार्य विकास गरी शिक्षण सिकाइमा सुधार ल्याउने कार्य नै शिक्षक विकास हो । शिक्षक पेसागत विकासलाई शिक्षक आफैंले आफ्नो शिक्षण अभ्यासको स्वप्रत्यावर्तन गर्ने कार्यका रूपमा लिने गरिन्छ । शिक्षकको पेसागत विकास भनेको शिक्षण कलाकौशलको विकास, योग्यता अभिवृद्धि र विकसित सक्षमताको प्रभावकारी उपयोगबाट शिक्षण तथा विद्यार्थी सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्ने कार्य हो । समाज परिवर्तन भएसँगै शैक्षिक क्रियाकलापहरू पनि परिवर्तित हूने भएकाले सो परिवर्तन अनुसारको शिक्षण सिकाइका लागि शिक्षकको पेसागत विकास निरन्तर रूपमा हुनु जरूरी हुन्छ । त्यस्तो ज्ञान र सिप शिक्षक पेसागत विकास मार्फत नै सम्भव हुन्छ।

### ३.५.२ वर्तमान अवस्था

लेकम गाउँपालिकामा शिक्षक व्यवस्थापन तथा विकासका कार्यहरू शिक्षा, युवा तथा खेलकुद शाखाबाट सम्पादन हुँदै आएका छन् । शिक्षक पेसामा रूचि भएका व्यक्तिहरूलाई शिक्षक छनोट परीक्षाका लागि तयारी गर्न प्रोत्साहन गर्ने कामहरू भएका छन् भने शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम शिक्षक सेवा आयोगबाट सिफारिश भई आएका

उमेदवारहरूलाई शिक्षा विकास तथा समन्वय इकाइले नियुक्ति र पदस्थापन गरिसकेपछि शिक्षकहरूलाई हाजिर गराउने तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । स्थायी शिक्षक नियुक्ति भई नआउँदासम्म रिक्त रहेका दरबन्दी र स्थानीय स्रोत शिक्षक दरबन्दीमा स्थानीयस्तरमा परीक्षा सञ्चालन गरी अस्थायीरूपमा नियुक्ति दिने व्यवस्था छ । यसरी नियुक्त गर्दा उपलब्ध भएसम्म शिक्षक सेवा आयोगको करार सूचिमा भएका उमेदवारलाई नियुक्त गरिन्छ । यसका अतिरिक्त गाउँपालिकाले शिक्षक तथा प्रधानाध्यापकहरूको नियमित बैठक सञ्चालन गरी शैक्षिक उन्नयनका रणनीतिहरूमा छलफल गर्ने, शिक्षकहरूको अभिलेख व्यवस्थापन गर्ने, दरबन्दी मिलान तथा पनर्वितरण गर्ने, कार्यसम्पादन मूल्याङ्कन गर्ने, शिक्षकहरूलाई आवश्यक पेसागत सहयोग उपलब्ध गराउने, शिक्षकहरूको तलब भत्ता तथा अन्य सुविधाहरू विद्यालयमा निकासा गर्ने, शिक्षकहरूलाई तालिमका लागि छनोट गर्ने, शिक्षकहरूका लागि छोटो अवधिको तालिम तथा पेसागत विकासका कार्यक्रमहरू सञ्चालन गर्ने, कार्यसम्पादनका आधारमा शिक्षकहरूलाई प्रोत्साहित गर्ने, नियमितरूपमा विद्यालय अनुगमन गरी शिक्षकहरूका पेसागत समस्याहरूको समाधान गर्ने कार्यहरू गर्दै आएको छ ।

गाउँपालिकाले प्राविधिक जनशक्ति अभावका कारण शिक्षक व्यवस्थापन सम्बन्धी कतिपय कामहरू अपेक्षितरूपमा हुन सकेका छैनन् । शिक्षक तयारी, शिक्षण पेसाप्रतिको आकर्षणमा अभिबृद्धि, शिक्षण सिकाइ क्रियाकलापमा सहयोग, शिक्षक पेसागत सहयोग पद्धतिको विकास र कार्यान्वयन, शिक्षक जवाफदेहिता र उत्तरदायित्व परिपालना, शिक्षक आपूर्ति र वितरण, शिक्षण क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधि प्रयोगमा सहयोग पुऱ्याउने विषयहरू ओझेलमा परेको स्थिति विद्यामान रहेको छ ।

**३.५.३ अवसरहरू**

१. शिक्षण पेसाप्रति बढ्दो आकर्षण ।
२. शिक्षक तयारीका अवसरहरूको उपलब्धता ।
३. स्थानीय तहबाट स्थानीय स्रोत शिक्षकको दरबन्दीहरूको सृजना ।
४. शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगले अभिलेख व्यवस्थापन तथा कार्यसम्पादन मूल्याङ्कनमा सहजता ।
५. शिक्षक पेसागत सहयोगको आवश्यकता सम्बन्धमा सरोकारवालहरूको चासोमा बृद्धि ।
६. वैयक्तिकरूपमा शिक्षकहरूको पेसागत विकासका अवसरहरूको उपलब्धता ।

**३.५.४ समस्या र चुनौतीहरू**

**३.५.४.१समस्याहरू**

१. शिक्षक दरबन्दी अपर्याप्त हुनु ।
२. कक्षागत र विषयगत शिक्षकको व्यवस्था हुन नसक्नु ।
३. शिक्षक दरबन्दी सृजना गर्न स्रोतको कमी ।
४. शिक्षक दरबन्दी मीलान हुन नसक्नु ।
५. शिक्षक पेसागत विकासका कार्यक्रमहरू सञ्चालन हुन नसक्नु ।

६. पेसागत उत्तरदायित्व र जवाफदेहितामा कमी ।

**३.५.४.२ चुनौतीहरू**

१. शिक्षण पेसालाई रोजाइको पेसा बनाउनु ।
२. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्नु ।
३. शिक्षकको मनोबृत्तिमा परिवर्तन ल्याउनु ।
४. निरन्तर शिक्षक पेसागत विकासका कार्यक्रमहरू सञ्चालन गर्नु ।
५. शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्नु ।

**३.५.५ लक्ष्य**

लेकम गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरूमा दक्ष शिक्षकको व्यवस्थापन गर्ने ।

**३.५.६ उद्देश्यहरू**

१. शिक्षक छनोट प्रक्रियालाई प्रतिस्पर्धी बनाउनु ।
२. शिक्षक पेसागत क्षमता विकास गर्नु ।
३. निरन्तर पेशागत सहयोग प्रणाली स्थापना गर्नु ।
४. कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई वस्तुनिष्ठ बनाउनु ।

**३.५.७ रणनीतिहरू**

१. सङ्घीयतथा प्रदेश सरकारसँगको समन्वयमा शिक्षक सक्षमता प्रारूपको विकास तथा अद्यावधिक गर्ने । (१)
२. आवश्यक शिक्षकको माग र आवश्यकता अनुसार शिक्षक तयारीका लागि विश्वविद्यालयसँग समन्वय गर्ने । (१)
३. स्थानीय तहबाट पदपूर्तिहुने शिक्षकका लागि कार्यविधिको निर्माण र प्रयोग गर्ने । (१)
४. योग्य शिक्षक छनोटको प्रभावकारी संयन्त्र निर्माण र परिचालन गर्ने । (१)
५. आवश्यकतामा आधारित शिक्षक तालिमका अवसरहरूको सृजना गर्ने । (२)
६. पालिकाभित्रका विभिन्न तहका शिक्षकहरूबिच आवधिकरूपमा सिकाइ अनुभव आदानप्रदान गर्ने प्रबन्ध मिलाउने । (२ र ३)
७. त्रैमासिकरूपमा शिक्षण सिकाइका मुद्दा तथा समस्याहरूमा छलफल गर्न कार्यशाला/गोष्ठ/अन्तरक्रियाजस्ता कार्यक्रमहरूको आयोजना गर्ने । (२ र ३)
८. कक्षा शिक्षणमा आधारित अनुसन्धानलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गकारूपमा कार्यान्वयन गर्ने ।(२)
९. स्वअध्यनको अवसर विस्तार गर्ने । (२)
१०. शिक्षिक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुषमा शिक्षक दरबन्दी मिलान गर्ने । (२)
११. सङ्घ तथा प्रदेशका सम्बन्धित निकायहरूसँगको समन्वय र सहकार्यमा पेसागत विकास सम्बन्धी सेवाकालीन तालिम तथा अध्ययनका अवसर सृजना गर्ने । (२)

१२. पालिकास्तरमा विषयगत विज्ञ समूहको सहभागिता हुने गरी अनुगमन तथा सुपरिवेक्षणको संयन्त्र निर्माण र परिचालन गर्ने । (३)

१३. शिक्षक पेसागत सहयोगको कार्यविधि निर्माण गरी लागु गर्ने । (३)

१४. शिक्षकले शिक्षणमा विताउने समय अभिबृद्धि गर्ने । (३)

१५. कार्यस्थलमा आधारित शिक्षक पेसागत सहयोगका लागि प्रधानाध्यपकलाई जिम्मेवार बनाउने । (३)

१६. शिक्षक पेसागत सहयोग प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्ने । (३)

१७. विद्यार्थी सिकाइ उपलब्धिप्रति शिक्षकहरूलाई जवाफदेही बनाउने ।(४)

१८. कार्यसम्पादनमा आधारित शिक्षक प्रोत्साहन पद्धतिको अवलम्बन गर्ने । (४)

१९. प्रोत्साहन प्रणालीलाई कार्यसम्पादनसँग आवद्ध गर्ने । (४)

**३.५.८ उपलब्धि, नतिजा, क्रियाकलापतथा लक्ष्य**

**३.५.८.१ उपलब्धि**

विद्यालयहरूमा सक्षम, योग्य, उत्तरदायीर स्व-अभिप्रेरित शिक्षकको व्यवस्था भएको हुने ।

**३.५.८.२ नतिजा**

१. शिक्षण पेसामा योग्य तथा दक्ष शिक्षकको प्रवेश भएको हुने ।

२. शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी भएको हुने ।

३. कक्षाशिक्षणमा सुधार भएको हुने ।

४. शिक्षकहरू आफ्नो पेसाप्रति प्रोत्साहित र प्रतिबद्ध हुने ।

५. शिक्षकको कार्यसम्पादन मूल्याङ्कन वस्तुनिष्ठ हुने ।

**३.५.५.३ प्रमुख क्रियाकलापहरू**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य पहिलो ५ वर्ष | | | | | | भौतिक लक्ष्य बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा | जना | १० | १० | १० | १० | १० | ५० | ५० |
| २ | अस्थायी, करार तथा नीजिस्रोतमा नियुक्त हुने शिक्षक व्यवस्थापनका लागि मापदण्ड र निर्देशिका निर्माण | पटक | १ | | | | | १ | |
| ३ | नव प्रवेशी शिक्षकहरूका लागि तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ५ | परीक्षाको नतिजा विश्लेषण तथा प्रबोधिकरण | पटक | २ | २ | २ | २ | २ | १० | १० |
| ६ | शिक्षकले कक्षाकोठमा विताउने समयको अभिलेखीकरण | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ७ | असल अभ्यास गरेका विद्यालयको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | शिक्षक र प्रधानाध्यापकबीच करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | शिक्षा सम्बन्धी सेमिनार सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १० | शिक्षक मार्फत कार्यमूलक अनुसन्धान सञ्चालन | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० |
| ११ | कक्षा अवलोकन तथा पृष्ठपोषण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| १२ | प्रधानाध्यापक नेतृत्व विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १३ | सहपाठी शिक्षक कक्षा अवलोकन तथा पृष्ठपोषण | पटक | १० | १० | १० | १० | १० | ५० | ५० |
| १४ | विद्यालय सुपरिवेक्षण र पृष्ठपोषण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| १५ | शिक्षक व्यवस्थापनका लागि अनुदान | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | |
| १६ | शिक्षकहरूलाई ल्यापटप वितरण | शिक्षक | ५० | ५० | ५० | ५० | ५० | २५० | |

## ३.८ आपत्कालीन तथा संकटकालीन अवस्थामा शिक्षा

### ३.८.१ परिचय

शिक्षा मानिसको मौलिक अधिकार हो । आपत्कालीन अवस्थामा समग्र शिक्षाका गतिविधि खलबलिन गई शिक्षाले गर्ने रूपान्तरणमा बाधा उत्पन्न हुन्छ । प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व एवम् युद्धको अवस्थामा बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण

गर्दैसिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रम नै आपत्कालीन शिक्षा(Education inEmergency) हो । विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालाई सुरक्षित राख्नु र शिक्षाक्षेत्रलाई निर्वाध रूपमा क्रियाशील रहने गरी शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु यसको मुख्य उद्देश्य हो । आपत्कालीन शिक्षाले बालबालिकाको शिक्षाको अधिकारलाई सुनिश्चित गर्दछ । यसरी विपद्पश्चात् पुनः शिक्षा सञ्चालन गर्दा आवश्यकताअनुसार बालबालिकालाई मनोसामाजिक परामर्श दिने, भिन्न प्रकारको वैकल्पिक पाठ्यक्रम प्रयोग गरी बालमैत्री वातावरणमा पठनपाठन सञ्चालन गर्नुपर्ने हुन्छ । यसले बालबालिकालाई शारीरिक, मानसिक तथासंज्ञानात्मक हिसाबले सुरक्षा प्रदान गर्ने भएकाले बालबालिकाको विकासमा सहयोग पुऱ्याउँछ । बालबालिकाहरूमा जोखिम घटाउने रसजिलै पुनउत्थान हुने सिपको विकास हुन्छ । आपत्कालीन शिक्षाले बालबालिकाको यौनजन्य वा आर्थिक शोषण, दुरुपयोग वा हेला वा अपहरण हुने जस्ता मानवीय सङ्कटको जोखिमको न्यूनीकरण गर्नुका साथै बालबालिकाले विद्यालय जान छोडने, शैक्षिक वर्षको पढाइ छुट्ने जस्ता गतिविधिमा कमी ल्याउँछ । यसले आपत्कालका समस्या समाधान गर्ने र समस्याको सामना गर्ने सिपहरूको सबलीकरण गरेर सिकारुहरूलाई जोखिमपूर्ण वातावरणमा आफू कसरी बाँच्ने र अरुको हेरचाह कसरी गर्ने भन्नेबारे समुचित निर्णय गर्न सक्षम तुल्याउँदछ । यसले मानिसहरूलाई राजनीतिक सन्देश अथवा विरोधाभाषपूर्ण सूचनाका स्रोतबारे समालोचनात्मक किसिमले सोच्न पनि मदत पुऱ्याउँछ ।

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथाअपाङ्गता भएकाहरूलाई निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिकामाथि हुने विभेद, सजाय रदूराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले कुनै पनि अवस्थामाबालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित नहुने उल्लेख गरेको छ । त्यसैगरी बालबालिकालाई शारीरिक सजाय(Corporal Punishment), शारीरिक तथा मानसिक उत्पीडन र हेपाइ (Bulling) र यौन दूराचार (SexualHarassment) बाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७ जारी भएकोछ भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि रअन्य हिंसाबाट मुक्त राख्ने, विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव,दूर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरन्तरताको प्रवर्द्धन गर्ने विधि तथा प्रक्रिया समावेश गरेको छ ।यसैगरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ ले विद्यालयको प्रभावकारिता, समावेशीकरण, शिक्षामा लैगिक पक्ष,बालबालिका, परिवार र समुदायको सहभागिता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालयको भौतिक अवस्था, शिक्षणसिकाइप्रक्रिया, मातृभाषामा शिक्षणसिकाइ र विद्यालय व्यवस्थापन जस्ता ९ विशेष क्षेत्रका न्यूनतम र अपेक्षित मापदण्ड सहितकोकार्यढाँचा विकास गरी विपदकालीन शिक्षाको व्यवस्थाका लागि आधार तयार पारेको छ भने विद्यालय शिक्षाका लागिएकीकृत समता रणनीति, २०७१ ले सामाजिक अवस्था, लैङ्गिकता, भौगोलिक अवस्थिति, अपाङ्गता, जात

रजातीयता, भाषा, स्वास्थ्य र पोषण र सङ्कटापन्न समूहका विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई विद्यालयशिक्षाको दायरामा ल्याउने, विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको सिकाइ र उपलब्धिमा सुधार ल्याउने एवम् बिचैमाविद्यालय छाड्नेदरलाई घटाउने जस्ता प्रमुख उद्देश्यहरूसहित बालबालिकाको अवस्थाअनुसार छुट्टाछुट्टै सम्बोधन गर्ने गरी सिकाइ सुनिश्चित गर्ने मार्गदर्शन गरेको छ ।

विशेषगरी लामो द्वन्द्वको परिवेश, विनाशकारी भूकम्प, विभिन्न समय रस्थानमा घट्नसक्ने प्राकृतिक प्रकोप, कोभिड १९ जस्ता महामारीको प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी आपत्कालीन शिक्षाका लागि यस योजनामा आगामी ५ वर्षका लागि उद्देश्य, रणनीति, प्राथमिकता र मुख्य क्रियाकलाप समावेश गरिएको छ ।

**३.८.२ वर्तमान अवस्था**

लेकमगाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र सम्भाव्य आपत्कालीन अवस्थाको आँकलन गरी सचेतना कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस्ता कार्यक्रमहरूमा बालबालिकाहरूलाई विद्यालय रहेको स्थान, विद्यालयको भौतिक अवस्था,सम्भावित जोखिमहरू, विपद्को समयमा जोगिने उपायहरू, सुरक्षित स्थानहरू आदिका बारेमा जानकारी गराउने अभ्यास रहेको छ । यसका लागि विद्यालय, सामुदायिक सिकाइ केन्द्र र बालक्लवहरूलाई परिचालन गर्ने गरिएको छ । समय समयमा शिक्षक तथा प्रधानाध्यापकहरूसँग छलफल अन्तरक्रिया सञ्चालन गर्ने र विद्यालयहरूमा पनि विद्यार्थी तथा सरोकारवालहरू सुसुचित गराउन प्रोत्साहित गर्ने गरेको छ । गाउँपालिकाले विपद् पश्चात सिकाइ क्रियाकलापहरू तत्काल सुचारू गर्नका लागि आवश्यक स्रोतको अनुमान र पहिचान गर्ने, शिक्षण सामग्रीहरूको संकलन तथा भण्डारण गर्ने, सुरक्षित ठाउँहरूको पहिचान गरी तयारी अवस्थामा राख्ने, आवश्यक जनशक्तिको अभिलेखीकरण तथा क्षमता विकासका कार्यहरू सञ्चालन गर्दछ । यसका अतिरिक्त गाउँपालिकाले शैक्षिक संस्थाहरूको अवस्था, सम्भावित जोखिमको पूर्वानुमान, विपद्पूर्व गरिनुपर्ने कामहरू, विपदको समयमा ध्यान दिनुपर्ने पक्षहरू र विपद् पश्चातको शैक्षिक व्यवस्थापन र सिकाइ निरन्तरताको सवालमा वस्तुगत अध्ययन गरी योजना निर्माण गरेको छ । लेकम गाउँपालिका क्षेत्र भित्र प्राकृतिक एवम् गैरप्राकृतिक विपद्बाट सर्वसाधरणको जीउज्यान र सार्वजनिक, निजी तथाव्यक्तिगत सम्पति, प्रकृतिक तथा साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ कार्यान्वयनमा ल्याएको छ ।

**३.८.३ अवसरहरू**

१. आपत्कालीन शिक्षाका नीतिगत प्रावधानहरूको व्यवस्था विद्यामान रहेको ।
२. भौतिक,शैक्षिक तथा प्रविधि सम्बन्धी पूर्वाधारहरूको उपलब्धता रहेको ।
३. शिक्षक तथा स्वयम्सेवक शिक्षकहरूलाई तालिमको अवसर उपलब्ध रहेको ।
४. बालक्लवहरू क्रियाशील रहेको ।

५. सचेतना कार्यक्रमहरू सञ्चालनका लागि वित्तीय स्रोतको उपलब्धता रहेको ।
६. आपत्कालीन तथा संकटपूर्ण अवस्थामा बालबालिकाहरूको सिकाइ निरन्तरताका लागि क्रियाशील संघ संसथाहरूको उपस्थिति रहेको ।
७. शिक्षण सिकाइ प्रक्रियाका वैकल्पिक विधि तथा पद्धतिहरूको प्रयोगमा अभिबृद्धि भएको ।

**३.८.४ समस्या तथा चुनौतीहरू**

**३.८.४.१ समस्याहरू**

१. नीतिगत अस्पष्टता कायम रहनु ।
२. सम्भावित आपत्कालीन अवस्थालाई सम्बोधन गर्न योजनाबद्ध प्रयासको कमी ।
३. बजेट व्यवस्था नहुनु ।
४. जनशक्तिको अभाव ।
५. उचित पूर्वाधारको अभाव ।

**३.८.४.२ चुनौतीहरू**

१. भौगोलिक अवस्थिति ।
२. संकटको पूर्व अनुमान गर्ने प्रविधि र संयन्त्रको व्यवस्था ।
३. विविध प्रकृतिका आपत्कालीन अवस्था ।
४. परिवेश विश्लेषण तथा परिस्थितिको मूल्याङ्कन सम्बन्धी सूचनाको व्यवस्थापन ।
५. समुदायको सहभागिता तथा संलग्नता ।

**३.८.५ लक्ष्य**

आपत्कालीन अवस्थामा बालबालिकाहरूको सिकाइलाई निरन्तरता दिने ।

**३.८.६उद्देश्यहरू**

१. स्थानीय स्रोत साधन र क्षमताका आधारमा पूर्व तयारी गर्नु ।
२. आपत्कालीन अवस्थामा प्रतिकार्य सञ्चालन गर्नु ।
३. आपत्कालीन अवस्थाबाट प्रभावित वर्गलाई पुनर्स्थापित गर्नु ।
४. आपत्कालीन अवस्थामा वैकल्पिक प्रणालीको माध्यमबाट शिक्षण सिकाइ क्रियाकलापलाई सुचारू गर्नु ।
५. सम्भावित सङ्कटको सामना गर्ने उत्थानशील (Resilient) प्रणालीको स्थापना गर्नु ।

**३.८.७ रणनीतिहरू**

आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा विद्यालय शिक्षाको समुचित व्यवस्थापनको लागि निम्न रणनीतिहरू अपनाइनेछ :

१. गाउँपालिका क्षेत्रभित्र आइपर्नसक्ने सम्भावित आपत्कालीन अवस्थाको पहिचान गर्ने । (१)
२. शिक्षा क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने विपदहरूको पूर्वानुमान र त्यसको मात्राको मूल्याङ्कन एवम् विश्लेषण गर्ने । (१)

३. पूर्व तयारीका लागि आपत्कालीन शिक्षा योजना निर्माण गर्ने र यसलाई विद्यालय सुधार योजनाको अभिन्न अंगकारूपमा समावेश गर्ने । (१)
४. आपत्कालीन अवस्थालाई सम्बोधन गर्न आपत्कालीन कोष स्थापना गर्ने । (१)
५. आपत्कालीन अवस्थाको क्यालेण्डर निर्माण गर्ने । (१)
६. प्रतिकार्यको लागि संयन्त्र, कार्यढाँचातथा कार्यविधि तयार गर्ने । (२)
७. प्रतिकार्यका लागि जिम्मेवार व्यक्ति तथा निकायको क्षमता विकास गर्ने । (२)
८. आवश्यक पर्ने यन्त्र, उपकरण, औषधि, खाद्यान्न, लत्ताकपडा तथा अन्य राहत सामग्री उपलब्ध गराउने । (२)
९. अल्पकालीन र दीर्घकालीन पुनर्लाभको व्यवस्था मिलाउने । (३)
१०. विपत प्रभावितहरूका लागि अल्पकालीन आश्रयस्थलको व्यवस्था गर्ने । (३)
११. मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने । (३)
१२. वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न उपयुक्त प्रविधिको चयन गर्ने । (४)
१३. शिक्षण सिकाइ सामग्री निर्माण गर्ने । (४)
१४. शिक्षक क्षमता विकास तथा प्राविधिक सहयोगको व्यवस्था मिलाउने । (४)
१५. अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने । (४)
१६. वैकल्पिक सिकाइका माध्यमहरूको प्रयोग गर्नका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने । (४)
१७. विपत प्रतिरोधी भौतिक पूर्वाधार निर्माणमा जोड दिने । (५)
१८. विपत व्यवस्थापनकार्यमा क्रियाशील सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग समनवय र सहकार्य गर्ने ।(५)
१९. विपत व्यवस्थापनका परम्परागत ज्ञान, सिप र अनुभवहरूलाई प्रयोगमा ल्याउने ।(५)
२०. विपत व्यवस्थापनसम्बन्धी विषयवस्तुलाई पाठ्यक्रममा समावेश गर्ने । (५)

**३.८.८ उपलब्धि, नतिजा, क्रियाकलापतथा लक्ष्य**

**३.८.८.१ उपलब्धि**

**३.८.८.२ नतिजाहरू**

**३.८.८.३ प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य पहिलो ५ वर्ष | | | | | | भौतिक लक्ष्य बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | पूर्व तयारी, प्रतिकार्य र पुनस्थापन योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | र कार्यान्वयन | | | | | | | | |
| ३ | सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्यसमूह निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | हरित विद्यालय अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

### ३.९ पाठ्यक्रम र मूल्याङ्कन

### ३.९.१ परिचय

पाठ्यक्रम भनेको शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक योजना हो । पाठ्यक्रममा सिक्ने ब्यक्तिको मानसिक, शारीरिक, सामाजिक, नैतिक बिकासमा सहायोग पुग्ने गरी विद्यालय भित्र र बाहिरका समस्त अनुभवहरु समावेश भएका हुन्छन्। पाठ्यक्रमले बालबालिकाहरूलाई अपेक्षितज्ञान, सिपर अभिवृत्ति हासिल गर्न/ गराउन मद्दत गर्दछ। यसले कुन कक्षा र कुन तहमा केसिकाउने, केकस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गर्न सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेका कुरा सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्दछ। मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकसित ज्ञान, सिप र प्रविधि अनुकुल पाठ्यक्रमलाई एक गतिशील र लचिलो प्रक्रियाको रुपमा लिन सकिन्छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ शैक्षिक सत्र२०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरुभइ सकेकोछ । शै.स. २०८० सम्ममा यो पाठ्यक्रम कार्यान्वयन योजना अनुसार सबै कक्षामा कार्यान्वयन हुनेछ । आधारभुत शिक्षा पाठ्यक्रम (कक्षा१-३), २०७६ कार्यान्वयनमा आइसकेकोछ । पाठ्यक्रमलाई सान्दर्भिक बनाउन कक्षा १-३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकिकृत गरी व्यवहार कुशलर जीवनोपयोगी सिपहरू समावेश हुनेगरी सिकाइ क्रियाकलाप तर्जुमा गरी सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्थाग रिएकोछ। विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरिएकोछ भने विषयवस्तु र सिकाइ क्रियाकलापको भार पाठ्यघण्टा (Credit Hour) मा निर्धारण गरिएकोछ । विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षरांकन पद्धतिमा आधारित गरी व्याख्या गर्ने व्यवस्थाछ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार आधारभूत तह कक्षा १-३,४-७ र ६-८ लाईतह १,२ र ३ तथा माध्यमिक तहका ९-१० र ११-१२ लाई तह ४ र ५ गरी ५ ओटा सिकाइ क्षमता स्तरमा विभाजन गरिएको छ। विद्यालयले कक्षा ४ देखि ८ सम्ममा तृभाषा/ स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ, अभिभावकको संलग्नतामा तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अंगको रुपमा स्थापित गर्न नसकिनु गुणस्तर सुधारको प्रमुख समस्याको रुपमा रहि आएको छ। निरन्तर विद्यार्थी मूल्याङ्कन गरी कक्षोन्नती गर्ने नीति विद्यार्थीलाई कुनै पनि हालतमा अनुत्तीर्ण गर्न नहुनेमात्रबुझाइले यथार्थ धरातलमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले सार्थकता पाएको छैन । त्रैमासिक, अर्ध वार्षिक र वार्षिक लिखित परीक्षा जस्ता औपचारि कमूल्याङ्कन माक्रमश: सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिकर बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केहि विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षरांकन मूल्याङ्कन पद्धति अनुसार नतिजा प्रकाशन गर्ने परिपाटीको सुरुवात भई परीक्षण र मूल्याङ्कनमा सुधारको प्रयास नभएको होइन। तापनि मूल्याङ्नलाई शिक्षणसिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्रदान गरी सिकाइ सुधार गर्ने कार्य तथा

परीक्षण लगायत मूल्याङ्कन र साधनका विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको खाँचो रहेकोछ। कक्षा८,१०,११ र १२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित, वैधरविश्वसनीय बनाउन आवश्यकछ। विद्यालयमा आधारित मूल्याङ्कनको नतिजा विश्लेषण र प्रबोधीकरणको कार्यलाई सुदृढ, व्यवस्थि तर अनिवार्य गर्न सकिएको छैन, जसले गर्दा मूल्याङ्कन औपचारिकतामा मात्र सीमितछ ।

**३.९.२ वर्तमान अवस्था**

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयनमा आएसँगै विद्यालय शिक्षाको पाठ्यक्रम परिवर्तन गरिएको छ ।आधारभूततहकक्षा (१-३) माएकीकृतपाठ्यक्रमप्रयोगमाल्याइएकोछ ।यसको कार्यान्वयनका लागि विद्यालयकाप्रधानाध्यापकतथाशिक्षकहरूलाईअभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । नयाँ प्रारूपअनुसार कक्षा १ देखि १२ कक्षासम्मकै पाठ्यक्रम परिमार्जन गर्ने सन्दर्भमा शैक्षिक सत्र २०७७ मा कक्षा १ र ११, शैक्षिक सत्र २०७८ मा कक्षा २, ३, ६ र १२, शैक्षिक सत्र २०७९ मा कक्षा ४, ७ र ९तथा शैक्षिक सत्र २०८० मा कक्षा ५, ८ र १० मा नयाँ पाठ्यक्रम लागु गर्ने कार्यक्रम रहेको छ । राष्ट्रिय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले पाठ्यक्रमसम्बद्ध सरोकारवालाहरूअभिभावक, शिक्षक,विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि, सङ्घसंस्था, बुद्धिजीवी, शिक्षाप्रेमी आदिसँग निरन्तररूपमा छलफल तथा अन्तरक्रिया सञ्चालन गर्दै आएको छ । गाउँपालिका क्षेत्र भित्र सरोकारवालाहरूको उपस्थितमाविद्यालय सुधार योजना, शैक्षणिक योजना, सिकाइ सुधार योजना निर्माणप्रक्रिया लगायत सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री सङ्कलन र निर्माण, विद्यार्थी मूल्याङ्कन पद्धतिको प्रभावकारी कार्यान्वयन, विद्यार्थीको सिकाइ प्रगतिका बारेमा छलफल तथा सुझाव सङ्कलन, विद्यार्थीको सिकाइ उपलब्धि र सुधारात्मक सिकाइ सहजीकरणका लागि अन्तरक्रिया, सिकाइ सुधारका लागि कार्यमूलक अनुसन्धान, परियोजना कार्य, घटना अध्ययन, सामुदायिक कार्य, विद्यार्थीको सिकाइमा सुधार तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा निरन्तर सुपरीवेक्षण र अनुगमन, विद्यार्थीको सिकाइ सुधारका लागि एक विद्यालय र अर्को विद्यालयबिच छलफल तथा अन्तरक्रिया, विद्यार्थी मूल्याङ्कनमा भए गरेका राम्रा अभ्यासको पहिचान र छलफलकार्यक्रमहरू सञ्चालन गरिन्छन् ।

यसका अतिरिक्त गाउँपालिकाले स्थानीय पाठ्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुपले तय गरेको व्यवस्था अनुरुप स्थानीय आवश्यकता पहिचानगरीस्थानीय स्तरका विज्ञहरूद्वारा निर्मित स्थानीय संस्कृति, कला, भेषभूषा, भौगोलिक अवस्थिति, परम्परागत उपचार पद्धति, सम्पदाहरू, ऐतिहासिक विषयवस्तुहरू समेटी निर्माण गरिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो। यो स्थानीयपाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र आधारभूत तह (कक्षा ४/५)पाठ्यक्रम २०७७ बमोजिम कक्षा ४/५ को लागि शैक्षिक सत्र२०७९ मा कक्षा ४ र २०८० मा कक्षा ५ मा कार्यन्वयन हुने गरी पाठ्यघण्टा ४ र वार्षिक कार्यघण्टा १२८ रहने गरी निर्माण गरिएको छ।

यस पाठ्यक्रमले स्थानीय कला, संस्कृति, ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण तथा संवर्द्धन गर्ने उद्देश्य लिएको छ । यस स्थानीय पाठ्यक्रममा हाम्रो बानी व्यवहार, हामी र हाम्रो समुदाय, लेकम गाउँपालिकाको परिचय, कृषि तथा पशुपालन, स्थानीय कला, भाषा

र संस्कृति, प्राकृतिक प्रकोप र विपद व्यस्थापन, धार्मिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरू, सामाजिक विकृतिहरू, स्थानीयजडीबुटीहरू तथा उपचार पद्धति, स्थानीयसिप तथा प्रविधिहरू, स्थानीय खेलहरू गरी ११ वटा विषय क्षेत्रहरूसमावेशगरिएको छ ।

**३.९.३ अवसरहरू**

१. समयमै पाठ्यक्रम र पाठ्यपुस्तक उपलब्ध हुनु ।
२. स्थानीय पाठ्यक्रम निर्माण भइ कार्यान्वयन हुनु ।
३. सङ्घ र प्रदेशबाट प्राविधिक सहयोगको उपलब्ध हुनु ।
४. पाठ्यक्रम कार्यान्वयनमा स्थानीय गैर सरकारी संघ संस्थाहरूसँगको सहकार्य ।

**३.९.४ समस्या र चुनौतीहरू**

**३.९.४.१ समस्याहरू**

१. परिमार्जित पाठ्क्रम तथा पाठ्पुस्तक कार्यान्वयनमा शिक्षक क्षमता विकास हुन नसक्नु ।
२. पाठ्यक्रम निमार्णमा सरोकारवालाहरुको सहभागिता नहुनु ।
३. स्थानीय पाठ्यक्रम अनुसारका पाठ्यपुस्तक तयार पार्न दक्ष जनशक्तिको अभाव हुनु ।
४. शिक्षकहरुमा स्रोत र सन्दर्भ सामग्री अध्ययन गर्ने बानीको विकास नहुनु ।
५. पर्याप्त मात्रामा सन्दर्भ सामग्रीको अभाव हुनु ।
६. मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाईसँग जोड्न नसकिनु ।
७. सिकाई सहजीकरण र मूल्याङ्कन प्रक्रियामा सूचना प्रविधिको प्रयोग हुन नसक्नु ।
८. प्रयाप्त स्रोत साधनको व्यवस्था हुन नसक्नु ।
९. अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन प्रणाली व्यवस्थित गर्न नसक्नु ।
१०. शिक्षकलाई निरन्तर पेसागत तथा प्राविधिक सहयोग उपलब्ध गराउन नसक्नु ।

**३.९.४.२ चुनौतीहरू**

१. पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि स्थानीयस्तरमा दिगो संयन्त्र र पद्धतिको विकास ।
२. स्थानीय तहका सरोकारवालाको सहभागिता र संस्थागत क्षमता अभिवृद्धि ।
३. स्थानीय आवश्यकता र राष्ट्रिय/अन्तर्राष्ट्रियआवश्यकताबिच तादाम्यता।
४. भौगोलिक, साँस्कृतिक र सामाजिक विविधतालाई सम्वोधन ।
५. स्थानीय विषयका पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय लगानी र सहयोग वृद्धि ।

**३.९.५लक्ष्य**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट शैक्षिक गुणस्तर सुधारमा टेवा पुऱ्याउने ।

**३.९.६उद्देश्यहरू**

१. विद्यालय शिक्षाको हरेक तह र विषयमा विद्यार्थीहरूको सिकाइ सक्षमतामासुधारगर्नु।
२. पाठ्यक्रम विकास, परिमार्जन र कार्यान्वयन सम्बन्धी संयन्त्र निर्माण र परिचालन गर्नु ।

३. पाठ्यक्रम विकास, परिमार्जन र कार्यान्वयन सम्बन्धी शिक्षक क्षमता विकास गर्नु ।
४. स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री विकास गर्नु ।

**३.९.७रणनीतिहरू**

१. पाठ्यक्रम कार्यान्वयका लागि आवश्यक शैक्षिक पूर्वाधार (शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, बुक कर्नर, पुस्तकालय, प्रयोगशाला, ICT Lab, कक्षाकोठाको सिकाइ वातावरण, आदि) विकास गर्ने । (१)
२. स्थानीय परिवेशमा आधारित बालबालिकाको रूचि, स्तर र क्षमता बमोजिमका सन्दर्भ सामग्रीहरूको विकास गर्ने । (१)
३. सिकारूका समस्या समाधान उन्मुख निरन्तर, आवधिक रस्तरीकृत मूल्याङ्कन मार्फत विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यस अनुरुप निर्मित पाठ्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने । (१)
४. स्थानीय सरोकारवालाहरूको सहभागिता र अपनत्व विकासगरी स्थानीय परिवेश सुहाँदो स्थानीय पाठ्यक्रम निर्माण गरी परीक्षण गरिने। (१)
५. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।(१)
६. शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने । (१)
७. बालकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिने । (१)
८. तहगतर कक्षागत पाठयक्रम अनुरू पनि रन्तरविद्यार्थी मूल्यांकन पद्धति कार्यान्वयनलाई अनिवार्य गरिने । (१)
९. आवधिक परिक्षाको नतिजा विश्लेषण, प्रकाशनर प्रवोधिकरण कार्यलाई अनिवार्य गर्ने । (१)
१०. अभिभावकलाई विद्यार्थी प्रगति विवरण उपलब्ध गराउने। (१)
११. विद्यालय तथा स्थानीयस्तरमा पाठ्यक्रम कार्यान्वयन तथा अनुगमन समिति गठन/पुनर्गठन तथा परिचालन गर्ने । (२)
१२. विद्यालय तथा स्थानीय तहमा रहेका पाठ्यक्रम कार्यान्वयन तथा अनुगमन समितिका पदाधिकारी र सदस्यहरूको क्षमता विकास गर्ने ।(२)
१३. हरेक शिक्षकका लागि नयाँ निर्माण वा परिमार्जन भएका पाठ्यक्रम/पाठ्यपुस्तक सम्बन्धी अभिमुखीकरण आवधिकरूपमा सञ्चालन गर्ने । (३)
१४. नियमितरूपमा शिक्षकहरूबिच सिकाइ अनुभव तथा पृष्ठपोषण आदान प्रदान गर्ने । (३)
१५. पाठ्यक्रम तथा पाठ्यसामग्री विषयवस्तुहरूलाई शिक्षक पेसागत क्षमता विकास कार्यक्रमको अभिन्न अंगकारूपमा समावेश गर्ने । (३)
१६. निरन्तर शिक्षक पेसागत सहयोगका लागि स्थानीय स्तरमा विज्ञ समूह गठन र परिचालन गर्ने । (३)
१७. शिक्षकहरूलाई नियमितरूपमा प्राविधिक सहयोग उपलब्ध गराउने । (३)

### ३.९.८ उपलब्धी, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

### ३.९.८.१ उपलब्धि

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट शैक्षिक गुणस्तर सुधारमा टेवा पुगेको हुने ।

### ३.९.८.२ नतिजा

१. विद्यालय शिक्षाको हरेक तह र विषयमा विद्यार्थीहरूको सिकाइ सक्षमतामासुधारहुने ।
२. पाठ्यक्रम विकास, परिमार्जन र कार्यान्वयन सम्बन्धी संयन्त्र निर्माण र क्रियाशील भएको हुने ।
३. पाठ्यक्रम विकास, परिमार्जन र कार्यान्वयनमा शिक्षकहरू सक्षम भएको हुने ।
४. पालिका भित्रका सबै विद्यालयमा स्थानीयज्ञान, सिप र प्रविधिमा आधारित स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको विकास र प्रयोग भएको हुने ।
५. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र त्यसअनुरूप निर्मित पाठ्यक्रमहरूको प्रभावकारी कार्यान्वय नभएको हुने ।
६. सिकाइको अभिन्न अंगको रुपमा मूल्यांकन पद्धतिकार्यान्वयनमा आउने ।
७. आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रकाशन र प्रवोधीकरण हुने ।
८. बालबालिकाको सिकाइमा अभिभावकको सहभागिता बृद्धि भएको हुने ।

### ३.९.८.३ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुखक्रियाकलाप | एकाइ | भौतिक लक्ष्य पहिलो ५ वर्ष | | | | | | भौतिक लक्ष्य बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | पाठ्यक्रमकार्यान्वयन,अनुगमनतथा निरीक्षण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| २ | कक्षागत रविषयगतशिक्षकनिर्देशिकाउपयोगकोअनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ३ | पाठ्यक्रमतथापाठ्यसामग्रीसम्बन्धीअभिमुखीकरण तालिम | जना | ४७ | ४७ | ४७ | | | | |
| ४ | परीक्षणतथामूल्याङ्कनसम्बन्धीनमुनाविकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | नि:शुल्कपाठ्यपुस्तकअनुदाननिकासारउपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | स्थानीयविज्ञसम्मिलितप्राविधिकसंयन्त्रवि | विद्याल | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कास तथा परिचालन | य | | | | | | | |
| ७ | स्थानीयपाठ्यक्रमविकास | पटक | १ | | | | | | |
| ८ | स्थानीयपाठ्यक्रमकार्यान्वयन तथा अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| ९ | आधारभूत तह उत्तीर्ण परीक्षा संचालन, नतिजा प्रकाशन र विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १० | स्थानीय पाठ्यक्रम परिमार्जन | पटक | | | | | | | १ |

## ३.१० अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ

### ३.१०.१ परिचय

सिकाइ निरन्तर प्रक्रियाहो । योजीवन पद्धतिसँग गाँसिएको हुन्छ । समय क्रमसँगै मानिसको सिकाइ औपचारिक, अनौपचारिकर अरितीक माध्यमबाट हुन्छ । अनौपचारिक शिक्षा जीवनपर्यन्त चलिरहन्छ । अनौपचारिक शिक्षाले विभिन्न किसिमका समूहहरूलाई सेवा प्रदान गर्ने लक्ष्य लिएको हुन्छ । सबैलाई साक्षर बनाउने दृष्टिकोणले दुर्गम र भित्री बस्तीका निरक्षरहरू, गरीबीको रेखामुनि रहेका व्यक्तिहरू,औपचारिक तथा अनौपचारिक क्षेत्रका निरक्षर कामदारहरूलाई अनौपचारिक शिक्षाका लक्षित समूहकारूपमा लिइएको छ । ती लक्षित समूहहरूका लागि अनौपचारिक शिक्षा अन्तर्गत सचेतना शिक्षा, साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा (सिपमूलक तथा आयमूलक) कार्यक्रमहरू सञ्चालन गर्दछ । वैकल्पिक शैक्षिक अवसरको दृष्टिकोणले अनौपचारिक शिक्षाले विद्यालय नगएका वा बीचैमा विद्यालय छाडेका युवा युवति तथा केटाकेटीहरूकालागिखुला विद्यालय, स्थानीय सिपमा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्दछ । यसैगरी पेसागत शिक्षाको दृष्टिकोणले अनौपचारिक शिक्षाले विशेषगरी शारीरिक श्रम गरी जीवनयापन गर्नुपर्ने समूहहरूलाई आफ्नो लक्षित समूह बनाई परामर्श सेवा, तालिम र प्राज्ञिक सहयोग गर्दछ । सामाजिक समावेशीताका दृष्टिकोणले अनौपचारिक शिक्षाले लैङ्गिक, जातीय, भौतिक र भाषिक समस्या भएका व्यक्तिहरूलाई लक्षित गरी तिनीहरूका लागि उपयोगी हुने शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दछ ।

मानिस जन्मे देखि मृत्यु पर्यन्त केही न केही सिकिरहेकै हुन्छ । जीवनपर्यन्त सिकाइ अरीतिक, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो । जसले सिकाइका लागि सिकारुको क्षमता, माग र रुचिमा जोड दिन्छ, जुन समय र परिस्थिति अनुसार परिवर्तन भइरहन्छन् । जीवनपर्यन्त शिक्षालाई साक्षरताकोविकास, आत्मनिर्भरता, सामाजिक हित र आयआर्जनको माध्यमका रूपमा लिन सकिन्छ । नेपाली समाजमा जीवनपर्यन्त सिकाइलाई केही कुरा जान्नका लागि, केही काम गर्नका लागि, केही बन्नका लागि र समाजमा मिलेर बस्नका लागि अनौपचारिक वा अरीतिक प्रक्रियाको निरन्तर यात्राका रूपमा लिएको पाइन्छ । जीवनभर सिक्न सक्ने र समाजमा भइरहेको विकाससँग घुलमिल हुँदै अगाडि बढ्न मानिसले सिकाइलाई निरन्तरता दिइरहनुपर्नेमा जीवनपर्यन्त सिकाइले जोड दिन्छ । काम गरेर खाने कम शिक्षित समूह, विद्यालयबाहिर रहेका युवा, थप शिक्षा लिन चाहेका तर विद्यालय वा शैक्षिक संस्थामा गएर शिक्षा लिन नसक्ने मानिसहरूले खुला तथा दूर शिक्षा जस्तालचक र सिकाइका वैकल्पिक माध्यमको उपयोग गरी जीवनपर्यन्त सिकाइमा सहभागी हुन सक्छन् ।

पठन संस्कृतिको विकास, सिप र ज्ञानमा आधारित समाजको निर्माणका लागि अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइले महत्वपूर्ण टेवापुऱ्या उँदछ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्णसाक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमवाट आजीवन सिकाइको अवसर सृजना गर्ने तथा सबैप्रकारका सिकारूहरू लगायत सिकाइ संस्कृतिको विकास गर्न सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागिसमेत गुणस्तरीय

शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमवाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्ने उद्देश्य राखेको छ । त्यसैगरी दिगो विकासको लक्ष्यन. ४ मासका लागि गुणस्तरीय शिक्षा र आजीवन सिकाइ प्रबर्द्धन गर्ने लक्ष्य निर्धारण गरेकोछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप गाउँपालिका क्षेत्रभित्र अनौचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइका अवसरहरू सृजना गरी सबै तह र वर्गका सिकारूहरूलाई सक्षम नागरिक बनाई समृद्ध गाउँपालिका बनाउने लक्ष्य राखिएको छ ।

### ३.१०.२ वर्तमान अवस्था

**वडागत साक्षरता विवरण**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| निरक्षर महिला | २५० | २९७ | १४९ | ३८४ | ४३३ | ४४४ | १९५७ |
| निरक्षर महिला प्रतिशत (%) | १.४९ | १.७८ | ०.८९ | २.३० | २.६० | २.६६ | ११.७३ |
| निरक्षर पुरुष | ११३ | २१४ | २७ | १९५ | १७६ | २२७ | ९५२ |
| निरक्षर पुरुष (%) | ०.६८ | १.२८ | ०.१६ | १.१७ | १.०६ | १.३६ | ५.७१ |
| साक्षर महिला | ९८६ | ४६७ | ८०५ | १०६२ | ८६३ | ८०१ | ४९८४ |
| साक्षर पुरुष | ११०४ | ५२० | १०१८ | १३१९ | १००८ | ९५१ | ५९२० |
| SEE शिक्षित महिला | ९० | १२२ | १३८ | १६६ | १२२ | ११९ | ७५७ |
| SEE शिक्षित पुरुष | १५६ | १३३ | १३६ | १९९ | १२ | ३ | ६३९ |
| उच्च शिक्षा महिला | ० | ० | ३० | ७७ | ० | ० | १०७ |
| उच्च शिक्षा पुरुष | ३५ | ५२ | ९ | ० | २७० | १०८ | ४७४ |
| जम्मा शिक्षित महिला | १०७६ | ५८९ | ९७३ | १३०५ | ९८५ | ९२० | ५८४८ |
| महिला साक्षरता दर (%) | ६ | ४ | ६ | ८ | ६ | ६ | ३५.०६ |
| जम्मा शिक्षित पुरुष | १२९५ | ७०५ | ११६३ | १५१८ | १२९० | १०६२ | ७०३३ |
| पुरुष साक्षरता दर (%) | ८ | ४ | ७ | ९ | ८ | ६ | ४२.१७ |
| कुल साक्षरको संख्या | २३७७ | १२९८ | २१४२ | २८३१ | २२८१ | १९८८ | १२९१६ |
| साक्षर प्रतिशत (%) | १४ | ८ | १३ | १७ | १४ | १२ | ७७ |

स्रोत : लेकम गाउँपालिका पार्श्वचित्र, २०७५ ।

यस गाउँपालिकाको कुल जनसंख्या १६६७९ मध्ये ७७ प्रतिशत मानिसहरू साक्षर रहेका छन् । सामान्य लेखपढ गर्न सक्ने कुल साक्षर जनसङ्ख्या ८४ प्रतिशत रहेको छ, त्यसैगरी ११ प्रतिशत जनसङ्ख्याले एस.एल.सि.वा एस.ई.ई पास गरेको छ भने जम्मा ४ प्रतिशत जनसङ्ख्याले १० जोड २ वा सो भन्दा माथिको शिक्षा हासिल गरेका छन् । त्यसैगरी कुल जनसङ्ख्यामा ५६.३८ प्रतिशत जनसङ्ख्याले सामान्य लेखपढ गर्न सक्छन्, ८.३७ प्रतिशत जनसङ्ख्याले एस.एल.सि वा एस.ई.ई पास गरेको छ भने ३.४८ प्रतिशत जनसङ्ख्यामात्र उच्च शिक्षाबाट लाभान्वित भएको पाइन्छ । एस.ई.ई. पास हुने बित्तिकै पुरुषहरू रोजगारीका लागि बाहिर जाने गरेका कारणले पनि यो अवस्था देखिएको हुनसक्छ ।

२०७५ अनुसार सबैभन्दा बढी निरक्षर सङ्ख्या वडा नं.२ र वडा नं. ६ मा रहेको छ । यी वडाहरूमा २३ प्रतिशतभन्दा बढी निरक्षर रहेको तथ्याङ्कले देखाउँछ । प्राय सबै निरक्षरहरू घरायसी काम, मेलापात र अन्य विभिन्न कारणले सिकाइलाई निरन्तरता दिन नसकेर निरक्षर रहनु परेको देखिन्छ । विशेष गरी दलित तथा विपन्न समुदायका प्रौढहरू निरक्षर देखिन्छन् ।लेकम गाउँपालिकाको वार्ड न. ३ र ५ मा सञ्चालित सामुदायिकसिकाइ केन्द्रहरूले पनि सक्रिय रुपमा काम गर्न सकेको अवस्था छैन । संगठित रुपमा सञ्चालनमा आउन नसकेका समुदायमा आधारित संघ संस्थाहरूले समेत साक्षरताका कार्यक्रमहरूको नेतृत्व लिन सकेका छैनन् । जसका कारण अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका कार्यक्रमहरूप्रभावकारी हुन सकेका छैनन् ।

### ३.१०.३ अवसरहरू

१. साक्षरता अवसरहरूको उपलब्धता ।
२. स्थानीय तहमा साक्षरताका लागि संस्थागत संरचना (विद्यालय तथा सामुदायिक सिकाइ केन्द्र) विद्यमान रहेको ।
३. शिक्षा क्षेत्रमा क्रियाशील संघ संस्थाहरूसँगको सहकार्यको अवसर ।
४. स्थानीय तहमा उपलब्ध स्रोत साधनको परिचालन गर्न सकिने वातावरण ।

### ३.१०.४ समस्या र चुनौतीहरू

#### ३.१०.४.१ समस्याहरू

१. अनौपचारिक शिक्षा सम्बन्धी तथ्याङ्कको अद्यावधिक नहुनु ।
२. साक्षरोत्तर शिक्षाका कार्यक्रमहरूलाई निरन्तरता दिन नसक्नु ।
३. साक्षरता कार्यक्रममा सहभागि भएका व्यक्तिहरूले सिकेका ज्ञान र सिपलाई रोजगारसँग जोड्न नसक्नु ।
४. अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा सञ्चालन गर्ने संयन्त्रलाई प्रभावकारीरूपमा परिचालन गर्न नसक्नु ।
५. शैक्षिक सत्र पुरा नगरी बिचैमा विद्यालय छाड्ने प्रवृत्ति बढ्नु ।
६. महिला, पछाडि परेका वर्गलाई लक्षित गरी जीवनोपयोगी सिप, लघु ऋण, अनुदान र रोजगारीको अवसर दिने जस्ता कार्यक्रमलाई एकिकृत रूपमा सञ्चालन गर्न नसक्नु ।

#### ३.१०.४.२ चुनौतीहरू

१. आर्थिक सामाजिकरूपमा पछि परेका, अपाङ्गता भएका, अति सिमान्तकृत समुदायका निरक्षरहरूलाई साक्षर बनाउने ।

२. साक्षरता तथा जीवन पर्यन्त सिकाइका लागि आवश्यक स्रोतको उपलब्धता ।

३. साक्षरता सिपलाई रोजगारीसँग आबद्ध गर्ने ।

४. साक्षरता सिपलाई निरन्तरता दिने ।

५. जीवन पर्यन्त सिकाइलाई प्रवर्द्धन गर्ने ।

६. अनौपचारिक शिक्षाका माध्यमबाट साक्षर भएका नवसाक्षरहरूलाई समकक्षता निर्धारण गरी औपचारिक कक्षाहरूमा निरन्तरता दिने ।

#### ३.१०.५लक्ष्य

लेकम गाउँपालिका भित्रका निरक्षर नागरिकहरूलाई साक्षर बनाइस्वरोजगार र स्वावलम्बी

बनाउने ।

#### ३.१०.६उद्देश्यहरू

१. लेकम गाउँपालिकालाई साक्षर गाउँपालिका बनाउनु ।

२. सामुदायिकसिकाइकेन्द्रहरूलाई स्थायीसंयन्त्रकोरूपमाविकास र परिचालन गर्नु।

३. साक्षरता सिपलाई आय आर्जनसँग आबद्ध गर्नु ।

४. जीवन पर्यन्त सिकाइलाई प्रवर्द्धन गर्नु ।

#### ३.१०.७ रणनीतिहरू

१. गाउँपालिका क्षेत्रभित्रको साक्षरता सम्बन्धी तथ्याङ्क संकलन, विश्लेषणर अद्यावधिक गर्ने । (१)

२. पालिका भित्रका लक्षित वर्गका निरक्षर व्यक्तिहरू पहिचान गर्ने । (१)

३. साक्षरताकार्यक्रम अभियानकारूपमा सञ्चालन गर्ने । (१)

४. सङ्घ, प्रदेश,गैरसरकारीसंघसंस्था तथासमुदायमाआधारितसंघ-संस्थाहरूरसञ्चारमाध्यहरूसँगसहकार्यरसमन्वयगर्ने । (१)

५. साक्षरता कार्यक्रमलाई गाउँपालिकाबाट प्रवाह गरिने सेवा-सुविधाहरूसँग आबद्ध गर्ने । (१)

६. लक्षित वर्गका निरक्षर व्यक्तिहरूलाई साक्षरता कार्यक्रममा सहभागि हुन प्रोत्साहित गर्ने । (१)

७. कक्षा ९ र १० का विद्यार्थीहरूको आन्तरिक मूल्यांकनपद्धतिसँग साक्षरता कार्यक्रमहरूलाई आबद्ध गर्ने । (१)

८. सामुदायिक सिकाइ केन्द्रहरूको स्थापना गर्ने। (२)

९. सामुदायिक सिकाइ केन्द्रहरूको क्षमताविकासरसंस्थागतसुदृढीकरण गर्ने। (२)

१०. सामुदायिक सिकाइ केन्द्रहरूलाई साक्षरता प्रवर्द्धन गर्ने केन्द्रकारूपमा विकास र परिचालन गर्ने । (२)

११. कार्यमूलक साक्षरतामा जोड दिने । (३)

१२. साक्षरता सिपलाई परम्परागतरमौलिकज्ञानरसिपसँग आबद्ध गरी आय आर्जनको अवसर सृजना गर्ने ।(३)

१३. सिपमूलक तालिम, बिउ पूँजीको उपलब्धता, प्राविधिक सहयोगको माध्यमबाट आय-आर्जन कार्यक्रमा नवसाक्षरहरूलाई सहभागी गराउने । (३)

१४. सूचना तथा सञ्चार प्रविधिको उपयोगबाट निरन्तर सिकाइमा जोड दिने ।(४)

१५. साक्षरता सामग्रीहरूको विकास र वितरण गर्ने ।(४)

१६. साक्षरता सिपको समकक्षता निर्धारण गरी औपचारिक शिक्षामा निरन्तरता दिने अवसर उपलब्ध गराउने । (४)

### ३.१०.८ उपलब्धि, नतिजारप्रमुखक्रियाकलाप तथा लक्ष्य

#### १.१०.८.१ उपलब्धि

१. लेकम गाउँपालिकामा निरक्षरता उन्मूलन भएको हुने ।

२. साक्षरहरू आय आर्जनका कार्यक्रमहरूमा सहभागी भएको हुने ।

#### १.१०.८.२ नतिजा

१. गाउँपालिका भित्रको साक्षरता प्रतिशत ९५ पुगेको हुने ।

२. लेकम गाउँपालिका साक्षर गाउँपालिका घोषणा भएको हुने ।

३. सबै वडाहरूमा सामुदायिकसिकाइकेन्द्र स्थापना भएको हुने ।

४. सामुदायिक सिकाइ केन्द्र साक्षरता संयन्त्रकोरूपमापरिचालन भएको हुने ।

५. साक्षरहरू आय आर्जन कार्यक्रममा सहभागी भएको हुने ।

६. जीवन पर्यन्त सिकाइका अवसरहरू उपलब्ध भएको हुने ।

#### १.१०.८.३ मुख्य क्रियाकलापहरू

| क्र.सं. | प्रमुखक्रियाकलाप | एकाइ | पहिलो ५ वर्षको लक्ष्य | | | | | | बाँकी ५ वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | सामुदायिक सिकाइ केन्द्रको सम्भाव्यता अध्ययन | पटक | १ | | | | | १ | १ |
| २ | वडागत सामुदायिक सिकाइकेन्द्र स्थापना | पटक | | २ | २ | | | ४ | |
| ३ | सामुदायिक सिकाइ केन्द्र सहजकर्ता छनौटर नियुक्ति | जना | | २ | २ | | | ४ | ४ |
| ४ | सामुदायिक सिकाइ केन्द्रको अनुगमन, | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | निरीक्षण | | | | | | | | |
| ५ | सामुदायिक सिकाइ केन्द्रमा आयआर्जन तथा सिपमूलक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | सामुदायिक सिकाइ केन्द्रमा अध्ययन सामग्री वितरण | पटक | | १ | १ | १ | १ | ४ | ५ |
| ७ | सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको विकास | केन्द्र | | | | | | | ४ |
| ८ | छोटो अवधिको कम्प्युटरतालिम | संख्या | ८० | १६० | २४० | २४० | २४० | ९६० | १००० |

### ३.११ आर्थिक तथा सामाजिकरूपमा पछाडि परेका वर्गको पहुँच र समावेशी शिक्षा

#### ३.११.१ परिचय

समावेशी शिक्षा सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा साँस्कृतिक, वर्गीय, जातीय एवम् भौगोलिक विविधतालाई सम्मान गर्दै आफ्नै समूदायमा जीवनोपयोगी शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धतिको विकास प्रक्रिया हो । यसले समूदायको स्वामित्वलाई  महत्व दिंदै विद्यालयमा बालबालिकाको आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोग पाएमा सबैले सिक्न सक्दछन् भन्ने मान्यतामा विश्वास गर्दछ । समावेशी शिक्षा पद्धतिले कुनै पनि परिस्थितिजन्य कारणले शैक्षिक अवसरबाट बञ्चित एवम् विद्यालयमा रहेर पनि अनुकूल र पहुँचयुक्त वातावरण तथा सहयोगको अभावमा विद्यालय छाड्ने जोखिममा रहेका बालबालिकाको सिकाइको अवसर निर्माणमा सहयोग गर्दछ ।

शिक्षा पाउनु सबै बालबालिकाको अधिकार हो ।नेपालको संविधानले सामाजिक न्याय स्थापित गर्ने समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । यसका साथै प्रत्येक नागरिकलाई अनिवार्य र नि:शुल्क आधारभूत शिक्षा पाउने हकको व्यवस्था गरेको छ । नेपालले बालअधिकार महासन्धि सन् १९८९ तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि सन् २००६ अनुमोदन गरेको छ । यसै गरी सबैका लागि शिक्षाको अन्तर्राष्ट्रिय अभियानमा आफ्नो प्रतिबद्धता जनाउँदै अपाङ्गता भएका बालबालिकालाई शैक्षिक मूल प्रवाहमा समावेश गरी शिक्षको अधिकार सुनश्चित गर्न अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी भै कार्यान्वयनमा रहेको छ ।

संवैधानिक तथा नीतिगत व्यवस्था तथा बालबालिकाहरूको वैयक्तिक भिन्नतालाई समेत ख्याल गर्दै विद्यालयहरूमा विशिष्ट प्रकारका बालबालिकाहरूको लागि विशिष्ट प्रकारको शैक्षिक, मनोवैज्ञानिक एवम् सामाजिक व्यवस्था मिलाउनु नितान्त आवश्यक हुन्छ । किनभने हरेक बालबालिकाको सोच्ने, बुझ्ने, सिक्ने तथा समायोजन हुने क्षमता भिन्न हुन्छ । विशिष्ट अवस्थामा रहेका बालबालिकाहरूको आवश्यकतातथा रूचि अनुसार सहयोग उपलब्ध गराउने वातावरण सृजना गरी सबैका लागि शिक्षा सुनिश्चत गर्ने अभियानलाई सार्थक बनाउनु सबै स्थानीय सरकारहरूको दायित्वभित्र पर्दछ । त्यसैले बालबालिकाहरूको सिकाइ स्तरलाई माथि उकास्नसमावेशी शिक्षाको सिद्धान्तलाई ब्यवहारिक रुपमा कार्यान्वयन गर्न आवस्यक देखिन्छ । वर्तमान यथार्थ अवस्थालाई ध्यान दिई यस गाउँपालिकाले सबै किसिमका बालबालिकाहरुको शिक्षामा पहुँच र समान सहभागिता सुनिश्चित गर्नका लागि समावेशी शिक्षालाई आफ्नो दश बर्षे योजनामा समावेश गरेको छ ।

#### ३.११.२वर्तमान अवस्था

लेकम गाउँपालिकाले विशिष्ट आवश्यकता भएका बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउनका लागि विभिन्न कामहरू गरिरहेको छ । गाउँपालिकाले विद्यालय भर्ना अभियान, छात्रबृत्ति, अपाङ्गमैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवा खाजाकार्यक्रम लगायतका कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ । तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न

बाँकी छ । यस पालिकामा अपाङ्गता भएका बालबालिकाहरूका लागि स्रोत कक्षा तथा स्रोत विद्यालय सञ्चालन हुन नसक्दा अझै पनि अपाङ्गता भएका बालबालिकाहरू शिक्षाको मूल धारमा समावेश हुन सकिरहेका छैनन् ।

**३.११.३अवसरहरू**

१. समावेशी शिक्षाका लागि संवैधानिक तथा नीतगत व्यवस्था विद्यमान रहनु ।
२. छात्रा र दलित एवम् सिमान्तकृत वर्गका बालबालिकाहरुका लागि छात्रवृतिको व्यवस्था हुनु ।
३. आधारभूत तहको कक्षा १-५ सम्मको दिवा खाजाको कार्यक्रम सञ्चालन हुनु ।
४. शिक्षण पेशामा आरक्षणका लागि कानूनी ब्यवस्था विद्यमान रहनु ।
५. समावेशी शिक्षा सम्बन्धी शिक्षक तालिमको अवसर उपलब्ध हुनु ।
६. समावेशी शिक्षासँग सम्बन्धित शैक्षिक सामग्रीहरूको उपलब्धता हुनु ।
७. स्थानीय सरकारसँग समावेशी शिक्षाका लागि आवश्यक अधिकार निहित रहनु ।

**३.११.४ समस्या र चुनौतीहरू**

**३.११.४.१ समस्याहरू**

१. विशेष आवश्यकता भएका बालबालिकाहरूको तथ्याङ्क अद्यावधिक नहुनु ।
२. विशेष सिकाइ आवश्यकता भएका बालबालिकाहरुको सिकाइमा सहयोग पुऱ्याउनठोस रणनीतिको कमी ।
३. विद्यालयको पूर्वाधारलाई समावेशीमैत्री (छात्रामैत्री, अपाङ्गमैत्रीआदि) बनाउन नसक्नु ।
४. आवश्यक जनशक्तिको अभाव ।
५. उपलब्ध जनशक्तिको दक्षतामा कमी ।

**३.११.४.२ चुनौतीहरू**

१. विविध आवश्यकता भएका बालबालिकाहरूको सिकाइ आवश्यकताको सम्बोधन ।
२. विद्यालय शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्नु ।
३. समावेशी शिक्षाका लागि पर्याप्त स्रोत ब्यवस्थापन गर्नु ।
४. स्रोत विद्यालय तथा स्रोत कक्षा सञ्चालन तथा ब्यवस्थापनगर्नु ।

**३.११.५लक्ष्य**

गुणस्तरीय विद्यालय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्नु ।

**३.११.६उद्देश्यहरू**

१. विशिष्ट आवश्यकता भएका बालबालिकाहरूको गुणस्तरीय विद्यालय शिक्षामा पहुँच र सहभागितामा विस्तार गर्नु ।
२. सिकाइमा लक्षित समूहका बालबालिका लागि उपयुक्त सिकाइ वातावरणको निर्माण गर्नु ।
३. उपलब्ध जनशक्तिको क्षमता विकास गर्नु ।

### ३.११.७ रणनीतिहरू

१. विशेष आवश्यकता तथा अपाङ्गता भएका बालबालिकाहरुको पहिचान गर्ने ।(१)
२. समावेशी शिक्षा कार्यान्वयन सम्बन्धी विद्यमान नीति, निर्देशिका तथा कार्यविधिहरूको पुनरावलोकन, अद्यावधिक र निर्माण गर्ने ।(१)
३. विद्यालय बाहिर रहेका, आर्थिक रुपले विपन्न, अपाङ्ग, असहाय र दलित बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्न अभियानसञ्चालन गर्ने ।(१)
४. स्थानीय राजनितीक दल, बुद्धिजिबी, समाजसेवी, नगरपालिका तथा गैर सरकारी संस्थाहरूसँग सहकार्य गर्ने । (१)
५. आरक्षण, छात्रवृति, सकारात्मक विभेद, प्राथमिकता, तथा प्रोत्साहनका उपायहरु अवलम्बन गर्ने । (१)
६. विशेष शिक्षा प्रदायक शैक्षिक संस्थाहरूको नक्शाङ्कन, स्थापना, समायोजन र पुनर्वितरण गर्ने । (१)
७. समावेशी शिक्षाको मर्मअनुरूप पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास,अनुकुलन प्रयोग गर्ने ।(१)
८. शैक्षिक पूर्वाधारहरूको निर्माणमा समावेशीमैत्री नीतिलाई प्राथमिकता दिने । (२)
९. समावेशी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने । (२)
१०. समावेशी शिक्षा सम्बन्धी शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने । (२)
११. शिक्षक पेसागत तालिम सञ्चालन गर्ने ।(३)
१२. शिक्षक पेसागत सहयोग उपलब्ध गराउन विज्ञसमूह गठन गरी परिचालन गर्ने ।(३)
१३. प्रधानाध्यापक, वि.व्य.स. तथा शि.अ.संघका सदस्यहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।(३)
१४. अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।(३)
१५. अन्तरविद्यालय सकाइ अनुभवहरूको आदान प्रदान गर्ने । (३)

### ३.११.८ अपेक्षित उपलब्धि, नतिजा, प्रमुखक्रियाकलाप र लक्ष्य

#### ३.११.८.१ अपेक्षित उपलब्धि

विद्यालय शिक्षामा सबै किसिमका बालबालिकाहरूका लागि समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुने ।

#### ३.११.८.२ नतिजा

१. विद्यालय शिक्षामा विशिष्ट सिकाइ आवश्यकता भएका सबै बालबालिकाहरूको पहुँच विस्तार भएको हुने ।
२. विद्यालय शिक्षामा विद्यालय बाहिर रहेका, आर्थिक रुपले विपन्न, अपाङ्ग, असहाय र दलित बालबालिकाहरूको सहभागिता बढेको हुने ।
३. विद्यालयमा लक्षित समूहका बालबालिका लागि उपयुक्त सिकाइ वातावरणको निर्माण भएको हुने ।

४. शिक्षक, प्र.अ., वि.व्य.स. र शि.अ.संघका पदाधिकारीहरू समावेशी शिक्षा व्यवस्थापनमा सक्षम भएको हुने ।
५. समावेशी शिक्षाप्रति अभिभावकहरूको चेतनास्तर बढेको हुने ।

### ३.११.८.३ मुख्य क्रियाकलापहरू

| क्र.सं. | प्रमुखक्रियाकलाप | एकाइ | पहिलो ५ वर्षको लक्ष्य | | | | | | बाँकी ५ वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | बालबिकाहरूको सिकाइ आवश्यकता पहिचान | पटक | १ | | | | | १ | १ |
| २ | पहिचान भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्न विशेष अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | विद्यालयहरूमा वैकल्पिक शैक्षिक तथा विद्यार्थी सहायता कार्यक्रम सञ्चालन | ओटा | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ४ | जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन | ओटा | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ |
| ५ | छात्रबृत्ति वितरण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| ६ | अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री पूर्वाधार निर्माण | ओटा | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| ७ | सिकाइ सामग्री वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ८ | शिक्षक तालिम | जना | २० | २० | २० | २० | २० | १०० | १०० |
| ९ | प्र.अ., वि.व्य.स. तथा शि.अ. संघका लागि क्षमता विकास | जना | ६० | ६० | ६० | ६० | ६० | ३०० | ३०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | | | | |

# परिच्छेद-४

## ४.१ विद्यालय सुशासन तथा व्यवस्थापन

### ४.१.१ परिचय

विद्यालयमा प्राप्त स्रोत र साधनको अधिकतम सदुपयोग गरी सबैले चित्तबुझ्दो र समयानुकुल गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर पाउनु आजको आवश्यकता रहेको छ । यसका लागि विद्यालयले कुशल व्यवस्थापन तथा असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सरोकारवालाहरुले पाउनुपर्ने आधारभूत सेवा पारदर्शि तथा छिटो छरितो र कम खर्चिलो ढंगले पाउने अवस्था सृजना गर्नु नै विद्यालय सुशासन हो । बालबालिकाहरुले सहज वातावरणमा पढ्ने, पठनपाठन गर्ने गराउने व्यक्ति तथा निकायहरुले सहज ढंगमा सेवा उपलब्ध गराउने र गराउन पाउने वातावरण सृजना गर्नेसबै क्रियाकलापहरू शासकीय तथा व्यवस्थापकीय ढंगबाट प्रभावकारी भएको अवस्था नै सुशासन हो । सुशासनका प्रमुख खम्बाहरु जनसहभागिता, कानुनको शासन, सहमतिउन्मुखता, समता र समावेशीता, पारदर्शिता, जिम्मेवारी तथा जवाफदेहिता, दक्षता र प्रभावकारिता हुन् ।

वर्तमान अवस्थामा विद्यालय सुशासनका सन्दर्भमा शिक्षा सरोकारवालाहरु आमरुपले सन्तुष्ट हुन सकेको अवस्था छैन । विद्यालय सुशासनको पाटो कमजोर छ । जसले हाम्रो शैक्षिक कार्यक्रमहरू जुन ढंगले अघि बढ्नुपर्ने हो त्यसो हुन सकेको छैन । सबैले जिम्मेवारी वहन गर्ने र त्यसप्रति अपनत्व स्वीकार गर्ने पाटो कमजोर देखिन्छ । कतिपय अवस्थामा नीतिगत सवालहरुले अल्मल भएको देखिन्छ भने कतिपय अवस्थामा जिम्मेवारी र जवाफदेहिताको सवालमा अलमलिएको देखिन्छ । नयाँ काम गरेर नयाँ गति दिने अभ्यास नगरेको पनि होइन, नीति तथा कार्यक्रमहरु पनि राम्रा छन् तर कार्यान्वयनको पाटो कमजोर र फितलो रहेको देखिन्छ । शिक्षासम्बद्ध कर्मचारीहरू जिम्मेवार ढंगले अगाडि बढ्न नसकेको एकातिर देखिन्छ भने अर्कातिर विद्यालयका प्रधानाध्यापक, शिक्षक र अभिभावकहरु पनि जिम्मेवार नभएको अवस्था देखिन्छ ।

विद्यालयमा सुधार योजनाको प्रभावकारी कार्यान्वयनमार्फत बाल बालिकाहरूको सहभगिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रियाहरूमा सबैको सहभागिता र सहमतिमा निर्णय गर्न वा कार्यान्वयन गर्दै विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी विद्यार्थी तथा शिक्षकलाई सिकाइ प्रति जवाफदेही बनाई सुशासनको प्रत्याभूति दिलाउन सकिन्छ । यसमा नेपाल सरकारका ३ वटै तहका सरकार तथा सरकारी तथा गैर सरकारी संस्था, विद्यालय सबैको भूमिका प्रमुख हुन्छ । यसका लागि शैक्षिक योजना तर्जुमा, कार्यान्वयन, संस्थागत क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नुपर्छ । यसरी सुशासन तथा व्यवस्थापनका लागि योजनाका उद्देश्य, अपेक्षित नतिजा, कार्याक्रमहरूको स्वरुप, संवैधानिक प्रावधानका साथै सङ्घीय संरचनामा विभिन्न तहका सरकारको दायित्व,ज्ञान,बोध,प्रविधि, मूल्य मान्यता तथा दृष्टिकोणमा आएका परिवर्तनलाई विचार पुऱ्याउनु पर्छ । नेपालको संविधानमा तीन तहका सरकारहरूको एकल तथा साझा अधिकारका सुची सहितको शिक्षकको शासकीय प्रवन्ध तथा

व्यवस्थापन हुने व्यवस्था छ । यस परिच्छेदमा सुशासन प्रवन्धहरू गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्न आवश्यक पर्ने संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयन, अनुगमन मूल्यानङ्कन तथा प्रतिवेदन प्रणालीको वारेमा चर्चा गरिएको छ ।

**४.१.२ संस्थागत संरचना र क्षमता  विकास**

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय शासन व्यवस्थाको स्वरुपअनुसार विद्यालय शिक्षाको सञ्चालन व्यवस्थापन गर्नका लागि सङ्घीय, प्रादेशिकतथा स्थानीय तहमा शिक्षा ऐन तथा नियमावलीको निर्माण भइ नसकेकाले कार्यान्वयनमा विधि तथा प्रक्रियागत जटिलता देखिएका छन् । सङ्घीयता कार्यान्वयनको ५ वर्ष वितिसक्दा समेत सङ्घीय शिक्षा ऐन र नियमावली जारी हुन नसकेका कारणले प्रदेश र स्थानीय तहमा शिक्षा ऐन तथा नियमावली तर्जुमा गर्न बाधा उत्पन्न भई शैक्षिक गतिविधि व्यवस्थित रुपमा सञ्चालन हुन नसकेको गुनासो सरोकारवालाहरूबाट आइरहेको छ । केन्द्रमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र यस अन्तर्गतका विभागीय निकायहरू तथा जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइ रहेको छ । प्रदेश मातहतमा सामाजिक विकास मन्त्रालय र सो अन्तर्गत शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्रहरू रहेका छन् । स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखाबाट शिक्षा सेवाका २,३ जना कर्मचारीहरूबाट नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत र माध्यमिक शिक्षा सञ्चालनको व्यवस्थापकीय दायित्व निर्वाह भइरहेको छ । धैरै स्थानीय तहहरूमा शिक्षाका कर्मचारीहरू छैनन् । तत्कालीन निजामती सेवा ऐनमा भएको व्यवस्था अनुसार नियुक्त कर्मचारीको समायोजन स्थानीय तहमा गरिएपनि पदसोपान व्यवस्थित हुन सकेको छैन । सङ्घीय स्वरुपअनुसार सेवा प्रवाहका लागि आवश्यक संरचना तथा क्षमता विकास गर्नुपर्ने देखिन्छ ।

लेकम गाउँपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखामा शिक्षा सेवाका एक जना शाखा अधिकृत खटिएका छन् । एक जना प्रा.स. पांचौं तहका कर्मचारी र एक जना विद्यालय शिक्षक सेवाका मा.शि. द्वितीय श्रेणीका शिक्षक पालिकाकोकामकाजमा खटिएका छन् । साविकको जिल्ला शिक्षा कार्यालयबाट सञ्चालन भइरहेका सम्पूर्ण कार्यहरूको व्यवस्थापन गर्न ३ जना कर्मचारी अपर्याप्त छन् । गाउँपालिका क्षेत्रका ४७ वटा सामुदायिक विद्यालयहरूमा १६६ स्वीकृत दरबन्दी र राहतका शिक्षकहरू छन् । कक्षा ८ सञ्चालित आधारभूत तहका अधिकांश विद्यालयहरूमा दरबन्दी नभएकाले चरम शिक्षक अभाव झेलिरहेका छन् । माध्यमिक विद्यालयहरूमा समेत कम दरबन्दी रकम राहत शिक्षकका कारण विद्यालयहरूमा नियमितरूपमा पठनपाठन सञ्चालन गर्न कठिनाइ हुने गरेको छ । शैक्षिक गुणस्तर सुधारका कैयौं दस्तावेजहरू कार्यान्वयन भए तर ती दस्तावेजहरूमा उल्लेखित शिक्षक दरबन्दी थप गर्ने कुरा कार्यान्वयन हुन सकेको अवस्था छैन । प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरू अन्तर्राष्ट्रिय श्रम संगठनले तोकेको न्यूनतम ज्याला समेतको सुविधा विना न्यून पारिश्रमिकमा खटिएका छन् । आ.व. ०७८/०७९को वजेट वक्तव्यमा बालविकास सहजकर्ताहरूको पारिश्रमिक न्यूनतम रु. १५००० हजार पुर्‍याउने र त्यस मध्ये रु. ७००० स्थानीय तहले

व्यहोर्ने व्यवस्था गरिएको भएतापनि आ.व. ०७९/८० को बजेट तथा कार्यक्रममा त्यस सम्वन्धी कुनै कुराको उठान गरिएको पाइदैन । प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरूका लागि प्राथमिक तह तृतीय श्रेणी सरहको दरबन्दी सृजना गरी सुविधा दिने कुरा पनि कार्यान्वयन हुन सकेको छैन । अपर्याप्त सुविधाकाकारण बालविकास सहजकर्ता र कर्मचारीहरूमा धेरै जसो अदक्ष र न्यून शैक्षिकयोग्यता भएका व्यक्तिहरू नियुक्त भइ कार्यरत रहेका छन् । जुनदिर्घकालीन सोचको अभावका कारण सिर्जित चुनौतीपूर्ण समस्या हो ।

विद्यालयको प्राज्ञिक र प्रशासनिक प्रमुखको रुपमा १ जना प्रधानाध्यापक रहने भनी प्रधानाध्यापकको परिभाषा गरिएको छ । विद्यालयको शैक्षिक बागडोर सम्हाल्ने प्रधानाधयापकको पद छुट्टै हुन नसक्दा पठन पाठनबाट बाँकी बचेको समय विद्यालय व्यवस्थापनमा लगाउनु पर्ने बाध्यता रहेको छ । विद्यालय सञ्चालन,व्यवस्थापन र रेखदेख गर्न गठित विद्यालय व्यवस्थापन समिति र विद्यालयमा शैक्षिक गुणस्तर कायम भए नभएको सुनिश्चित गर्न शिक्षक अभिभावक संघगठन हुने गरेको भएपनि उक्त समितहरूका पदाधिकारीहरू आफ्नो भूमिका तथा काम, कर्तवय र अधिकारप्रति नै अनभिज्ञ रहेको देखिन्छ । शिक्षक नियुक्ति र भौतिक पूर्वाधार निर्माणमा वढि सक्रिय हुने तर शैक्षिक वातावरणमा सुधार ल्याउने कार्यमा निष्कृय प्राय देखिन्छन् । यी समितिका बैठकहरूमा शिक्षण सिकाइ सुधारका मुद्दाहरू तथा ऐजेण्डामा बिरलै छलफल हुने गरेको देखिन्छ । विद्यालय व्यवस्थापनका लागि यस्ता समितिका पदाधिकारीहरूको व्यवस्थापकीय क्षमता विकासका कार्यहरू समेत हुन सकेका छैनन् । शिक्षक/कर्मचारी बैठकलाई मासिक बनाउन सकिएको छैन र बैठक वसेपनि शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउने विषयमा कमै छलफल हुने गर्दछ । शिक्षण सिकाइ सुधारका लागी योजना बनाउने र शैक्षिक सामग्री निर्माण, संकलन र उपयोग गर्ने शिक्षकहरू बिरलै पाइन्छन् । मूल्याङ्कन प्रक्रियालाई सिकाइको अभिन्न अङ्गको रुपमा उपयोग गर्ने कार्य भइरहेको छैन । यी र यस्तै विद्यमान समस्याहरूका कारण विद्यालयको शासकीय प्रवन्ध नतिजामूखि हुन सकेको छैन ।

सङ्घीय र प्रदेश शिक्षा ऐनको पर्खाइले लामो समय वितेपनि यस गाउँपालिकामा हालसम्म लेकम गाउँपालिकाको शिक्षा ऐन, २०७६, आधारभूत शिक्षा कक्षा ८ को परीक्षा सञ्चालन, व्यवस्थापन र नियमन कार्यविधि,  २०७४, प्रारम्भिक बालविकास नीति, २०७५ र स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ जारी भइ कार्यान्वयनमा रहेको छ । विद्यालय शिक्षाको सुदृढीकरणको लागि शिक्षा नियमावली लगायत अन्य निर्देशिका तथा कार्यविधिहरू आवश्यक छन् । सङ्घीय शिक्षा ऐनको अभावमा स्थानीय तहबाट तर्जुमा गरिएका शिक्षा ऐन र यिमावली कार्यान्वयनका सन्दर्भमा अलग अलग धारणा र विश्लेषण भइरहेको छन् । शिक्षकको स्थायी नियुक्ति, बढुवा, अवकास र अन्तर्जिल्ला र स्थानीय तहमा सरुवा सम्बन्धी कार्य वाहेक अन्य विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन कार्य स्थानीय तहले मिलाउनु पर्ने नेपालको संविधानको अनुसुची ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूचीबाट प्रष्ट हुन सकिन्छ । सङ्घीय सरकारको नीती निर्माण तहका पदाधिकारीहरूमा विद्यमान पुरानो केन्द्रिय मानसिकताका कारण स्थानीय तहको आधारभूत र

माध्यमिक शिक्षाको व्यवस्थापन गर्ने एकल अधिकारको विषयमा समन्वय र सहाकर्यको नाममा कुण्ठित गर्ने कार्य भइरहेको कुरा बुझ्न अप्ठ्यारो छैन । सङ्घीयता कार्यान्वयनको चरणमा अस्तित्वमा रहेका जिल्ला स्थित कार्यालयहरू अझै पनि विभिन्न संशोधित नाममा अस्तित्वमा छन् । समग्रमा राज्यका ३ ओटै तहका सरकारले एउटै लय र गतिमा आ-आफ्ना भिन्न भिन्न विशेषता र क्षमतालाई सम्वोधन गर्ने किसिमको संस्थागत संरचना, क्षमता विकास र सो अनुसार प्रभावकरी कार्यान्वयन गर्ने थप प्रयास गर्नु पर्ने देखिन्छ ।

शैक्षिक संस्थाहरूमा सुशासन कायम गर्न सामाजिक परीक्षण, विद्यार्थीहरूको सिकाइ उपलब्धिबारे अभिभावकहरूलाई जानकारी गराउन विद्यालय प्रतिवेदन (School Report Card) को व्यवस्थापन, आर्थिक पारदर्शिता, विद्यार्थी सिकाइ उपलब्धिप्रतिको जिम्मेवारी र जवाफदेहिताको खाका,समावेशी व्यवस्थापकीय तथा शैक्षिक संरचना, सहभागितामूलक विद्यालय सुधार योजना निर्माण, नियमित शिक्षक बैठक तथा अन्तरक्रिया, सार्वजनिक सुनुवाई, नागरिक अनुगमन तथा मूल्याङ्कन, विद्यालय आचारसंहिता, विद्यालय स्वमूल्याङ्कन, विद्यालयमा सामुदायिक अङ्क तालिकाको प्रयोग जस्ता क्रियाकलापहरू कार्यान्वयनमा ल्याउनु आवश्यक हुन्छ ।

सामाजिक परीक्षणले संस्थागत जवाफदेहिता प्रवर्द्धन गर्न सहयोग पुऱ्याउँदछ । यसले विद्यालयले गरेका काम कारवाही,विद्यालयको प्रभावकारिता तथा जवाफदेहितालाईसहभागितामूलक विधिमार्फत मापन गर्दछ । शिक्षाको गुणस्तर, भौतिकसुविधाको सान्दर्भिकता तथा उपलब्धता, शिक्षक र विद्यार्थीको सम्बन्ध, शिक्षक अभिभावक सम्बन्धतथा विद्यालय व्यवस्थापन समिति शिक्षकहरूकोप्रभावकारिताको लेखाजोखा गर्नु सामाजिक परीक्षणका प्रमुख उद्देश्यहरू हुन् । सामाजिक परीक्षणका क्रममा विद्यालयले सम्पन्न गरेकाकार्यक्रम, विद्यालय व्यवस्थापन समितिले गरेका महत्वपूर्णनिर्णयहरू, शैक्षिक प्रगति, सिकाइ उपलब्धीमा गरिएकापहलहरू, भौतिक अवस्था, खानेपानी तथा शौचालयकोव्यवस्था, बालसहभागिताका लागि भएका प्रयासहरूलगायत विभिन्न अन्य सम्बन्धित विषयवस्तुमा आधारित रहेरसमीक्षा गरिन्छ । यस्ता सहभागितामूलक समीक्षाहरूबाटसामुदायिक विद्यालयको समग्र शैक्षिक, व्यवस्थापकीय,आर्थिक, भौतिक तथा वातावरणीय सुधारमा सहयोग पुर्याईबालबालिकाको सिकाइको स्तरमा सुधारल्याउन मद्दत गर्नुका साथै यसबाट यसले जवाफदेहिताप्रवर्द्धनमा सघाउ पुर्याउँदछ ।

विद्यालय सुशासनको अर्को महत्वपूर्ण पक्ष विद्यालयमाहुने सम्पूर्ण गतिविधिको पारदर्शिता हो । पारदर्शितालेजनता तथा अभिभावकको विश्वास हासिल गर्दछ । विद्यालयको बजेट, आम्दानी तथा खर्चकोपारदर्शिता, छात्रवृत्ति सम्बन्धी व्यवस्था, शिक्षक नियुक्तिसम्बन्धी पारदर्शिता, विद्यालयका गतिविधि बारेकोपारदर्शिता आदि पक्षहरू बालबालिका रअभिभावकलेबुझ्नुपर्ने, जानकारी राख्न पाउने आधारभूत विषयहरू हुन् ।विद्यालयले आफ्नो गतिविधि रअवस्थाकोसार्वजनिकीकरण गर्ने व्यवस्थाले विद्यालयको सुशासनमामहत्वपूर्ण अर्थ राख्दछ ।

विद्यालयमा विद्यार्थी सिकाइ उपलब्धिप्रति शिक्षक, प्रधानाध्यापक, वि.व्य.स. र शि.अ.सं.लाई जवाफदेही बनाउन विद्यालयस्तरमा जवाफदेहिताको खाका बनाई कार्यान्वयन गर्न जरूरी छ । विद्यालय सुशासनका लागि कर्तव्य र अधिकार विभिन्न निकाय, व्यक्ति र पदाधिकारीमा समेटिएको अवस्थामा जवाफदेहिता पनि छरिएर रहेको हुन्छ । यसैले आन्तरिक र बाह्य सरोकारवालाहरूलाई कामको जिम्मा दिई परिचालन गर्ने र व्यक्तिगत र सामूहिक जवाफदेहिताको संयन्त्र तयार गर्नुपर्दछ । विद्यालय क्षेत्र सुधार कार्यक्रमले विद्यालय तहमा हुनुपर्ने जवाफदेहिताको संयन्त्र वि.सं. २०६६ सालमा तयार गरेको थियो जुन आजका दिनमा पनि उत्तिकै उपयोगी हुने देखिन्छ ।

### ४.१.३वर्तमान अवस्था

हालको सङ्घीय संरचना अनुसार शिक्षा क्षेत्रको विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तह तथा स्वायत्त निकायमा विभिन्न सरकारी संस्थाहरू रहेका छन् । सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । यसका मातहतमा केन्द्रिय तहमा पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् भने शिक्षक सेवा आयोग र राष्ट्रिय परीक्षा बोर्ड स्वायत्त निकायका रुपमा रहेका छन् । आज सम्म सङ्घीय शिक्षा ऐन जारी हुन नसकेकाले विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन अन्यौलमा छ । सङ्घीय, प्रादेसिक र स्थानीय तहमा ऐन तथा नियमावली नबनेका कारण प्रदेश र स्थानीय कानूनहरू बन्न सकेका छैनन् । यसले शिक्षा क्षेत्रलाई अन्यौलग्रस्त बनाएको छ । प्रदेश स्तरमा प्रदेश शिक्षक तालिम केन्द्र क्रियाशील भएतापनि स्थानीय तहमा कुनै पनि शिक्षा तालिम प्रदान गर्ने संस्थाको व्यवस्था नहुनु तथा भएको स्रोतकेन्द्र प्रणाली पनि खारेज हुनाले शैक्षिक गतिविधि सञ्चालनमा एकरुपता ल्याउने, पुनर्ताजगी तालिमसञ्चालन गर्ने र शैक्षिक तालिमका अन्य कार्यक्रमहरू सञ्चालनमा आउन सकेका छैनन् । प्रदेशमा रहेको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय एकाइ सञ्चालनमा रहेका छन् । सङ्घमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ भने स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षाको काम गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा र गाउँ शिक्षा समितिको सहजीकरणमा हुने गरेको छ । गाउँपालिका भित्र सञ्चालित सामुदायिक तथा निजी विद्यालयमा सञ्चालन भइरहेका प्राविधिक धार तथा साधारण धारका साथै प्राविधिक तथा व्यावसायिक तालिम परिषद्बाट सम्वन्धन प्राप्त कार्यक्रमहरूलाई व्यवस्थित गर्न नीतिगत कठिनाइका बावजुद पनि सहजीकरण र समन्वयात्मक कार्य स्थानीय तह बाट हुँदै आएका छन् ।

देश सङ्घीयतामा गएतापनि सरकारका विभिन्न तहहरूबीच समन्वय हुन नसक्नु, कानून निर्माणमा भएको ढिलाई जस्ता कारणले स्थानीयस्तरमा संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्न विभिन्न विशेषता र क्षमतालाई सम्बोधन हुन आवश्यक देखिन्छ ।

### ४.१.४ समस्या तथा चुनौतीहरू

#### ४.१.४.१ समस्याहरू

१. स्थानीय तहमा आवश्यक जनशक्तिको कमी हुनु ।
२. विद्यालयस्तरमा विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दीको अपर्याप्त हुनु ।
३. सङ्घ, प्रदेश र स्थानीय तहबिच क्षेत्राधिकार र कानूनी प्रावधानहरूमा द्विविधा हुनु ।
४. विद्यालय अनुगमन तथा सहयोग प्रणाली प्रभावकारी नहुनु ।
५. विद्यालयका शैक्षिक तथा आर्थिक गतिविधिहरूलाई पारदर्शि बनाउन निसकिनु ।
६. विद्यार्थी सिकाइ उपलब्धिप्रति सरोकारवालहरूबिच जिम्मेवारी र जवाफदेहिताको कमी ।

#### ४.१.४.२ चुनौतीहरू

१. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघहरूको प्रभावकारी परिचालन गर्नु ।
२. विद्यालय व्यवस्थापनमा बाह्य हस्तक्षेप विद्यमान रहनु ।
३. शिक्षकहरूको राजनैतिक आबद्धताको न्यूनीकरण गर्ने ।
४. सङ्घ र प्रदेश सरकारसँगको समन्वय तथा सहकार्यमा सहजता ल्याउनु ।
५. विद्यालय व्यवस्थापनमा अभिभावकहरूको सहभागिता बृद्धि गर्नु ।
६. प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि सङ्घ र प्रदेशको समन्वयमा आवश्यक ऐन, नियमहरूको तर्जुमा र कार्यान्वयन गर्नु ।

**४.१.५ लक्ष्य**

स्थानीय तह र विद्यालय शिक्षामा शैक्षिक सुशासनसुनिश्चत गर्ने ।

**४.१.६उद्देश्यहरू**

१. गाउँपालिका र विद्यालय शिक्षाको शासकीय प्रबन्धलाईसुदृढ बनाउनु ।
२. सङ्घ र प्रदेशबाट प्राप्त हुने मार्गदर्शनका आधारमा नियम, कानून र विधि तथा कार्यविधिहरूको निर्माण र कार्यान्वयन गर्नु ।

**४.१.७रणनीतिहरू**

१. विद्यालय शिक्षामा पारदर्शिता, जवाफदेहिता,उत्तरदायित्व, समावेशिता, प्रभावकारिता प्रवर्द्धन गर्ने । (१)
२. शिक्षक कार्यसम्पादन मूल्याङ्कन प्रणालीसँग विद्यार्थी सिकाइ उपलब्धिलाई आबद्ध गर्ने । (१)
३. विद्यार्थीहरूको नियमित विद्यालयमा उपस्थिति, आवश्यक सकाइ सामग्री व्यवस्थापन तथा घरमा उपयुक्त सिकाइ वातावरण निर्माणका लागि अभिभावकलाई जिम्मेवार बनाउने । (१)
४. सुदृढ विद्यालय व्यवस्थापन तथा शिक्षक नियमितताका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई जिम्मेवार बनाउने । (१)
५. शैक्षिक संस्थामा हुने हरेक गतिविधिको जानकारी  सरोकारवालाहरूलाई नियमित रुपमा विभिन्न माध्यमबाट उपलव्ध गराउने । (१)
६. विभिन्न पदका लागि कार्य विवरण निर्माण गरी कार्यान्वयन गर्ने । (१)
७. हरेक विद्यालयका प्रधानाध्यापकसंग कार्यसम्पादन करार गरी थप जिम्मेवार बनाउने । (१)
८. विभिन्न शैक्षिक गतिविधिहरूमा विभिन्न वर्ग समुदायका सरोकारवालाहरूको सहभागितालाई प्रोत्साहन गर्ने । (१)
९. शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापनका लागि आचारसंहिता निर्माण र कार्यान्वयन गर्ने । (१)

१०. सङ्घ तथा प्रदेशसंगको समन्वयमा स्थानीय परिवेश अनुकुल हुनेगरी शिक्षा नीति, ऐन, नियमावली, कार्यविधि, मार्गदर्शन तथा मापदण्डहरूको निर्माण र कार्यान्वयनमा जोड दिने । (२)

### ४.१.८ उपलव्धि, नतीजा, प्रमुख क्रियाकलापतथा लक्ष्य

#### ४.१.८.१ उपलव्धि

गाउँपालिकाभित्र सञ्चालित हरेक शैक्षिक संस्थाहरूमा शैक्षिक सुशासनको प्रवर्द्धन भएको हुने ।

#### ४.१.८.२ नतिजा

१. स्थानीय तहको प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि आवश्यक दक्ष जनशक्ति उपलब्ध भएको हुने ।
२. गाउँपालिकाभित्रका सवै वडाहरूमा शिक्षा विकासका लागि योजना तर्जुमा भई कार्यान्वयन भएको हुने ।
३. विद्यालय शिक्षा सम्बद्ध व्यक्ति, निकाय र जनशक्तिको क्षमता विकास भएको हुने ।
४. विद्यालय शिक्षा सम्वन्धि नीति, ऐन, नियमावली, निर्देशिका, मापदण्ड र कार्यविधिहरूको तर्जुमा भई कार्यान्वयन भएको हुने ।
५. गाउँपालिकाभित्र शिक्षा सेवा प्रवाह गर्ने व्यक्ति तथा संस्थाहरूको आ-आफ्नो दायित्व तथा जिम्मेवारीवारे सुसूचित भएको हुने ।
६. गाउँपालिका क्षेत्रभित्र समग्र शैक्षिक उपलब्धिमा सुधार भएको हुने ।

#### ४.१.८.३ प्रमूख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य पहिलो ५ वर्ष | | | | | | भौतिक लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | सबै विद्यालयहरूमा गुनासो सुन्ने अधिकारी र गुनासो पैटिकाको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | विद्यालयहरूमा सूचना अधिकारीको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | सामाजिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | प्रधानाध्यापकसँग कार्यसम्पादन करार सम्झौता | पटक | १ | | | | | १ | १ |
| ६ | प्र.अ. तथा विद्यालय व्यवस्थापनमा संलग्न जनशक्तिलाई व्यवस्थापकीय तालिम | पटक | १ | | १ | | १ | ३ | ३ |
| ७ | शिक्षक पेसागत सहयोग प्रणाली | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विकास तथा परिचालन | | | | | | | | |
| ८ | आवश्यकता, क्षमता र व्यापक सहभागितामा विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ |

### ४.२.स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

#### ४.२.१. परिचय

योजना निर्माण कुनैपनि क्षेत्रमा विद्यमान अवस्थामा देखिएका समस्या, चुनौती तथा अवसरहरूको आँकलन गरी सुधारका लागि अनुमानित कार्य योजनाको खाका तयार गर्ने प्रक्रिया हो । कुनै कार्यसम्पादन गर्नु अगाडिको महत्वपूर्ण मार्गचित्र योजनाले समेटेको हुन्छ । योजनामा के गर्ने ? कसरी गर्ने ? कहिले गर्ने ? कहाँ गर्ने ? कस्ले गर्ने ? बजेटको व्यवस्थापन कहाँबाट कसरी गर्ने ? इत्यादी विषयवस्तुको समग्र चित्र प्रस्तावित योजनामा समावेश भएको हुन्छ । पूर्व योजनाले भविष्यमा गरिने कामहरूलाई सहजीकरण गर्दछ । कार्य आरम्भ गर्नु अगाडि नै विभिन्न जनअपेक्षाहरू, स्रोत साधनको उपलब्धता, मौजुदा ऐन नियमले गरेको कानूनी व्यवस्था आदिका आधारमा योजना निर्माण गरिन्छ । योजना निर्माण एउटा आधारभुत कुरा भएपनि त्यसको कार्यान्वयन पक्ष महत्वपुर्ण हुन्छ । योजना कार्यान्वयनबाट योजनाले लक्षित गरेका उद्देश्य तथा लक्षहरू प्राप्त गर्न सकेमात्र योजनाको अर्थ रहन्छ । कार्यान्वयन पक्ष बलियो र शसक्त भएमा प्रतिफल सोचे अनुसार हासिल हुनसक्छ । योजनाको सबभन्दा जटिल र चुनौतीपूर्ण अवस्था यसको कार्यान्वयन नै हो । कार्यान्वयन सहज र शसक्त भएमा मात्र अपेक्षित प्रतिफल प्राप्त गर्न सकिन्छ । त्यसैले, योजना कार्यान्वयनका लागि उपयुक्त प्रवन्ध गर्नुपर्ने हुन्छ । सम्वन्धित संगठनहरूको परिचालन, जनशक्तिको व्यवस्थापन, नीति नियम, जिम्मेवारी तथा उत्तरदायित्वको संयन्त्र आदिको व्यवस्थापन गरेमा योजनाको कार्यान्वयन प्रभावकारी हुन सक्छ । योजना कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तह सवैको भूमिका रहन्छ । योजना स्थानीय तहमा कार्यान्वयन हुने भएकाले महत्वपूर्ण जिम्मेवारी स्थानीय तहको नै हुन्छ । माथि उल्लेखित योजनामा लेकम गाउँपालिकाले शिक्षा क्षेत्रमा के कुरा प्राप्त गर्नका लागि के क्रियाकलाप कसरी कार्यान्वयन गर्ने भन्ने विषयमा प्रष्ट पार्न खोजेको छ ।

#### ४.२.२ वर्तमान अवस्था

वर्तमान अवस्था अनुसार शैक्षिक योजनाहरू सङ्घ, प्रदेश र स्थानीय तहबाट लागु हुने भएकाले यसको कार्यान्वयन गर्ने जिम्मेवारी पनि तीनओटै तहमा व्यवस्थापन गरिएको छ । स्थानीयस्तरमा सञ्चालित शैक्षिक योजनाहरूको कार्य स्थानीय शिक्षा,युवा तथा खेलकुद शाखाबाट हुँदै आएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सरकारलाई २३ ओटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकेको छ । केन्द्र देखि स्थानीय तहसम्मका सवै योजनाहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ । स्थानीय जनप्रतिनिधिहरूको माग र उनीहरूको संलग्नतामा योजनाहरू

